# निरन्तर नेपाली व्याकरण र रचना

कक्षा ६

लेखक तथा सम्पादक
डा. भूपहरि पौडेल

निरन्तर प्रकाशन
पुतलीसडक, काठमाडौँ-२९, नेपाल ।
फोनः ०१-४५४६३८४

नाम :..............................................................................................

कक्षा :......................................... रोल नं. ..............................

सेक्सन :........................................ विषय :..............................

विद्यालयको नाम :.....................................................................


| | | |
|---|---|---|
| पुस्तक | : | निरन्तर नेपाली व्याकरण र रचना, कक्षा–६ |
| लेखक तथा सम्पादक | : | डा. भूपहरि पौडेल |
| प्रथम संस्करण | : | २०७६, वैशाख |
| द्वीतिय संस्करण | : | २०७७, वैशाख |
| तृतिय संस्करण | : | २०७८, वैशाख (पूर्ण परिमार्जित) |
| | | पुनः मुद्रण २०८०, वैशाख |
| सर्वाधिकार | : | © प्रकाशकमा |
| प्रकाशक | : | निरन्तर प्रकाशन |
| | | काठमाडौं, नेपाल |
| | | फोन नं. ०१–४५४६३८४ |
| मूल्य | : | रू. ३८०।– |

छपाइ नेपालमा ।

# भूमिका

भाषाको प्रयोग मानव समाजमा दैनिक व्यवहारिक प्रयोजनका निमित्त गरिन्छ । सुनाइ, बोलाइ, पढाइ र लेखाइ सिपको विकास गर्नु भाषा सिकाइको प्रमुख सक्षमता हो । भाषाका यिनै चार सिप विकास गर्न विभिन्न व्याकरण निर्माण गरिएका छन् । यसरी निर्माण गरिएका व्याकरणहरू व्यवहारिकभन्दा पनि सैद्धान्तिक पद्धतिका रहेका पाइन्छन् । सैद्धान्तिक प्रकृतिका व्याकरणका पठनपाठनबाट विद्यार्थीहरूले भाषाका नियम जानेका हुन्छन् तर भाषा प्रयोगमा कठिनाइ महसुस पनि गरेका छन् । भाषा सिकाइमा रहेका विभिन्न कठिनाइहरूलाई सुधार गर्ने उद्देश्यले प्रस्तुत व्याकरण शृङ्खला लेखिएको हो । यस पुस्तकबाट व्याकरण शिक्षण गराउँदा विद्यार्थीहरूलाई घोक्न नलगाई उनीहरूकै परिवेश एवम् चित्रका माध्यमबाट सिकाउने प्रयास गरिएको छ । भाषा व्याकरण भनेको सिद्धान्तको व्याख्या र इतिहासको वर्णनमा भन्दा व्यवहारिक प्रयोग र अभ्यासमा केन्द्रित हुने पक्ष हुन् । यिनीहरूको व्यवहारिक प्रयोगका लागि भाषिक सीपहरूको प्रयोग हुनु जरुरी छ । अतः भाषा व्याकरणका यस्ता पाठ्य तथा अभ्यासपरक सामग्रीले अभ्यासात्मक पक्ष र गतिविधिमा जोड दिनु स्वभाविक भएकाले यस्तै अभ्यासपरक सामग्री तथा आगमनात्मक विधिले पाठ्यपुस्तकमा प्राथमिकता पाएका छन् ।

प्रस्तुत पुस्तक निरन्तर नेपाली व्याकरण र रचना कक्षा–६ शिक्षक मित्रहरूको अभिप्रेरणाबाट विद्यार्थीहरूका लागि लेखिएको हो । पुस्तक प्रकाशक वितरक निरन्तर प्रकाशनका सारथीद्वय रामहरि खड्का र पूर्ण बस्नेतमा हामी हार्दिक कृतज्ञता व्यक्त गर्न चाहन्छु ।

अन्तमा यस पुस्तकलाई आधिकारिक तथा त्रुटिरहित बनाउन सक्दो प्रयास गरिएको छ तर पनि कतै त्रुटि रहन गएको हुन सक्छ त्यसका लागि विज्ञहरूबाट सकारात्मक सुझावको अपेक्षा गर्दछु ।

२०८०, बैशाख

– लेखक तथा सम्पादक


# विषयसूची


| खण्ड 'क' | व्याकरण | १–१४९ |
|---|---|---|
| एकाइ १ | भाषा र व्याकरण | १ |
| एकाइ २ | वर्ण र अक्षर | ३ |
| एकाइ ३ | नाम | ६ |
| एकाइ ४ | सर्वनाम | ११ |
| एकाइ ५ | विशेषण | १६ |
| एकाइ ६ | क्रियापद, क्रियामूल र धातु | २० |
| एकाइ ७ | अव्यय | २५ |
| एकाइ ८ | लिङ्ग | ३० |
| एकाइ ९ | वचन | ३५ |
| एकाइ १० | पुरुष | ४२ |
| एकाइ ११ | आदरार्थी | ४५ |
| एकाइ १२ | काल र पक्ष | ४८ |
| एकाइ १३ | करण अकरण | ५६ |
| एकाइ १४ | क्रियाको अर्थ र भाव | ६१ |
| एकाइ १५ | कारक र विभक्ति | ६५ |
| एकाइ १६ | वाच्य र वाच्यका प्रकार | ७३ |
| एकाइ १७ | वाक्य र वाक्यका प्रकार | ७९ |
| एकाइ १८ | पदसङ्गति | ८२ |
| एकाइ १९ | शब्दनिर्माण प्रक्रिया | ८७ |
| एकाइ २० | शब्दभण्डार | १०१ |
| एकाइ २१ | अनुकरणात्मक शब्द | ११३ |
| एकाइ २२ | वर्णविन्यास | ११६ |
| एकाइ २३ | उखान टुक्का | १३१ |
| एकाइ २४ | पारिभाषिक/प्राविधिक शब्द | १३८ |

| खण्ड 'ख' | रचना | १४३–१८० |
|---|---|---|
| एकाइ १ | बोध | १४३ |
| एकाइ २ | सारांश लेखन | १४८ |
| एकाइ ३ | कथा लेखन | १५२ |
| एकाइ ४ | जीवनी लेखन | १५६ |
| एकाइ ५ | संवाद लेखन | १६२ |
| एकाइ ६ | वादविवाद लेखन | १६६ |
| एकाइ ७ | चिठी लेखन | १७० |
| एकाइ ८ | निबन्ध लेखन | १७७ |

एकाइ
१

# भाषा र व्याकरण




## भाषाको परिचय

मानिस सामाजिक प्राणी हो । ऊ समाजमा बस्छ । ऊ समाजका विभिन्न कार्यमा संलग्न रहन्छ । त्यसकारण मानिसलाई भाषा आवश्यकता हुन्छ । भाषा मानवीय सामाजिक वस्तु हो । मानवीय जीवन सञ्चालन गर्नका लागि विविध तरिकाबाट भाषाको आदान–प्रदान गरिन्छ । मानिसले भाषाको प्रयोग भाषिक समुदायबिच समाजमा गर्दछ । भाषा विचार, अनुभूति र अनुभवलाई आदान–प्रदान गर्ने साधन हो । भाषिक व्यवहारका लागि मुख, जिब्रो, दाँत, नाक, हात र शरीरका अन्य विभिन्न अवयवको प्रयोग गरिन्छन् । तसर्थ शरीरका उक्त अङ्गलाई भाषिक अवयव पनि भनिन्छ । भाषा केवल मानवीय अभिव्यक्तिको माध्यम भएकोले यसलाई मानिसका लागि अपरिहार्य वस्तुका रूपमा मानिँदै आएको हो ।

भाषालाई प्रयोगका आधारमा मौखिक र लिखित गरी दुई भागमा विभाजन गर्न सकिन्छ । बोलचालको रूपमा प्रयोग हुने भाषालाई मौखिक भाषा भनिन्छ । पढाइ र लेखाइमा प्रयोग गरिने भाषालाई लिखित भाषा भनिन्छ । मौखिक भाषा ध्वनि अथवा बोलीको माध्यमबाट व्यक्त हुन्छ भने लिखित भाषा लिपिको माध्यमबाट प्रकट हुन्छ ।


मौखिक भाषापछि लिखित भाषाको विकास भएको हो । हामी भाषा सुनेर बोलेर पढेर अनि लेखेर सिक्दछौँ । सुनाइ र बोलाइ मौखिक भाषासँग सम्बन्धित हुन्छन् भने पढाइ र लेखाइ लिखित भाषासँग सम्बन्धित हुन्छन् । अतः भाषा सिकाइको माध्यम सुनाइ, बोलाइ, पढाइ र लेखाइ हुन् ।

## व्याकरण

व्याकरण भाषाको व्यवस्था अथवा नियम हो । भाषालाई व्यवस्थित तरिकाबाट प्रस्तुत गर्ने

माध्यम व्याकरण हो ।

कुनै पनि भाषामा व्यक्त विचारलाई शुद्ध रूपमा सिलसिला मिलाएर राख्ने कार्यमा व्याकरणको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । कुनै पनि भाषा सिक्न र जान्नको लागि त्यस भाषाको व्याकरणको ज्ञान र जानकारी हुनु आवश्यक छ । व्याकरणको ज्ञान र जानकरी विना कुनै पनि भाषालाई शुद्धसँग पढ्न र लेख्न सकिँदैन । व्याकरणले भाषालाई व्यवस्थित ढङ्गले विश्लेषण गर्दछ । भाषिक अशुद्धिलाई पनि हटाउँदै जाने कार्यमा व्याकरणको महत्त्वपूर्ण भूमिका रहन्छ । व्याकरणअन्तर्गत ध्वनि, वर्ण, पद, वाक्यांश, वाक्यहरूको विस्तृत रूपमा अध्ययन गरिन्छ । भाषालाई शुद्धसँग व्यवस्थित ढङ्गले विभिन्न भाषिक चिह्नहरूको प्रयोग गरी राख्ने माध्यम पनि व्याकरण हो ।



## अभ्यास

१. भाषा भनेको के हो ?

२. भाषिक सञ्चारका लागि प्रयोग गरिने अवयवहरू के के हुन् ?

३. भाषा कति प्रकारका छन् ?

४. मौखिक भाषा भनेको के हो ?

५. लिखित भाषा भनेको के हो ?

६. व्याकरण भनेको के हो ?

७. व्याकरणअन्तर्गत के कुराको अध्ययन गरिन्छ ?

८. तलको गाउँको एक अनुच्छेदमा वर्णन गर्नुहोस्, अनि त्यस अनुच्छेदमा व्याकरणका कुन–कुन पक्ष पर्दछन् ? छुट्याउनुहोस् :



एकाइ २

# वर्ण र अक्षर

## वर्णको परिचय

उच्चारणका तहमा सीमित रहुन्जेल ती ध्वनि हुन् भने ध्वनिलाई चिनाउन प्रयोग गरिने लेख्य चिह्न नै वर्ण हुन् । ध्वनिको समूहबाट वर्णको संरचना निर्माण हुन्छ । वर्ण भाषाको सबैभन्दा सानो र आधारभूत एकाइ हो । यो आफैमा अर्थपूर्ण नभए पनि अर्थभेदक भएर आउँछ । वर्ण, उच्चार्य, श्रव्य एवम् लेख्य र पाठ्य दुवै हुन्छन् । वर्ण लिपिका माध्यमबाट व्यक्त हुन्छ ।

नेपालीमा वर्णहरू दुई प्रकारका छन् : स्वर वर्ण र व्यञ्जन वर्ण

स्वर वर्ण

अ, आ,
इ, उ,
ए, ओ

व्यञ्जन वर्ण

क्, ख्, ग्, घ्, ङ्, च्, छ्,
ज्, झ्, ट्, ठ्, ड्., ढ्, त्, थ्,
द्, ध्, न्, प्, फ्, ब्, भ्, म्,
य्, र्, ल्, व् स्, ह्

### (क) स्वर वर्ण

वर्ण उच्चारण हुँदा मुखभित्रबाट निस्कने बाहिर आई उच्चारित हुने वर्णलाई स्वर वर्ण भनिन्छ । स्वर वर्णलाई अरू कुनै वर्णको सहायताविना नै उच्चारण गर्न सकिन्छ । यी वर्णहरू स्वतन्त्र हुन्छन् ।

नेपाली भाषाको परम्परागत व्याकरणमा १३ ओटा स्वर वर्ण मानिएका छन् :

अ, आ, इ, ई, उ, ऊ, ऋ, ए, ऐ, ओ, औ, अं, अः

तर भाषाविज्ञानका अनुसार नेपाली भाषामा छुट्टै अस्तित्वमा भएका स्वर वर्ण छ ओटा छन् :

अ, आ, इ, उ, ए, ओ ।

ऋ संस्कृत भाषाको वर्ण हो । त्यस्तै इ, ऊ, ऐ, र औ संयुक्त वर्ण हुन् ।

इ + इ = ई

अ + इ = ऐ

उ + उ = औ

त्यसैले नेपाली संस्कृत भाषामा स्वर वर्ण ऋ र संयुक्त वर्ण ई, ऊ, ऐ, औ, अं, अः छुट्याएर स्वर वर्ण जम्मा ६ ओटा मानिएको छ ।

### (ख) व्यञ्जन वर्ण

वर्ण उच्चारण हुँदा मुखभित्रबाट निस्कने श्वासमा बाधा भई उच्चारित हुने वर्णलाई व्यञ्जन वर्ण भनिन्छ । यो वर्ण स्वर वर्णको सहायताले मात्र उच्चारित हुन्छन् । यी वर्ण स्वर वर्णमा आश्रित हुन्छन् । नेपाली भाषामा ञ्, ण्, श्, ष्, वर्ण उच्चारणका क्रममा छैनन् तर लेख्य क्रममा छन् । यी वर्ण संस्कृत भाषाका वर्णहरू हुन् । त्यस्तै क्ष्, त्र्, ज्ञ् वर्ण संयुक्त वर्ण हुन् ।

यसरी लेख्य रूपमा ३६ ओटा वर्ण भए पनि संस्कृत भाषामा प्रयोग हुने संयुक्त वर्ण बाहेक

संयुक्त वर्ण

- क् + ष् = क्ष,
- त् + र् = त्र्
- ज् + ञ् = ज्ञ्

नेपाली भाषामा २९ ओटा व्यञ्जन वर्ण छन् । ती हुन् :

व्यञ्जन वर्ण

- क्, ख्, ग्, घ्, ङ्
- च, छ्, ज्, झ,
- ट्, ठ्, ड्, ढ्,
- त्, थ्, द्, ध्, न्
- प्, फ्, ब्, भ्, म्,
- य्, र्, ल्, व् स्, ह् ।

## अक्षरको परिचय

फोक्सोबाट आएको सास एक झट्कामा निस्कँदा उच्चारण हुने एक अथवा एकभन्दा बढी ध्वनिहरूलाई अक्षर भनिन्छ ।

वर्ण ध्वनिभन्दा माथिल्लो भाषिक एकाइ हो । एक अथवा एकभन्दा बढी वर्ण मिलेर अक्षर बन्दछ । लेख्य क्रममा स्वर र व्यञ्जन वर्णलाई फरक फरक अक्षर मानिन्छ तर उच्चारणका

आधारमा व्यञ्जन वर्णहरू अर्थको रूपमा आउन पनि सक्छन् र नआउन पनि सक्छन् । अक्षरमा घटीमा एउटा स्वर ध्वनि हुन्छ । नेपालीमा क्, ख्, ग्, घ्, ङ् .... वर्ण मात्र हुन् । यी स्वरसँग मिलेर आउँदा मात्र अक्षर बन्दछन् : क (क्+अ), ख (ख्+अ), ग (ग+ अ), का (क्+आ), कि (क्+इ) .......।

वर्ण :
- क्, ख्, ग्, घ्, ङ्, ..........।
- अ, आ, इ, उ, .......।

अक्षर :
- क, ख, ग, घ, ङ......। (स्वर वर्णसँग मिलेर बनेका अक्षर)
- अ, आ, इ, ..... । (एउटै स्वर वर्ण भएका अक्षर)

## अभ्यास

१. वर्ण भनेको के हो ?


२. वर्ण कति प्रकारका छन् ?

३. स्वर वर्ण भनेको के हो ?

४. व्यञ्जन वर्ण भनेको के हो ?

५. अक्षर भनेको के हो ?

६. तलको वृक्ष तालिकाको नमुनामध्ये एउटा वृक्षका हाँगामा स्वरवर्ण र अर्को वृक्षको हाँगामा व्यञ्जन वर्णनहरू दिइएका छन् । दुवै समूहका वर्णहरू पर्ने गरी दस वाक्य बनाउनुहोस् :






एकाइ 3

# नाम

## नामको परिचय

तल दिइएका अनुच्छेद पढ्नुहोस् :

श्रीकृष्ण माध्यमिक विद्यालय छैमलेमा पर्छ । त्यही विद्यालय नजिक एउटा ठुलो वन छ । वनमा दाउरा खोज्ने मानिसको भिड देखिन्छ । वनमा गाई, बाख्रा, भैँसीको बथान चरेका देखिन्छन् । त्यस विद्यालयमा बाहुन, क्षत्री, तामाङ, नेवार, राई, विश्वकर्मा, सुनार, परियारलगायतका धेरै जातजातिका विद्यार्थीहरू अध्ययन गर्दछन् । त्यस विद्यालय नजिकै भैरवको मन्दिर पनि छ । त्यहाँ भक्तजनहरूको घुइँचो हुन्छ । भक्तजनहरू लहरमा बसेर भैरवको पूजा गर्दछन् । भैरवलाई जल, केशरी, चामल, फूल आदि चढाउँछन् । त्यस मन्दिरको प्राङ्गणबाट हिमाल देखिन्छ । हाम्रो विद्यालयको पढाइ, लेखाइ राम्रो छ । विद्यालयमा फुटबल, भलिबलजस्ता खेलकुदका सामग्रीहरू पनि प्रशस्त छन् । हाम्रो विद्यालय आउँदा कुनै दुःख पीडा हुँदैन । त्यहाँ माया, दया, सुख, शान्तिका कुरा सिकाइन्छ । हाम्रो विद्यालयले गत वर्ष शैक्षिक भ्रमण लगेको थियो । हामीले भ्रमणका क्रममा काठमाडौँको पशुपति, स्वयम्भू, छाउनी, हनुमान ढोका, दरबार क्षेत्र आदिको भम्रण गऱ्यौँ । भ्रमणमा मेरा साथीहरू दावा, सुमन, लखन, उमा, नारायण, रमाले यात्रा अवधिभर गीत गाएर रमाइलो गरेका थिए ।

माथिको अनुच्छेदबाट नाम शब्द छानी तल दिइएको तालिका भर्नुहोस् :

| व्यक्ति | वस्तु | स्थान | समूह | द्रव्य | भाव |
|---|---|---|---|---|---|
| | | | | | |

कुनै व्यक्ति, वस्तु, स्थान, समूह, द्रव्य र भाव बुझाउने पदलाई नाम भनिन्छ । नामलाई संज्ञा पनि भनिन्छ । नामपद वाक्यमा को र के प्रश्नको उत्तरमा आउँछ ।


जस्तै :

के – स्याउ, पानी, चामल, कलम, हिमाल, सुन

को – बुबा, आमा, छोरा, छोरी, बच्चा, शिक्षक

## नामका प्रकार

नामपदलाई परम्परागत आधारमा पाँच प्रकारमा वर्गीकरण गर्न सकिन्छ :




### (क) व्यक्तिवाचक नाम

तलको तालिकामा भएका शब्दहरू पढ्नुहोस् र बुझ्नुहोस् :

| व्यक्तिका नाम | वस्तुका नाम | स्थानका नाम | नदीका नाम | चाडका नाम |
|---|---|---|---|---|
| राम, श्याम | रामायण | नेपाल | बागमती | दसैं |
| भानुभक्त, बुद्ध | कुरान | चीन, पोखरा | इन्द्रावती | तिहार |
| निलम, गीता | बाइबल | धादिङ | गण्डकी | शिवरात्रि |
| रिया, सुमन | मुक्तिनाथ | दक्षिणकाली | कोसी | तिज |
| | त्रिपिटक | काठमाडौं | मेची | इद |
| | | | | क्रिसमस |

कुनै खास व्यक्ति, वस्तु, स्थान, नदी, चाड आदिको नाम तोकेर बुझाउने शब्दलाई व्यक्तिवाचक नाम भनिन्छ ।

### (ख) जातिवाचक नाम

तलको तालिकामा भएका शब्दहरू पढ्नुहोस् र बुझ्नुहोस् :

| व्यक्तिवाचक नाम | साझा नाम |
|---|---|
| गोपाल, दावा, सीता, मुनामदन, रामायण, गीता<br>कुरान, बाइबल, कर्णाली, पोखरा, लक्ष्मीप्रसाद<br>देवकोटा, महाभारत, मोतिराम भट्ट,<br>फेवा, रूपा, बेगनास | मानिस, पुस्तक, किताब, ताल, हिमाल, नदी, कवि |

व्यक्ति, वस्तु, स्थान आदिको साझा नाम बुझाउने शब्दलाई जातिवाचक नाम भनिन्छ ।

### (ग) समूहवाचक नाम

मानिसको समूह — परिवार, भिड, जन्ती, मलामी, जुलुस, दल, फौज, गण, हुल

विद्यार्थीको समूह — कक्षा, वर्ग

अङ्गुर अथवा फलफूलको समूह — झुप्पो

बाख्राको समूह — बथान

किताबको समूह — चाङ

कमिलाको समूह — ताँती

परालको समूह — कुनिउँ

केराको समूह — घरी

फोहरको समूह — रास, डङ्गुर

सागपातको समूह — मुठो

कुनै व्यक्ति, वस्तु अथवा जातिको समूह बुझाउने शब्दलाई समूहवाचक नाम भनिन्छ ।

### (घ) द्रव्यवाचक नाम

फुट/मिटर : काठ, इँटा, जमिन, कपडा, धागो, डोरी

लिटर : पानी, तेल, दुध दही, मट्टितेल, पेट्रोल


तोला/ग्राम/किलो : सुन, फलाम, तामा, हीरा, मोती, दाल, चामल, पीठो, माटो, बालुवा ।

> नाप तौल गर्न सकिने तर गणना गर्न नसकिने नाम शब्दलाई द्रव्यवाचक नाम भनिन्छ ।

### (ङ) भाववाचक नाम

सुख, दुःख, भाग्य, करुणा, दया, वीरता, ज्ञान, गरिवी, पढाइ, लेखाइ, इच्छा, मिठास, सभ्यता, धैर्य, साहस, विद्वत्ता, बालकपन, मुर्खपन, खानु, सुत्नु, गराइ ।

> देख्न र छुन नसकिने तर अनुभव गर्न सकिने नाम शब्दलाई भाववाचक नाम भनिन्छ ।



## अभ्यास

१. तलका प्रश्नका उत्तर दिनुहोस् :

(क) नाम भनेको के हो ?

(ख) नाम कति प्रकारका छन् ?

(ग) जातिवाचक नाम भनेको के हो ?

(घ) द्रव्यवाचक नाम भनेको के हो ?

(ङ) समूहवाचक नाम भनेको के हो ?

(च) भाववाचक नाम भनेको के हो ?

२. जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| तेल, चामल, हावा | जातिवाचक |
| गुरु, पशुपति, तिहार | भाववाचक |
| रास, झुप्पो, बथान | द्रव्यवाचक |
| चरा, रूख, कलम | समूहवाचक |
| इच्छा, पढाइ, सुख | व्यक्तिवाचक |

३. दिइएका शब्द समूहबाट नाम शब्दमा गोलो घेरा ◯ लगाउनुहोस् :

हामी, गोपाल, देश, पाठ, दराज, खान्छ

पशुपति, काम, राम्रो, पीठो, सुन, हावा

एक, चाड, पल्टन, बथान, माया, दिदी, आमा, उड्यो, मेरो, जन्ती, केटी, पढाइ

खेल, भन, मुनामदन, सुलोचना ।

४. तल दिइएका शब्दहरूलाई तालिकामा भर्नुहोस् :

बुबा, हरि, पोखरा, पुस्तक, पानी, हावा, काठ, माया, दया, भाग्य, काठमाडौँ, बाग्मती, हिमाल, सगरमाथा, लस्कर, शिक्षक, सरला, लक्ष्मीप्रसाद, मानिस, दावा, चाङ, गाई, काठ, बाइबल, धनकुटा, देश, चीन, हिँडाइ, पढाइ, दसैँ, तिहार, बथान, हुल, झुप्पो ।

| व्यक्तिवाचक | जातिवाचक | समूहवाचक | द्रव्यवाचक | भाववाचक |
|---|---|---|---|---|
| | | | | |

५. तलका नाम शब्दको प्रयोग गरी एक–एक ओटा वाक्य बनाउनुहोस् :

दया, कलम, मानव, घृणा, ताँती, पढाइ, देश, ताल, वीरता, सभ्यता, करुणा, जमिन, फलाम, मुर्खपना, चाड, टुसुक्क, पहिलो, असल, लस्कर, राज्य, भिड, स्मृति, चामल, फौज, खाता, काठमाडौँ, पीठो, पहिलो, उपाय, दुःख, चाँदी, तेल, कपडा, सभ्यता, ग्याँस ।

६. तल दिइएका अनुच्छेद पढी नाम शब्दमा गोलो घेरा लगाउनुहोस् :

एउटा सुन्दर गाउँ थियो, त्यहाँ हरि नाम गरेको किसान बस्थ्यो । उसकी एउटी श्रीमती, चार ओटा छोरा र एउटी छोरी थिए । छोराहरूको नाम सोनाम, दावा, गोपाल र श्याम थियो भने छोरीको नाम फूलमाया थियो ।

त्यस किसानको थोरै जमिन थियो । ऊ त्यस जमिनमा खेती गर्थ्यो । उसले मकै, कोदो, धान, गहुँ, र तोरी उब्जाउँथ्यो । खान पुग्ने अन्न घरमा भित्रिने भएकाले परिवार सुखी थियो । उनीहरू निकै दुःख पनि गर्थे । ऊ धर्म गर्न प्रत्येक दिन दक्षिणकाली मन्दिरमा गई पूजा गर्थ्यो ।

एकाइ ४

# सर्वनाम

## सर्वनामको परिचय :

तल दिइएको अनुच्छेद पढ्नुहोस् :

नेपालीहरूको तिहार ठुलो चाड हो । त्यसैले मैले चिनेजानेका सबैलाई शुभकामना दिएँ । उनीहरूले पनि मलाई शुभकामना दिए । हामीहरूले साथीहरूसँग एक–आपसमा शुभकामना साट्यौँ । मलाई साथीले तँ तिहारमा देउसी खेल्दैनस् भनेर सोधे । त्यतिनै बेला प्रधानाध्यापक आउनुभयो । उहाँले हामीलाई तिमीहरू सबैलाई तिहारको शुभकामना छ, भनेर भन्नुभयो । उहाँले हामीलाई म त यसपाली तिहारमा आफ्नो घरतिर जान लागेको कुरा बताउनुभयो । हामीले उहाँलाई सफल यात्राको शुभकामना पनि दियौँ ।

माथिका अनुच्छेदमा प्रयोग भएका सर्वनाम शब्दहरू कापीमा टिप्नुहोस् :

__________ __________ __________ __________

नामको सट्टामा प्रयोग हुने शब्दलाई **सर्वनाम** भनिन्छ । यसलाई **सट्टे नाम** पनि भनिन्छ । यो नामपदसँग सन्दर्भित भएर आउँछ ।

## सर्वनामका प्रकार :

सर्वनामलाई ७ प्रकारमा विभाजन गर्न सकिन्छ :

१. पुरुषवाचक
२. दर्शकवाचक
३. सम्बन्धवाचक
४. प्रश्नवाचक
५. निजवाचक
६. निश्चयवाचक
७. अनिश्चयवाचक

## १. पुरुषवाचक सर्वनाम

| प्रथम पुरुष | द्वितीय पुरुष | तृतीय परुष |
|---|---|---|
| म दावा हुँ । | तँ पाठ पढछस् । | ऊ फुटबल खेल्छ । |
| हामी विद्यार्थी हौँ । | तिमी घर जाऊ । | उनी गीत गाउँछिन् । |

पुरुष अथवा स्त्रीको सट्टामा प्रयोग गरिने शब्दलाई पुरुषवाचक सर्वनाम भनिन्छ ।

पुरुषवाचक सर्वनाम तीन प्रकारका छन् :

क) प्रथम पुरुषवाचक सर्वनाम

| | |
|---|---|
| म सहर जान्छु ।<br>हामी किताब पढ्छौँ । | वक्ता र (बोल्ने व्यक्ति) को सट्टामा आउने सर्वनाम पदलाई प्रथम पुरुषवाचक सर्वनाम भनिन्छ ।<br>जस्तै : म, हामी |

ख) द्वितीय पुरुषवाचक सर्वनाम

| | |
|---|---|
| तँ फुटबल खेल्छस् ।<br>तिमी पाठ पढ ।<br>तपाईँ घर जानुहोस् । | श्रोता (सुन्ने व्यक्ति) प्रयोग गरिने सर्वनाम पदलाई द्वितीय पुरुषवाचक सर्वनाम भनिन्छ ।<br>जस्तै : त, तिमी, तपाईँ, हजुर |

ग) तृतीय पुरुषवाचक सर्वनाम

## २. दर्शकवाचक सर्वनाम

त्यो मिहिनेती छ । ती असल छन् ।

यिनी कहिले आए ? यहाँले के भन्नुभयो ?

नजिक अथवा टाढाको वस्तु अथवा व्यक्तिलाई तोकेर देखाउँदा प्रयोग गरिने सर्वनाम शब्दलाई दर्शकवाचक सर्वनाम भनिन्छ ।

## ३. प्रश्नवाचक सर्वनाम

तल को आयो ? तिमीले के खायौ ?

तिमीलाई कुन मनपर्छ ? ऊ कहाँ गई ?

नामको सट्टामा आई प्रश्न बुझाउने सर्वनाम शब्दलाई प्रश्नवाचक सर्वनाम भनिन्छ ।

## ४. निजवाचक सर्वनाम

आफू त खुब पढिन्छ ।

ऊ आफ्नै खेतमा काम गर्छ ।

स्वयम्मा राम्रो हुन सबैलाई मन लाग्छ ।

कुनै व्यक्तिले आफ्नो बारेमा आफैँलाई सङ्केत गरेर चिनाउँदा प्रयोग गरिने सर्वनाम शब्दलाई निजवाचक सर्वनाम भिनिन्छ ।

## ५. निश्चयवाचक सर्वनाम

हरेकले गृहकार्य गर्नुपर्छ ।

प्रत्यकले आफ्नो काम पूरा गर्नुपर्छ ।

सबै बल खेल्न गए ।

कुनै व्यक्ति अथवा वस्तुलाई तोकेर भन्दा प्रयोग गरिने सर्वनाम शब्दलाई निश्चयवाचक सर्वनाम भनिन्छ ।

## ६. सम्बन्धवाचक सर्वनाम

जे मनपर्छ, त्यो खाऊ ।

जसले (सीता) कथा पढी त्यो मेरी बहिनी हो ।

जसले मिहिनेत गर्छ, उसले फल पाउँछ ।

नामको सट्टामा आई वाक्यमा सम्बन्ध स्थापना गर्ने शब्दलाई सम्बन्धवाचक सर्वनाम भनिन्छ ।


## ७. अनिश्चयवाचक सर्वनाम

यहाँ कोही हुनुपर्छ ?

तिमीले केही गरिनौ ।

कुनै पढ्छन् कुनै खेल्छन् ।

कुनै नतोकिएको अनिश्चित व्यक्ति अथवा वस्तुको नामको सट्टामा आउने सर्वनाम शब्दलाई अनिश्चयवाचक सर्वनाम भनिन्छ ।



## अभ्यास

१. तलका प्रश्नहरूको उत्तर दिनुहोस् ।

(क) सर्वनाम भनेको के हो ?

(ख) पुरुषवाचक सर्वनाम भनेको के हो ?

(ग) दर्शकवाचक सर्वनाम भनेको के हो ?

(घ) निश्चयवाचक सर्वनाम भनेको के हो ?

२. खाली ठाउँमा मिल्दो सर्वनाम छानेर लेख्नुहोस् :

(क) देशको अग्लो हिमाल देखेर ________ रमाउँछौ । (म, ऊ, हामी)

(ख) म ________ गृहकार्य गर्छु । (उनी, आफैँ, तिमी)

(ग) परबाट ________ आउँदै छ ? (कहाँ, को, कसको)

(घ) राम विद्यालय जान्छ । ________ ध्यान दिएर पढ्छ । (उहाँ, त, ऊ)

(ङ) ________ उनीहरू कर्ममा विश्वास गर्छन् ? (तिमी, के, त्यो)

३) तल दिइएका सर्वनाम शब्द तालिकामा भर्नुहोस् :

म, हामी, तँ, तिमी, तपाईं, ऊ, उनी, यिनी, जो, जे, जेसुकै, जुन, आफू, को, आफैँ, कुन, कोही, केही, हरेक, प्रत्येक, कहाँ, जसले ।

| पुरुषवाचक | दर्शकवाचक | प्रश्नवाचक | निजवाचक | सम्बन्धवाचक | निश्चयवाचक | अनिश्चयवाचक |
|---|---|---|---|---|---|---|
| | | | | | | |

## ४. जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| म | बजार जान्छन् । |
| हामी | शिक्षक हुनुहुन्छ । |
| तँ | खेतमा काम गर्छ । |
| तिमी | विद्यालय जान्छ । |
| तपाईँ | असल नागरिक बन । |
| ऊ | राम्रोसँग पढ् । |
| त्यो | मिहिनेती छ । |
| उनीहरू | विद्यार्थी हौँ । |

## ५. तल दिइएका पुरुषवाचक सर्वनामलाई तालिकामा भर्नुहोस् :

म, ऊ, तिनी, हामी, तँ, उनी, तपाईँ, यिनी, तिमी

| प्रथम पुरुष | द्वितीय पुरुष | तृतीय पुरुष |
|---|---|---|
| | | |

## ६. तलको अनुच्छेदमा दोहोरिएका नामका ठाउँमा सुहाउँदो सर्वनामको प्रयोग गर्नुहोस् :

गरिमा दक्षिणकालीमा बस्छे । गरिमाको सानो परिवार छ । गरिमाको परिवारमा चार जना छन् । गरिमाको बुबाको नाम गोपाल हो । गरिमाको बुबा ३० वर्षको हुनुभयो । गरिमाको बुबा किसान हुनुहुन्छ । गरिमाकी आमाको नाम सरिता हो । गरिमाकी आमा २८ वर्षकी हुनुभयो । गरिमाकी आमा खेतमा काम गर्नुहुन्छ । गरिमाको एउटा भाइ छ । भाइको नाम समन हो । भाइ एक कक्षामा पढ्छ । गरिमा र भाइ मिलेर विद्यालय जान्छन् ।

एकाइ ५

# विशेषण

## विशेषणको परिचय :

तल दिइएको अनुच्छेद पढ्नुहोस् :

मेरो विद्यालयको नाम पञ्चकन्या माध्यमिक विद्यालय हो । म ६ कक्षामा पढ्छु । मेरा धेरै साथीहरू छन् । मेरो मिल्ने साथीको नाम लखन हो । ऊ ज्यादै मिहिनेती छ । मेरो अर्को मिल्ने साथी हर्कमान हो । ऊ दुब्लो र पातलो छ । म कक्षा पाँचमा दोस्रो भएको थिएँ । म विद्यालय जाँदा निलो सर्ट, निलो पाइन्ट र कालो जुत्ता लगाउँछु । मलाई मनपर्ने गुरुको नाम विनोद शर्मा हो । उहाँ राम्रो पढाउनुहुन्छ । उहाँ अनुशासित र असल विद्यार्थीलाई मन पराउनुहुन्छ । हामी उहाँलाई झापाली गुरु भन्छौं । हाम्रो विद्यालय अग्लो ठाउँमा रहेको छ । यो विद्यालय सुन्दर र शान्त छ । आफ्नो विद्यालय मलाई धेरै राम्रो लाग्छ ।

माथिको अनुच्छेदमा प्रयोग भएका विशेषण शब्दहरू कापीमा टिप्नुहोस् :

__________ __________ __________ __________

तल दिइएका वाक्य पढ्नुहोस् :

सरला <u>अग्ली</u> छे ।

मलाई <u>पाल्पाली</u> टोपी मनपर्छ ।

भक्तिथापा <u>वीर</u> र <u>पराक्रमी</u> थिए ।

<u>काँचो</u> केरा मिठो हुँदैन ।

मसँग <u>पचास</u> रूपैयाँ छ ।

<u>यो</u> केटा को हो ?

परीक्षामा राम <u>पहिलो</u> र <u>गोपाल</u> दोस्रो भए ।

कुनै पनि वस्तुको गुण, अवगुण अथवा विशेषता बुझाउने शब्दलाई विशेषण भनिन्छ ।
विशेषण वाक्यमा कस्तो, कत्रो, कति, कुन, जस्ता प्रश्नको उत्तरमा आउँछ । जस्तो :


गुलियो स्याउ मिठो हुन्छ । कस्तो स्याउ मिठो हुन्छ ? — गुलियो

मसँग थोरै चामल छ ।   तिमीसँग कति चामल छ ?   — थोरै

बुबा अग्लो हुनुहुन्छ ।   बुबा कत्रो हुनुहुन्छ ?   — अग्लो

## विशेषणका प्रकार

विशेषण चार प्रकारका छन् :




### (क) गुणबोधक विशेषण

असल विद्यार्थी ज्ञानी हुन्छन् ।

सगरमाथा सबभन्दा अग्लो शिखर हो ।

नेवारी खाना खुब मिठो हुन्छ ।

मलाई रातो मन पर्छ ।

नाम अथवा सर्वनामको गुण, दोष, रङ अथवा अवस्था बुझाउने पदलाई गुणबोधक विशेषण भनिन्छ ।

### (ख) सङ्ख्याबोधक विशेषण

मसँग सय रूपैयाँ छ ।

गोपाल परीक्षामा प्रथम भयो ।

रामलाई एउटा कलम चाहिएको छ ।

हामी हरेक दिन विद्यालय जान्छौँ ।

मलाई दोब्बर पैसा दिनुपर्छ ।

नाम अथवा सर्वनामलाई सङ्ख्या, आवृत्ति अथवा क्रम जनाउने विशेषण शब्दलाई सङ्ख्याबोधक विशेषण भनिन्छ ।

### (ग) परिमाणबोधक विशेषण

सबै विद्यार्थी आइसके । — यति पैसाले के पुग्ला र !

अधिकांश विद्यार्थी खेल्न मन पराउँछन् । — केही समय पर्खेर बस ।

नाम अथवा सर्वनामको मात्रा अथवा परिमाण बुझाउन आउने विशेषण शब्दलाई परिमाणबोधक विशेषण भनिन्छ ।

### (घ) सार्वनामिक विशेषण

यो विद्यार्थी असल छ । — त्यो कलम मेरो हो ।

को मान्छे आयो ? — ती केटाकेटीहरू गए ।


नामका अगाडि आएर विशेषणको काम गर्ने सर्वनामलाई सार्वनामिक विशेषण भनिन्छ ।

सार्वनामिक विशेषण तीन प्रकारका छन् :

(क) दर्शक सार्वनामिक विशेषण : यो, यी, त्यो, ती

(ख) सम्बन्धवाचक सार्वनामिक विशेषण : जो, जे, जुन

(ग) प्रश्नवाचक सार्वनामिक विशेषण : को, के, कुन



## अभ्यास

१. तलका प्रश्नको उत्तर दिनुहोस् :

(क) विशेषण भनेको के हो ?

(ख) विशेषण कति प्रकारका छन् ?

(ग) गुणबोधक विशेषण भनेको के हो ?

(घ) परिमाणबोधक विशेषण भनेको के हो ?

२. तल दिइएका शब्द समूहबाट विशेषण शब्दमा गोलो ◯ घेरा लगाउनुहोस् :

बाटो, कालो, त्यो, भन्छ, पुस्तक, एक, भित्र, हरेक, बाटुलो, प्रथम, जमिन, गोपाल, मिठो, केटो, सुन्तला, पराक्रमी, राजा, बाठा, खेती, सबै, पाल्पाली, गुनिलो, तिखो, धर्म, मानिस, यात्रा, आधा, दोब्बर, बुढो, गोरो, पीपल

३. जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| मिठो | रूपैयाँ |
| बाठा | केटी |
| एक | भक्तिथापा |
| पराक्रमी | केटाहरू |
| राम्री | पृथ्वी |
| गोलो | सुन्तला |

४. दिइएका अनुच्छेद पढी विशेषण शब्दमा गोलो ◯ घेरा लगाउनुहोस् :

गाउँको बिचमा एउटा ठुलो पोखरी थियो । त्यसको वरिपरि राता, पहेँला, सेता, फूलहरू फुलिरहेका थिए । त्यसैको छेउमा सानो मन्दिर पनि थियो । त्यो मन्दिर निकै पुरानो तर सुन्दर थियो । त्यहाँ धेरै परेवाहरू पनि थिए । त्यस मन्दिरमा हजारौँ मानिसहरू दर्शन गर्न आउँथे ।

५. तल दिइएको विशेषण शब्द राखी वाक्यमा प्रयोग गर्नुहोस् :

| | |
|---|---|
| विद्वान : | अलिकति : |
| ज्यादा : | मेरो : |
| वीर : | दोहोरो : |
| दुईगुणा : | कुन : |
| प्राचीन : | प्रशस्त : |
| हरेक : | यो : |

६. नाम र विशेषण शब्द छुट्याएर तालिकामा भर्नुहोस् :

विद्यार्थी, अनुशासित, अमिलो, काँचो, आँप, आधा, रूपैयाँ, दस, त्यो, पुस्तक, प्रथम, घर, कत्रो, विशाल, राम्रो, बाटो, जमिन, झुप्पो, लस्कर, सुन, बुढो, माया, नेवारी, खाना, टोपी, पाल्पाली, नेपाल, हिमाल, सुन्दर ।

| नाम | विशेषण |
|---|---|
| | |

७. तलका विशेषण शब्दलाई स्त्रीलिङ्ग शब्द बनाउनुहोस् :

केटो, बाठो, अग्लो, बुढो, छुच्चो, राम्रो, गोरो, सेतो, ठुलो, पुड्को ।

एकाइ ६

# क्रियापद, क्रियामूल र धातु

## क्रियापदको परिचय

तल दिइएको अनुच्छेद पढ्नुहोस् :

मानिसका सुविधाका लागि वैज्ञानिकहरूले कम्प्युटरको आविष्कार गरेका छन् । यसको प्रयोगले हुलाक सेवामा पनि नयाँ प्रविधि भित्रिएको छ । हुलाकमा गएर चिठी पठाउनुभन्दा इमेल पठाउन सजिलो भएको छ । इमेल भनेको कम्प्युटरबाट सञ्चालन गर्न सकिने विद्युतीय हुलाक हो । यसबाट चिठी पठाउन सजिलो हुन्छ । यो कम्प्युटरमा नै पढ्न सकिन्छ । यसलाई छाप्न पनि सकिन्छ । आजभोलि विदेशमा घटेका घटनाको जानकारीका लागि अखबारको मात्र भर पर्नु पर्दैन । विभिन्न घटनाको जानकारी रेडियोबाट पनि पाउन सकिन्छ । टेलिभिजनबाट हेर्न र सुन्न सकिन्छ । इन्टरनेटबाट पनि सञ्चारको आदान–प्रदान गर्नसक्छन् । विद्युत् नभएको ठाउँमा भने इमेल पठाउन गाह्रो पर्छ । त्यसकारण सबै ठाउँमा विद्युत् पुऱ्याउनुपर्छ ।

माथिको अनुच्छेदमा आएका क्रियापद शब्दहरू कापीमा टिप्नुहोस् :

__________ __________ __________ __________

तल दिइएका वाक्यहरू पढ र बुझ :

टेबलमा कलम छ । — अवस्था जनाउने क्रिया

गोपाल शिक्षक हो । — अवस्था जनाउने क्रिया

रामले चिठी लेख्यो । — काम बुझाउने क्रिया

सीता गीत गाउँछे । — काम बुझाउने क्रिया

गाउँमा पहिरो गयो ।

उमेश बाटामा लड्यो ।

उमेशको घर भत्कियो । — घटना बुझाउने क्रिया

कुनै पनि कार्य, घटना र अवस्थाको बारेमा बताउने शब्दलाई **क्रियापद** भनिन्छ । क्रियापदले वाक्य समापन गर्दछ ।

## क्रियामूल र धातुको परिचय

भन्छ, भन्छे, भन्छन्, भन्ला, भन्दै छ, भन्ने छ, भनेको छ — भन्

पढ्छ, पढ्छे, पढ्छन्, पढ्ला, पढ्दैछ, पढ्ने छ, पढेको छ — पढ्

खान्छ, खान्छे, खान्छिन्, खाँदै छ, खाने छ, खाएको छ — खा

बस्छ, बस्छे, बस्छिन्, बस्दै छ, बस्ने छ, बसेको छ — बस्

जस्तै :

| क्रियापद | मूल शब्द | धातु | प्रत्यय |
| --- | --- | --- | --- |
| हिँड्छ, हिँड्दै छ, हिँड्, हिँड्छु | हिँड्नु | हिँड् | नु |
| खेल्छ, खेल्छु, खेल्दै छु, खेल्दै छ | खेल्नु | खेल् | नु |
| गर्छ, गर्छ, गर्नेछ, गर्छस्, गर्छन् | गर्नु | गर् | नु |
| सुत्छ, सुत्छे, सुत्छन्, सुत्छेस् | सुत्नु | सुत् | नु |
| लेख्छ, लेख्छे, लेख्छिन्, लेख्छस् | लेख्नु | लेख् | नु |

क्रियापदको आधारपदलाई क्रियामूल भनिन्छ ।

क्रियामूलको आधारलाई धातु भनिन्छ ।

धातुमा 'नु' लाग्दा क्रियामूल बन्दछ भने क्रियामूलबाट बन्ने रूप क्रियापद हुन्छ ।

## ६.३ क्रियापदका प्रकार

क्रियापदलाई विभिन्न आधारमा वर्गीकरण गर्न सकिन्छ ।

क्रियापदलाई कर्मका आधारमा दुई प्रकारमा वर्गीकरण गरिएको छ :

(क) सकर्मक क्रिया (ख) अकर्मक क्रिया

## (क) सकर्मक क्रिया

राम चिठी लेख्छ ।

सीता गीत गाउँछे ।

भाइले भात खायो ।

आमाले कलम दिनुभयो ।

वाक्यमा कर्म लिने क्रियालाई सकर्मक क्रिया भनिन्छ । यस्तो क्रियामा क्रियाको कार्य कर्तामा र असर अथवा प्रभाव कर्ममा पर्दछ ।

## (ख) अकर्मक क्रिया

भाइ विद्यालय जान्छ ।

रमिला रुन्छे ।

उमेश धेरै सुत्छ ।

बहिनी मेचमा बस्छे ।

वाक्यमा कर्म नलिने क्रियालाई अकर्मक क्रिया भनिन्छ । यसमा क्रियाको प्रभाव कर्तामा पर्दछ ।

सकर्मक र अकर्मक क्रिया छुट्याउने आधारहरू

| सकर्मक क्रिया | अकर्मक क्रिया |
|---|---|
| १. के अथवा कसलाई भनी प्रश्न गर्दा उत्तर आउँछ । | १. के अथवा कसलाई भनी प्रश्न गर्दा उत्तर आउँदैन । |
| २. क्रियालाई सामान्य भूतकालमा लैजाँदा कर्तामा 'ले' लाग्छ । | २. क्रियालाई सामान्य भूतकालमा लैजाँदा कर्तामा 'ले' लाग्दैन । |
| ३. क्रियाको व्यापार कर्तामा र फल अथवा असर कर्ममा पर्दछ । | ३. क्रियाको व्यापार कर्म र फल अथवा असर दुवै कर्तामा पर्दछ । |

वाक्यलाई पूरा गर्ने अथवा नगर्ने आधारमा क्रियापदलाई दुई प्रकारमा वर्गीकरण गर्न सकिन्छ :

(क) समापक क्रियापद

(ख) असमापक क्रियापद

## (क) समापक क्रियापद

पारस विद्यालय गयो ।

बहिनी सहरमा बस्छे ।

तँ राम्ररी पढ् ।

केटाकेटीहरू फुटबल खेल्लान् ।

माथिका रेखाङ्कित शब्द पछाडि पूर्णविराम चिह्न लागेका छन् । ती शब्दले वाक्यलाई टुङ्ग्याएका छन् ।

यसरी वाक्य टुङ्ग्याउन आउने क्रियालाई समापक क्रियापद भनिन्छ ।

### (ख) असमापक क्रियापद


भाइ बजार घुमेर आयो ।

म कविता भन्न सक्छु ।

मैले बहिनी रोएको सुनें ।

हरि पढ्न जान्छ ।

धातुका पछाडि ई, नु, ने, एर, दै, जस्ता कृत प्रत्यय जोडिएर बनेका क्रियालाई असमापिका क्रियापद भनिन्छ । यी रेखाङ्कित क्रियापदले वाक्यलाई टुङ्ग्याउने कार्य गर्न सक्दैनन् । यसरी वाक्यलाई पूरा गर्न नसक्ने क्रियापदलाई असमापिका क्रियापद भनिन्छ ।



## अभ्यास

१. तलका प्रश्नहरूको उत्तर दिनुहोस् :

(क) क्रियापद भनेको के हो ?

(ख) धातु केलाई भनिन्छ ?

(ग) क्रियामूलको उदाहरण दिनुहोस् ।

(घ) सकर्मक क्रियापद भनेको के हो ?

(ङ) अकर्मक क्रियापद भनेको के हो ?

(च) सकर्मक र असमापिका क्रियापदबिच फरक देखाई उदाहरणसमेत दिनुहोस् ।

२. तल दिइएका धातुलाई क्रियामूल राखेर क्रियापद बनाउनुहोस् :

| धातु | क्रियामूल | क्रियापद |
|---|---|---|
| खा | ____________ | ____________ |
| बस् | ____________ | ____________ |
| पढ | ____________ | ____________ |

गर्  ________ ________
भन्  ________ ________
डुल्  ________ ________
फाल्  ________ ________
लेख्  ________ ________
हिँड्  ________ ________

३. तलका वाक्य पढी समापिका र असमापिका क्रिया छुट्याएर लेख्नुहोस् :

(क) राम दाउरा चिरेर आगो बाल्छ ।

(ख) उनीहरू नदीमा गएर आए ।

(ग) गोपाल बजार घुमेर आयो ।

(घ) मैले बहिनी रोएको सुनेँ ।

(ङ) तिमी खाना खाएर पढ्न जाऊ ।

(च) दावा फटाफट हिँड्छ ।

(छ) उसले पढेको होला ।

(ज) ऊ कथा लेख्दै छ ।

(झ) म घर गई काम गर्छु ।

(ञ) आज घुम्न जानु छ ।

४. तलका शब्दहरूमध्ये क्रियापद शब्दमा गोलो घेरा लगाउनुहोस् :

खेल्छ, क्रिकेट, बस्छ, टेबल, पढ्छ, कविता, कमिला, सुत, भाइ, विद्यालय, रोयो, जानुहुन्छ, भन्ने छ, दया, पानी, अमिलो, खाना, खान्छु, कलम किन्छु, हामी, पढ्छौँ ।

एकाइ
७

# अव्यय

## अव्ययको परिचय

तलको अनुच्छेद पढ्नुहोस् :

आज दसैँको टिकाको दिन हो । त्यसकारण म बिहान सबेरै उठेँ । नुहाइधुवाइ सकेर बिस्तारै लुगा लगाए । बहिनीले भने हतार हतार लुगा लगाई । बुबाले छिटो–छिटो पूजा र टिकाको सामग्री तयार पार्नुभयो । आमाले माथिबाट हामीलाई बोलाउनुभयो । भाइसँग बहिनी पनि आई । हामी सबैले बेलैमा टिका लगायौँ र सरासर मामाघरतिर गयौँ । मामाघर गएपछि म पिङ खेल्न गएँ । राम पनि सुटुक्क आएछ । राम अनि म घुम्न गयौँ । राम आए पनि श्याम भने आएन । श्यामसँग प्रशस्त पैसा छ । ऊ चङ्गा किन्न भनेर पसलमा गएछ । हामी सबैले पालैपालो चङ्गा उडायौँ । बुबाले यो देखेर स्यावास ! तिमीहरू यसरी नै मिलेर खेल्नुपर्छ, भन्नुभयो । उहाँले हामीलाई साथी साथीबिच झगडा कहिल्यै गर्नु हुँदैन भनेर उपदेश दिनुभयो । पोहोर सालको दसैँभन्दा यसपालीको दसैँ निकै रमाइलो भयो ।

माथिको अनुच्छेदबाट अव्यय शब्दहरू कापीमा टिप्नुहोस् :

__________ __________ __________ __________

तलका वाक्यमा रहेका रेखाङ्कित अव्यय शब्द पढ्नुहोस् :

भाइ <u>फटाफट</u> गयो ।

सडक<u>तिर</u> नजाऊ ।

घर<u>अगाडि</u> बगैँचा छ ।

हरि <u>र</u> गोपाल खेलेर गए ।

<u>स्याबास</u> ! तिमीले राम्रो काम गऱ्यौ ।

<u>खै</u> , अलि पर जाऊ न ।

> लिङ्ग, वचन, पुरुष, काल, भाव आदिका आधारमा रूप परिवर्तन नहुने शब्दलाई अव्यय भनिन्छ । यिनको रूप सधैँ एकनास रहन्छ ।

## अव्ययका प्रकार

अव्यय पाँच प्रकारका छन् :

(क) नामयोगी

(ख) क्रियायोगी/क्रियाविशेषण

(ग) संयोजक

(घ) विस्मयादिबोधक

(ङ) निपात

### (क) नामयोगी

सडकतिर नजाऊ ।

रातभरि पानी पऱ्यो ।

टेबलमाथि किताब छ ।

तिमीसँग कलम छ ।

घरभित्र को छ हँ ?

नाम अथवा सर्वनामसँग जोडिएर आउने शब्दलाई नामयोगी भनिन्छ। माथि, अगाडि, पछि, नेर, चाहिँ, सँग, सित, वारि, पारि, भित्र, समेत, बिच, तर्फ आदि शब्दहरू नामयोगी हुन् ।

### (ख) क्रियायोगी/क्रियाविशेषण

तिमी भोलि आऊ ।

सफल हुन खुरूखुरु पढ ।

म हिजो आएँ ।

ऊ मुसुक्क हाँस्यो ।

चराहरू भुर्र उडे ।

क्रियाका बारेमा केही कुरा बताउन आउने अथवा विशेषता जनाउन आउनेलाई क्रियायोगी/क्रियाविशेषण भनिन्छ । आज, अहिले, टाढा, नजिक, बेसरी, थोरै, थुचुक्क, मुसुक्क, टलक्क आदि शब्दहरू क्रियायोगी/क्रियाविशेषण हुन् ।

### (ग) संयोजक

राम गयो तर श्याम गएन ।

बादल लाग्यो भने पानी पर्छ ।

तिमी र म खेल्न जाऔँ ।

ऊ पढ्छ र खेल्छ ।

जो बोल्छ त्यसले काम गर्दैन ।

म कुट्छु पनि माया पनि गर्छु ।

शब्द, पदावली र अथवा वाक्यलाई जोड्न आउने अव्यय शब्दलाई संयोजक भनिन्छ । तर, वा, किन, जब, तब, भने, अनि, पनि, किनभने, जहिले, तहिले आदि जस्ता शब्दहरू संयोजक हुन् ।

### (घ) विस्मयादिबोधक

ओहो ! तिमी त प्रथम भएछौ ।

आहा ! कति राम्रो फूल फुलेको ।

स्यावास ! यस्तै राम्रो काम गर्नु ।

कठै ! त्यसको कोही छैन ।

धत् ! यस्तो लाजमर्दो कुरा पनि गर्छन् ।

मानिसका मनमा उत्पन्न हुने हर्ष, पीडा, आश्चर्य, खुसी, शोक, घृणा आदि भाव बुझाउने अव्यय शब्दलाई विस्मयादिबोधक भनिन्छ । विस्मयादिबोधकसँग उद्गार ( ! ) चिह्नको प्रयोग हुन्छ । आहा, वाह, स्याबास, कठै, हरे शिव, ओहो, थुक्क, ऐया, आच्छु, कठै, बिचरा आदि शब्दहरू विस्मयादिबोधक हुन् ।

### (ङ) निपात

लौ हामी त गयौँ ।


राम कतातिर जान्छ हँ ?

ऊ त घर गएछ ।

खै मलाई थाहा छैन ।

बरालिएर नहिँड है ।

आफ्नो खास अर्थ नभएको तर वाक्यमा प्रयोग हुँदा भनाइमा जोड दिने, अर्थलाई रसिलो पार्न आउने अव्यय शब्दलाई निपात भनिन्छ । ल, खै, नि, र, पो, त, लौ, अँ, खै, हँ, लौ आदि शब्दहरू निपात हुन् ।



## अभ्यास

१. तलका प्रश्नहरूको उत्तर दिनुहोस् :

(क) अव्यय भनेको के हो ?

(ख) नामयोगी र क्रियायोगीमा के फरक छ ?

(ग) संयोजक भनेको के हो ?

(घ) विस्मयादिबोधक भनेको के हो ?

(ङ) निपात भनेको के हो ?

२. अव्यय शब्द छानी गोलो ◯ घेरा लगाउनुहोस् :

सुस्तरी, जान्छ, पढ्छ, पो, आज, अनि, धत्, रोयो, त, धुरुधुरु, सानी, छिटो, सुस्तरी, भगवान, बजार, माथि, सँग, भित्र, भर्खर, फटाफट, पढ्छ, जानुभयो, रसिलो, अग्लो, आयो, बस, बाहिर, सधैँ, किनकि, बिचरा, नाच्छ, भने ।

३. तल दिइएका नामयोगी शब्दमा गोलो ◯ घेरा लगाउनुहोस् :

फटाफट, सँग, सित, बाहिर, माथि, तिर, सम्म, बमोजिम, नमस्ते, हरेक, बारे, बिस्तारै, स्यावास, फनक्क, जुरुक्क, प्रति, किनभने, अनुसार ।

४. तल दिइएका अव्यय कुन प्रकारमा पर्दछन्, तालिकामा भर्नुहोस् :

बिहान, सम्म, हँ, किनभने, सित, हरेक, सहित, आहा, र, पनि, माथि, तिर, फटाफट, स्यावास, ए, नि, कपाकप, पछि, अथवा, आच्छु, पो, तर, कति, प्रशस्त, खाएर, पढेर, हरे, आ, किनकि ।

| नामयोगी | क्रियायोगी | संयोजक | विस्मयादिबोधक | निपात |
|---|---|---|---|---|
| | | | | |

५. जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| तिर, भित्र | निपात |
| फटाफट, पोहर | विस्मयादिबोधक |
| खै, पो | नामयोगी |
| आच्छु, कुनै | संयोजक |
| अथवा, तर | क्रियायोगी |

६. तलका रेखाङ्कित शब्दहरूको पदवर्ग छुट्याएर लेख्नुहोस् ।

(क) म भोलि विद्यालय जान्नँ ।

(ख) राम र सीता सरासर घर गए ।

(ग) असल मानिस राम्रो काम गर्छ ।

(घ) त्यो केटो त स्वार्थी पो रहेछ ।

(ङ) गोपालले रूखबाट टपक्क स्याउ टिप्यो ।

(च) उनीहरू बिहान सबेरै उठ्छन् ।

(छ) आहा ! रामले कति राम्रो फूल टिपेछ ।

(ज) स्यावास ! तिमी प्रथम हुन्छौ भन्ने मलाई लागेको थियो ।

(झ) हरि आज विद्यालयबाट छिट्टै फर्केछ ।

७. पाठमा दिइएका निपात, विस्मयादिबोधक, नामयोगी, संयोजक र क्रियायोगी पदहरू पर्ने गरी तलको चित्रलाई घेर्नुहोस् :



एकाइ ८

# लिङ्ग

## लिङ्गको परिचय

तल दिइएका शब्द पढ्नुहोस् :

| | पुलिङ्ग | स्त्रीलिङ्ग |
|---|---|---|
| पदवर्ग नाम | छोरा | छोरी |
| | युवक | युवती |
| | केटा | केटी |
| | मामा | माइजू |
| | बुबा | आमा |
| | दाजु | भाउजू |
| | गोरु | गाई |

| | पुड्को | पुड्की |
|---|---|---|
| विशेषण | बुढो | बूढी |
| | गोरो | गोरी |
| | कालो | काली |
| | अग्लो | अग्ली |
| | पातलो | पातली |
| | होचो | होची |

| | | |
|---|---|---|
| क्रिया | खान्छ | खान्छे |
| | रोला | रोली |
| | पढ्छ | पढ्छे |
| | जान्छ | जान्छे |
| | रुन्छ | रुन्छे |
| | गाएको थियो | गाएकी थिई |

पुरुष या स्त्री जाति बुझाउने शब्दलाई लिङ्ग भनिन्छ ।

पुरुष या स्त्री जाति बुझाउने शब्दलाई लिङ्ग भनिन्छ ।

## लिङ्गका प्रकार

नेपालीमा लिङ्ग दुई प्रकारका छन् :

क) पुलिङ्ग        ख) स्त्रीलिङ्ग

### (क) पुलिङ्ग

बुबा, काका, दाजु, राम, दावा, सोनाम, गोरु, साँढे, छेत्री, मगर, गुरुङ, कवि, गुरु, जान्छ, पढ्छ, लेख्छ ।

पुरुष अथवा भाले जाति बुझाउने शब्दलाई पुलिङ्ग भनिन्छ ।

आमा, छोरी, केटी, काकी, सीता, रमिला, रञ्जना, गुरुमा, मगर्नी, बाख्री, काली, सेती, पुड्की, खान्छे, पढ्छिन्, जान्छे, खेल्छिन् ।

### (ख) स्त्रीलिङ्ग

स्त्री अथवा पोथी जाति बुझाउने शब्दलाई स्त्रीलिङ्ग भनिन्छ ।

## ८.३ लिङ्ग परिवर्तन गर्ने तरिका

(क) पुलिङ्ग शब्दका पछाडि 'इ' प्रत्यय जोडेर :

| पुलिङ्ग | स्त्रीलिङ्ग | पुलिङ्ग | स्त्रीलिङ्ग |
|---|---|---|---|
| नर | नारी | ठुलो | ठूली |

| | | | |
|---|---|---|---|
| कुमार | कुमारी | चरो | चरी |
| केटो | केटी | बुढो | बूढी |
| सानो | सानी | बच्चो | बच्ची |
| बाठो | बाठी | काका | काकी |
| बाहुन | बाहुनी | बेहुलो | बेहुली |

(ख) पुलिङ्ग शब्दका पछाडि 'नी' प्रत्यय जोडेर :

| पुलिङ्ग | स्त्रीलिङ्ग | पुलिङ्ग | स्त्रीलिङ्ग |
|---|---|---|---|
| छेत्री | छेत्रिनी | मगर | मगर्नी |
| नाति | नातिनी | पसले | पसल्नी |
| नेवार | नेवार्नी | पण्डित | पण्डित्नी |
| जर्नेल | जर्नेल्नी | कुकुर | कुकुर्नी |

(ग) पुलिङ्ग शब्दका पछाडि 'इका' प्रत्यय जोडेर :

| पुलिङ्ग | स्त्रीलिङ्ग | पुलिङ्ग | स्त्रीलिङ्ग |
|---|---|---|---|
| गायक | गायिका | लेखक | लेखिका |
| चालक | चालिका | नायक | नायिका |
| सेवक | सेविका | शिक्षक | शिक्षिका |
| कुमार | कुमारी | बालक | बालिका |

(घ) पुलिङ्ग शब्दका पछाडि इनी/एनी प्रत्यय जोडेर :

| पुलिङ्ग | स्त्रीलिङ्ग | पुलिङ्ग | स्त्रीलिङ्ग |
|---|---|---|---|
| लामा | लमिनी | थारु | थरुनी |
| देवर | देवरानी | काजी | कजिनी |
| कार्की | कार्किनी | जोगी | जोगिनी |
| मित | मितिनी | सुब्बा | सुब्बेनी |

(च) क्रियामा परिवर्तन गरेर


| पुलिङ्ग | स्त्रीलिङ्ग | पुलिङ्ग | स्त्रीलिङ्ग |
|---|---|---|---|
| जान्छ | जान्छे | पढ्दै छ | पढ्दै छे |
| खान्छ | खान्छिन् | जाने छ | जाने छिन् |

(ङ) शब्दको रूप बदलेर :

| पुलिङ्ग | स्त्रीलिङ्ग | पुलिङ्ग | स्त्रीलिङ्ग |
|---|---|---|---|
| भाले | पोथी | ससुरा | सासू |
| पुरुष | महिला | बुबा | आमा |
| भाइ | बहिनी | लोग्ने | स्वास्नी |
| साँढे | गाई | मामा | माइजू |
| मत्ता | ढोई | ज्वाइँ | छोरी |

च) शब्दको अघिल्लो र पछिल्लो रूप परिवर्तन गरेर :

| पुलिङ्ग | स्त्रीलिङ्ग | पुलिङ्ग | स्त्रीलिङ्ग |
|---|---|---|---|
| लोग्ने मान्छे | स्वास्नी मान्छे | गुरुबा | गुरुआमा |
| हजुरबा | हजुर आमा | सानाबा | सानिमा |
| भाले परेवा | पोथी परेवा | बाबुसाहेब | मैयाँसाहेब |



## अभ्यास

१. तलका प्रश्नहरूको उत्तर दिनुहोस् :

(क) लिङ्ग भनेको के हो ?

(ख) लिङ्ग कति प्रकारका छन् ? उदाहरणसमेत दिनुहोस् :

२. तलका पुलिङ्ग शब्दलाई स्त्रीलिङ्गमा बदल्नुहोस् :

गायक, लेखक, काका, ज्वाइँ, बुढो, कुमार, देवर, साँढे, ससुरा, जोगी, बालक, युवक, मगर, छेत्री, मामा, भान्जा, नेवार, कवि, छोरो, भाइ, नर, राजासाहेब,

गुरुबा, चालक, बुबा, खान्छ, जान्छ, पढ्छ, सुन्छ, सेतो, कालो, पुड्को ।

३. तल दिइएका वाक्यलाई स्त्रीलिङ्गमा बदल्नुहोस् :

(क) भाइ विद्यालय गयो ।

(ख) जेठो धेरै रिसायो ।

(ग) बुबा बजार जानुभयो ।

(घ) साँढे घाँस खान्छ ।

(ङ) कालो केटो गयो ।

(च) गायकले गीत गायो ।

४. तल दिइएका वाक्यलाई पुलिङ्गमा बदल्नुहोस् :

(क) छोरी पढ्न गई ।

(ख) दिदी कहिले आउनुहुन्छ ?

(ग) गाई घाँस खान्छ ।

(घ) म बजार गएकी थिएँ ।

(ङ) हाम्री आमा आउनुभयो ।

(च) बहिनी धेरै पढ्छे ।

(छ) सानी केटी बाहिर गई ।

५. तलको अनुच्छेदलाई स्त्रीलिङ्गमा बदल्नुहोस् :

मेरो एउटा सानो भाइ छ । ऊ सधैँ बिहान उठ्ने गर्छ । ऊ हातमुख धोएर चिया पिउँछ र पढ्न बस्छ । ऊ खाना खाएर विद्यालय जान्छ । ऊ कक्षामा ध्यान दिएर पढ्छ । गुरुले भनेको सधैँ मान्छ । ऊ नजानेको कुरा बुबालाई पनि सोध्ने गर्छ । ऊ गृहकार्य पूरा नगरिकन कहिल्यै पनि सुत्दैन । ऊ हरेक परीक्षामा प्रथम हुन्छ ।

एकाइ ८

# वचन

## वचनको परिचय

तल दिइएका वाक्यलाई पढ्नुहोस् :

म पुस्तक पढ्छु ।

हामी खेल्न जान्छौँ ।

उसले आँप खायो ।

विद्यार्थीहरू चौरमा खेल्छन् ।

गुरु पाठ पढाउनुहुन्छ ।

उनीहरू मिहिनेती छन् ।

ऊ गीत गाउँदै छ ।

तिमीहरू कहिले आयौ ?

माथिका वाक्यलाई एकवचन र बहुवचन छुट्याएर लेख्नुहोस् :

| एकवचन | बहुवचन |
|---|---|
| | |

एक अथवा धेरै सङ्ख्या बुझाउने शब्दलाई वचन भनिन्छ ।

## वचनका प्रकार

नेपालीमा वचन दुई प्रकारका छन् :

(क) एकवचन (ख) बहुवचन

**(क) एकवचन**

म भात खान्छु ।

राम घर गयो ।

तँ कहिले आइस् ?

सीमा गीत गाउँछे ।

उमेश भोलि आउँछ ।

कुनै एउटा व्यक्ति, वस्तु अथवा पदार्थ बुझाउने शब्दलाई एकवचन भनिन्छ ।

**(ख) बहुवचन**

हामी भात खान्छौँ ।

राम र गोपाल गए ।

उनीहरू कहिले आउँछन् ?

तिमीहरू कता जान्छौ ।

हामी पुस्तक पढ्छौँ ।

एकभन्दा बढी व्यक्ति, वस्तु अथवा पदार्थ बुझाउने शब्दलाई बहुवचन भनिन्छ ।

## वचनको वितरण

नेपालीमा वचनको भेद नाम, सर्वनाम, विशेषण र क्रियापदमा हुन्छ ।

**(क) नाम र वचन**

| एकवचन | बहुवचन |
|---|---|
| फूल | फूलहरू |
| राम | रामहरू |
| छोरो | छोराहरू |
| भाइ | भाइहरू |
| दिदी | दिदीहरू |
| हिमाल | हिमालहरू |
| मानिस | मानिसहरू |

## (ख) सर्वनाम र वचन

| एकवचन | बहुवचन |
|---|---|
| म | हामी/हामीहरू |
| तँ | तिमीहरू |
| तपाईँ | तपाईँहरू |
| तिनी | तिनीहरू |
| ऊ | उनीहरू |
| उनी | उनीहरू |
| उहाँ | उहाँहरू |
| त्यो/ती | तिनीहरू |
| यो/यी | यिनीहरू |
| तिमी | तिमीहरू |

## (ग) विशेषण र वचन

| एकवचन | बहुवचन |
|---|---|
| गोरो | गोरा |
| राम्रो | राम्रा |
| बाठो | बाठा |
| रातो | राता |
| कालो | काला |
| ठुलो | ठुला |
| सानो | साना |
| अग्लो | अग्ला |
| गुलियो | गुलिया |

### (घ) क्रियापद र वचन

| एकवचन | बहुवचन |
|---|---|
| खान्छ | खान्छन् |
| जान्छ | जान्छन् |
| पढ्यो | पढे |
| पढ्ला | पढ्लान् |
| खेल्छु | खेल्छन् |
| आउने छ | आउने छन् |
| गएँ | गयौँ |
| छ | छन् |
| खाला | खालान् |

## वचन परिवर्तन गर्ने तरिका

### (क) शब्दमा 'हरू' थपेर

| एकवचन | बहुवचन |
|---|---|
| साथी | साथीहरू |
| कलम | कलमहरू |
| तिमी | तिमीहरू |
| पुस्तक | पुस्तकहरू |
| केटी | केटीहरू |
| गुरु | गुरुहरू |

### (ख) शब्दको अन्त्यमा भएका 'उ' 'ओ' वर्णलाई 'आ' मा बदलेर

| एकवचन | बहुवचन |
|---|---|
| कालो | काला |
| छोरो | छोरा |

| एकवचन | बहुवचन |
|---|---|
| ठुलो | ठुला |
| सानो | साना |
| छानु | छाना |
| मुसो | मुसा |
| केटो | केटा |

### (ग) शब्दको रूप फेरी 'हरू' थपेर

| एकवचन | बहुवचन |
|---|---|
| ऊ | उनीहरू |
| तँ | तिनीहरू |
| म | हामीहरू |
| त्यो | तिनीहरू |
| यो | यिनीहरू |

### (घ) शब्द दोहोऱ्याएर

| एकवचन | बहुवचन |
|---|---|
| जो | जो जो |
| के | के के |
| कुन | कुन कुन् |
| कसले | ककसले/कसले कसले |
| दिन | दिनदिनै |


### (ङ) शब्दका पछाडि गण, वृन्द, वर्ग अथवा जन जोडेर

| एकवचन | बहुवचन |
|---|---|
| भक्त | भक्तजन |

| एकवचन | बहुवचन |
|---|---|
| सज्जन | सज्जनवृन्द |
| पाठक | पाठकवृन्द |
| गुरु | गुरुवर्ग |
| महिला | महिलावृन्द |
| श्रोता | श्रोतागण |
| मित्र | मित्रगण |

### (च) क्रियामा विभिन्न प्रत्यय जोडेर

| एकवचन | बहुवचन |
|---|---|
| जान्छ | जान्छन् |
| भन्ला | भन्लान् |
| लेख्छ | लेख्छन् |
| पढ्छ | पढ्छन् |
| छ | छन् |
| जा | जाओ |



## अभ्यास

१. तलका प्रश्नको उत्तर दिनुहोस् :

(क) वचन भनेको के हो ?

(ख) वचन कति प्रकारका छन् ? उदाहरण दिनुहोस् ।

(ग) वचन परिवर्तन के कस्ता पदहरूमा हुन्छन् ?

(घ) वचनलाई कसरी परिवर्तन गर्न सकिन्छ ? उदाहरणसमेत दिनुहोस् ।

२. तल दिइएका शब्दहरूलाई बहुवचनमा बदल्नुहोस् :

घर, छोरो, कलम, विद्यार्थी, म, ऊ, तिमी, त्यो, राम्रो, मिठो, ठुलो, रातो, केटो,

फूल, छोरी, कुकुर, छन्, गोरो, हरियो, झुप्पो, किरो, श्रोता, सज्जन, जान्छ, गएछ, को, जो, जाला ।

३. तल दिइएका वाक्यहरूलाई बहुवचनमा बदल्नुहोस् :

(क) पहाड हरियो छ ।

(ख) बुबा आउनुभयो ।

(ग) म विद्यार्थी हुँ ।

(घ) मैले पाठ पढेँ ।

(ङ) छोरी पढ्न गई ।

(च) तपाईँ कहिले आउनुभयो ?

(छ) छोरो घर आयो ।

(ज) कृषक खेतमा छ ।

(झ) यो कलम राम्रो छ ।

४. तल दिइएका वाक्यहरूलाई एकवचनमा परिवर्तन गर्नुहोस् :

(क) हामी खेल्न जान्छौँ ।

(ख) केटाहरू बजार गए ।

(ग) उनीहरू पढ्न जान्छन् ।

(घ) तिमीहरू यहीँ बस ।

(ङ) तपाईँ के गर्दै हुनुहुन्छ ?

(च) विद्यार्थीगण खेल्दै छन् ।

(छ) भक्तजन देवीको दर्शन गर्छन् ।

(ज) तिमीहरू खेतमा काम गर्छौ ।

(झ) उनीहरू नाच्न थाले ।

५. तलका अनुच्छेदलाई बहुवचनमा परिवर्तन गर्नुहोस् :

म काठमाडौँ घुम्न गएको थिएँ । म त्यहाँ तीन दिन बसेँ । म बस चढेर पशुपति घुम्न गएँ । मैले स्वयम्भूको दर्शन पनि गरेँ । पर्यटक पनि त्यहाँ घुम्न आएका थिए । म हनुमान ढोका र छाउनी पनि गएँ । म काठमाडौँलाई कहिल्यै पनि बिर्सने छैन ।

एकाइ १०

# पुरुष

## पुरुषको परिचय

तलका वाक्य पढ्नुहोस् :

म घर जान्छु । (म वक्ता – प्रथम पुरुष)

तँ कहिले आइस् ? (तँ श्रोता – द्वितीय पुरुष)

ऊ चिठी लेख्छ । (ऊ विषय – तृतीय पुरुष)

तलका वाक्यहरू कुन कुन पुरुषमा छन् ? तालिकामा भर्नुहोस् :

म विद्यालय जान्छु । हामी फुटबल खेल्छौँ ।

तँ सधैँ खेल्छस् । तिमी पाठ पढ ।

तपाईँ बजार जानुहोस् । उनीहरू घुम्न गए ।

त्यो खाजा खान्छ । उसले गीत गायो ।

| प्रथम पुरुष | द्वितीय पुरुष | तृतीय पुरुष |
|---|---|---|
| | | |

## पुरुषका प्रकार

नेपालीमा पुरुष तीन प्रकारका छन् :

पुरुष
- प्रथम पुरुष : म, हामी
- द्वितीय पुरुष : तँ, तिमी, तपाईँ
- तृतीय पुरुष : ऊ, उनी, उहाँ

व्यक्तिलाई बुझाउने शब्दलाई पुरुष भनिन्छ । यो सर्वनाम र क्रियासँग सम्बन्धित हुन्छ । यसले वक्ता (बोल्ने व्यक्ति), श्रोता (सुन्ने व्यक्ति) र अन्य व्यक्ति वस्तुलाई बुझाउँछ ।

### (क) प्रथम पुरुष

म सहर जान्छु ।		हामी पढ्न जान्छौँ ।

| एकवचन | बहुवचन |
|---|---|
| म खाना खान्छु । | हामी खाना खान्छौँ । |
| म गीत गाउँछु । | हामी गीत गाउँछौँ । |
| म फुटबल खेल्छु । | हामी फुटबल खेल्छौँ । |

बोल्ने व्यक्ति अथवा वक्ताका बारेमा बताउने पुरुषलाई प्रथम पुरुष भनिन्छ । म र हामी सर्वनाम प्रथम पुरुष हुन् ।

### (ख) द्वितीय पुरुष

तँ विद्यालय जान्छस् ।		तिमी घुम्न जान्छौ ।

तपाईँ घरमा बस्नुहुन्छ ।		तिमीहरू कहिले आयौ ?

| एकवचन | बहुवचन |
|---|---|
| तँ चकचक नगर । | तिमीहरू चकचक नगर । |
| तिमी धेरै पढ्छौ । | तिमीहरू धेरै पढ्छौ । |
| तपाईँ खाना खानुहोस् । | तपाईँहरू खाना खानुहोस् । |

श्रोतासँग सन्दर्भित भएर आउने र सुन्ने व्यक्तिका बारेमा बताउने पुरुषलाई द्वितीय पुरुष भनिन्छ । तँ, तिमी, तपाईँ, हजुर, तिमीहरू द्वितीय पुरुष सर्वनाम हुन् ।


### (ग) तृतीय पुरुष

ऊ पढ्दै छ ।		उनी जाँदै छिन् ।

तिनीहरू खेल्छन् ।		उनीहरू पढ्छन् ।

| एकवचन | बहुवचन |
|---|---|
| ऊ घुम्न जान्छ । | उनीहरू घुम्न जान्छन् । |
| उनी जाँदै छिन् । | उनीहरू जाँदै छन् । |
| तिनी पाठ पढ्छिन् । | तिनीहरू पाठ पढ्छन् । |

अन्य व्यक्ति अथवा वस्तुसँग सन्दर्भित भएर आउने र तेस्रो व्यक्तिका बारेमा बताउने पुरुषलाई तृतीय पुरुष भनिन्छ । ऊ, उनी, उनीहरू, तिनीहरू तृतीय पुरुष हुन् ।



## अभ्यास

१. तलका प्रश्नको उत्तर दिनुहोस् :

(क) पुरुष भनेको के हो ?

(ख) पुरुष कति प्रकारका छन् ?

(ग) प्रथम पुरुष भन्नाले के बुझिन्छ र यो कति प्रकारको हुन्छ ?

(घ) द्वितीय र तृतीय पुरुषका बिचको भिन्नतालाई उदाहरणसहित देखाऊ :

२. जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| म कथा भन्छु । | द्वितीय पुरुष |
| तैले गीत गाइस् । | तृतीय पुरुष |
| ऊ पढ्न जाओस् । | प्रथम पुरुष |

३. तल दिइएका वाक्यलाई द्वितीय पुरुषमा परिवर्तन गर्नुहोस् :

(क) म सहर जान्छु ।

(ख) म पौडी खेल्दै छु ।

(ग) म धेरै हाँस्छु ।

(घ) हामी क्रिकेट खेल्छौँ ।

(ङ) हामी डुल्न जान्छौँ ।

(च) ऊ पाठ पढ्छ ।

(छ) उसले खेत खन्यो ।

(ज) उनी जाँदै छिन् ।

४. तल दिइएका वाक्यलाई तृतीय पुरुषमा परिवर्तन गर्नुहोस् :

(क) तँ खाना खान्छस् ।

(ख) तिमी कथा सुन्छौ ।

(ग) म घरमा बस्छु ।

(घ) तपाईं विद्यालय जानुहुन्छ ।

(ङ) हामीहरू भ्रमणमा गयौँ ।

(च) तपाईं कहिले आउनुहुन्छ ?

(छ) हामी बजार गयौँ ।

(ज) म गीत गाएर नाच्छु ।

एकाइ ११

# आदरार्थी

## आदरार्थीको परिचय

तलको अनुच्छेद पढ्नुहोस् :

मेरो घर नुवाकोटको त्रिशूलीमा पर्छ । एकदिन मेरो घरमा म बाहेक कोही थिएनन् । एक जना अपरिचित मानिस घरमा आउनुभयो । उहाँले मलाई सोध्नुभयो : तँ घरमा के गर्दै छस् ? तेरा बाबुआमा कता गए ? यसरी सोध्दा मलाई डर लाग्यो । मैले बिस्तारै उत्तर दिएँ । म घरमा पढेर बसेको छु । बुबाआमा खेतमा जानुभएको छ । उहाँले मलाई बाबु तिमी ज्ञानी रहेछौ । तिमी आज किन विद्यालय गएनौ ? यति कुरा गर्दागर्दै बुबाआमा पनि आउनुभयो । नमस्कार ! तपाईँहरू कता जानुभएको थियो ?

म बेलायतबाट आएको । बुबाआमाले ती मानिसलाई घरमा बसाउनुभयो । मैले उहाँलाई सोधेँ । बेलायतमा महारानी होइबक्सन्छ होइन ? हो, बाबु बेलायतमा महारानी होइबक्सन्छ । उहाँबाट जनताको बढो ख्याल गरिबक्सन्छ । यति कुरा गरेपछि म खेल्न चौरमा गएँ ।

अनुच्छेदमा सामान्य आदरार्थी, मध्यम आदरार्थी, उच्च आदरार्थी, अतिउच्च आदरार्थीका क्रियापद लेख्नुहोस् :

| सामान्य आदरार्थी | मध्यम आदरार्थी | उच्च आदर | अतिउच्च आदर |
|---|---|---|---|
| | | | |

## ११.२ आदरार्थीका प्रकार

आदरार्थीलाई चार प्रकारमा विभाजन गर्न सकिन्छ :

(क) सामान्य आदरार्थी
(ख) मध्यम आदरार्थी
(ग) उच्च आदरार्थी
(घ) अतिउच्च आदरार्थी

### (क) सामान्य आदरार्थी

तँ विद्यालय जा ।

ऊ घर फर्कैछ ।

राम पढ्न गयो ।

बहिनी खेल्न गई ।

आफूभन्दा साना, आफूले हेपेका र अमानवीय तथा निर्जीव वस्तुलाई बुझाउँदा प्रयोग गरिने आदरार्थीलाई **सामान्य आदरार्थी** भनिन्छ ।

### (ख) मध्यम आदरार्थी

तिमी पाठ पढ्छौ ।

उनी खेल्न जान्छिन् ।

बहिनी ज्ञानी छिन् ।

भाइ असल छन् ।

आफू समानका र आफूभन्दा सानालाई माया गर्दा प्रयोग गरिने आदरार्थीलाई **मध्यम आदरार्थी** भनिन्छ ।

### (ग) उच्च आदरार्थी

तपाईँ खाना पकाउनुहुन्छ ।

बुबा अफिस जानुहुन्छ ।

उहाँ विदेश जानुभयो ।

शिक्षक विद्यालयमा पढाउनुहुन्छ ।

आफूभन्दा ठुला र मान सम्मान गर्नुपर्ने व्यक्तिका सन्दर्भमा प्रयोग गरिने आदरार्थीलाई **उच्च आदरार्थी** भनिन्छ ।

### (घ) अतिउच्च आदरार्थी


हजुर कताबाट आइबक्सियो ?

मौसुफबाट भारतको भ्रमण गरिबक्सने छ ।

मुमा कता गइबक्सनुभयो ?

बुबा कहिले आइबक्सन्छ ?

अतिमान्य व्यक्ति र राजपरिवारका सदस्यहरूका लागि प्रयोग गरिने आदरार्थीलाई **अतिउच्च आदरार्थी** भनिन्छ ।



## अभ्यास

१. तलका प्रश्नको उत्तर दिनुहोस् :

(क) आदरार्थी भनेको के हो ?

(ख) आदरार्थी कति प्रकारका हुन्छन् ? परिचय र उदाहरण दिनुहोस् :

२. तल दिइएका वाक्यको आदरक्रम लेख्नुहोस् :

(क) तँ खेल्न जा ।

(ख) तिनी मिहिनेती छिन् ।

(ग) तपाईं घरमा बस्नुहुन्छ ।

(घ) ऊ पाठ पढ्छ ।

(ङ) बहिनी गीत गाउँछे ।

(च) तिनी असल छिन् ।

(छ) कृष्ण कथा भन्छन् ।

(ज) मुमा बजार गइबक्सियो ।

(झ) उहाँ शिक्षक हुनुहुन्छ ।

(ञ) मौसुफ सवारी होइबक्सियो ।

(ट) यिनी खेतमा जान्छिन् ।

(ठ) भाइ चकचक गर्छ ।

(ड) रमेशले क्रिकेट खेलेको थियो ।

३. जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| उनी विद्यालय | खा |
| तँ भात | पढाउनुभयो |
| गुरुले | गए |
| उहाँ | गयो |
| तिमी चित्र | जानुहुन्छ |
| ऊ पढ्न | बनाउँछौ |

४. तल दिइएका पुरुषअनुसार वाक्य बनाउनुहोस् :

तँ : ____________________

तिमी : ____________________

उहाँ : ____________________

तपाईं : ____________________

ऊ : ____________________

उनी : ____________________

यिनी : ____________________

एकाइ १२

# काल र पक्ष

## कालको परिचय

तल दिइएका अनुच्छेद पढ्नुहोस् :

म कक्षा छ मा पढ्छु । मेरो मिल्ने साथीको नाम राजाराम हो । उसले बिचमा पढाइ छोड्यो । मैले पढाइ नछोड भनेर धेरै सम्झाएको थिएँ तर उसले मानेन । गुरुहरूले पनि धेरै सम्झाउनुभयो । अहिले ऊ घरतिरै बस्छ । ऊ भोलि के बन्ला भनेर सबै पीर गर्छन् । उसको भविष्य अवश्य अन्धकार हुने छ । उसलाई जसरी भए पनि फेरि विद्यालयमा भर्ना गर्न पहल गर्नुपर्छ । उसलाई सुयोग्य नागरिक बनाउनु हामी सबैको कर्तव्य हुने छ ।

माथिका अनुच्छेदमा आएका वाक्यहरू कुन–कुन कालका हुन् टिप्नुहोस् :

वर्तमान काल : ____________________

भूतकाल : ____________________

भविष्यत् काल : ____________________

> काम अथवा घटना भएको समय बुझाउने व्याकरणिक कोटिलाई काल भनिन्छ । कालले कुनै पनि क्रियाको बितेको, अहिलेको र आउने समयमध्ये कुनै एक समयलाई सङ्केत गर्दछ ।

## कालका प्रकार

काल तीन प्रकारका छन् :

(क) भूतकाल

(ख) वर्तमान काल

(ग) भविष्यत् काल

### (क) भूतकाल

म बजार गएँ ।

गोपालले भात खायो ।

उनीहरूले क्रिकेट खेले ।

उसले पुरस्कार पाएछ ।

बितेको समयका बारेमा बताउने काललाई भूतकाल भनिन्छ ।

### (ख) वर्तमान काल

म विद्यालय जान्छु ।
दावा खेल्न जान्छ ।
उनीहरू गीत गाउँछन् ।
उसले काम गरेको छ ।

अहिलेको समयको बारेमा बताउने काललाई वर्तमान काल भनिन्छ ।

### (ग) भविष्यत् काल

म बजार जाने छु ।
सोनाम पढ्न जाने छ ।
उनीहरू बजार जाँदै हुने छन् ।
उसले गीत गाएको हुने छ ।

आउने समयको बारेमा बताउने काललाई भविष्यत् काल भनिन्छ ।

## वर्तमान कालका पक्ष

मेरो नाम लखन हो । म कक्षा ६ मा पढ्दै छु । मेरो एउटा भाइ पनि छ । ऊ तीन कक्षामा पढ्दै छ । मैले विद्यालयमा सङ्गीत र नृत्य सिकेको छु । म भाइलाई पनि नृत्य सिकाउँछु । हामी दुवैले नृत्यमा पुरस्कार पाएका छौँ । भाइ मामाघर जाँदै छ । ऊ आजै घर फर्कन्छ अनि हामी मिलेर खेल्न जान्छौँ ।

माथि दिइएको अनुच्छेदमा रहेका वाक्यलाई तल दिइएको तालिकामा भर्नुहोस् :

| सामान्य | अपूर्ण | पूर्ण |
|---|---|---|
| | | |

### (क) सामान्य वर्तमान काल

ऊ पढ्न जान्छ ।
तिमी खेल्न जान्छौ ।
भाइ कथा भन्छ ।
तपाईं पाठ पढाउनुहुन्छ ।
उनी गीत गाउँछिन् ।

कुनै पनि काम अथवा घटना वर्तमान अथवा अहिलेको समयमा हुने तर पूरा भए अथवा नभएको केही नजनाउने क्रियाको पक्षलाई सामान्य वर्तमान काल भनिन्छ ।

### (ख) अपूर्ण वर्तमान काल

रमेश घर जाँदै छ । | भाइहरू पढ्दै छन् ।
सानी चिठी लेख्दै छे । | उनीहरू घुम्न जाँदै छन् ।
तँ खेल्न जाँदै छस् ।

कुनै काम अथवा घटना अहिलेको समयमा हुँदै गरेको अथवा भइरहेको जनाउन आउने क्रियापदको पक्षलाई अपूर्ण वर्तमान काल भनिन्छ ।

### (ग) पूर्ण वर्तमान काल

सुमन पोखरा बसेको छ । | साथीहरूले पाठ पढेका छन् ।
सीताले कविता लेखेकी छिन् । | उनीहरू घुम्न गएका छन् ।
आमाले भात पकाउनुभएको छ ।

कुनै पनि काम अहिलेको समयमा पूरा भएको तर त्यसको असर बाँकी नै रहेको अवस्थालाई बुझाउने क्रियाको पक्षलाई पूर्ण वर्तमान काल भनिन्छ ।

## भूतकालका पक्ष

देवताहरूमा कुबेर सबभन्दा धनी थिए । देवताहरू सम्पत्तिको खाँचो पर्दा उनै कहाँ जान्थे । कुबेर पनि मद्दत गर्थे । बिस्तारै कुबेरलाई धनको घमण्ड चढ्दै गयो । एकदिन देवताहरूलाई धनको खाँचो भएछ । देवताहरूले कुबेरसँग धेरै ऋण लिएका कारण उनीहरू धन माग्न फेरि कुबेर कहाँ जान सकेका थिएनन् । धनी भएकोले कुबेरमा घमण्ड थियो भन्ने सबै देवतालाई लागेको थियो । तैपनि सबै चुपचाप थिए । गणेशचाहिँ कसरी कुबेरको घमण्ड तोडौँ भन्ने मौकाको खोजीमा हुन्थे ।

माथिको अनुच्छेदमा भएका वाक्यलाई तल दिइएको तालिकामा भर्नुहोस् :

| सामान्य | अपूर्ण | पूर्ण | अज्ञात | अभ्यस्त |
|---|---|---|---|---|
| | | | | |

### (क) सामान्य भूतकाल

मैले चिठी लेखेँ । | तिमीले गीत गायौ ।
विद्यार्थीहरू नाचे । | भाइ घर गयो । | उनीहरूले चित्र कोरे ।

कुनै पनि काम बितेको समयमा पूरा भएको सामान्य अवस्था जनाउने क्रियाको पक्षलाई सामान्य भूतकाल भनिन्छ ।

### (ख) अपूर्ण भूतकाल

म खेल्दै थिएँ ।
उनीहरू जाँदै थिए ।
त्यो आउँदै थियो ।
रीता फूल टिप्दै थिई ।
तिमी पाठ पढ्दै थियौ ।

कुनै पनि काम बितेको समयमा भइरहेको अथवा हुँदै गरेको बुझाउन आउने क्रियाको पक्षलाई अपूर्ण भूतकाल भनिन्छ ।

### (ग) पूर्ण भूतकाल

राम घर गएको थियो ।
भाइले भात खाएको थियो ।
तैँले पाठ पढेको थिइस् ।
तिमीहरू घुम्न गएका थियौ ।
तपाईँले खाना बनाउनुभएको थियो ।

कुनै पनि काम बितेको समयमा पूरा भइसकेको अवस्था जनाउने क्रियापदको पक्षलाई पूर्ण भूतकाल भनिन्छ ।

### (घ) अज्ञात भूतकाल

मैले कथा पढेछु ।
रीताले परीक्षा दिइछ ।
सुमन पोखरा गएछ ।
उनीहरूले खेल जितेछन् ।
उसले गीत गाएछ ।

कुनै पनि काम बितेको समयमा भइसकेको तर त्यसको जानकारी अहिले आएर मात्र थाहा पाएको अवस्था जनाउने क्रियापदको पक्षलाई अज्ञात भूतकाल भनिन्छ ।

### (ङ) अभ्यस्त भूतकाल

भाइ सानोमा रुन्थ्यो ।
उमेश गीत गाउँथ्यो ।
म धेरै पढ्थेँ ।
हामी बगैँचामा घुम्थ्यौँ ।
उनीहरू पौडी खेल्थे ।

कुनै पनि काम बितेको समयमा बानी परेको तर वर्तमानमा हुन छोडिसकेको बताउन आउने क्रियाको पक्षलाई अभ्यस्त भूतकाल भनिन्छ ।

## भविष्यत् कालका पक्ष

किसानहरू गाउँमा मिलेर बसेका हुने छन् । उनीहरू एकअर्कालाई सहयोग गरेका हुने छन् । उनीहरूले सामुहिक रूपमा व्यावसायिक खेती गर्दै हुने छन् । एकअर्कालाई दुःख पर्दा सहयोग गरेका हुने छन् । उनीहरूमा सहयोगीको भावना बढ्दै गएको हुने छ । उनीहरूले चाडपर्व पनि मिलेर मनाएका हुने छन् । उनीहरूलाई हेर्न विदेशीहरू पनि आउँदै हुने छन् । किसानहरूले गाउँलाई सुन्दर बनाउने छन् ।

माथिका अनुच्छेदमा भएका वाक्यलाई तल दिइएको तालिकामा भर्नुहोस् :

| सामान्य | अपूर्ण | पूर्ण |
|---|---|---|
| | | |

### (क) सामान्य भविष्यत् काल

दावा बजार जाने छ ।

हामी भरे आउने छौँ ।

तँ पाठ पढ्ने छस् ।

दिपा कविता पढ्ने छे ।

बुबा पोखरा जानुहुने छ ।

कुनै पनि काम अथवा घटना पछि अथवा आउने समयमा हुने सामान्य अवस्था जनाउने क्रियाको पक्षलाई सामान्य भविष्यत् काल भनिन्छ ।

### (ख) अपूर्ण भविष्यत् काल

राम पौडी खेल्दै हुने छ ।

उनीहरू पढ्दै हुने छन् ।

हामी नाच्दै हुने छौँ ।

हवाईजहाज उड्दै हुने छ ।

म गीत गाउँदै हुने छु ।

कुनै पनि काम पछि आउने समयमा सुरु भई पूरा नहुने अर्थात् भइरहने जानकारी दिने क्रियाको पक्षलाई अपूर्ण भविष्यत् काल भनिन्छ ।

### (ग) पूर्ण भविष्यत् काल

मैले खेल जितेको हुने छु । उसले मोटर हाँकेको हुने छ ।

उनीहरूले बजार घुमेका हुने छन् । गोपालले गीत गाएको हुने छ ।

सीताले घाँस काटेकी हुने छिन् ।

> कुनै पनि काम पछि आउने समयमा सुरु भई पूरा नहुने अर्थात् भइरहने जानकारी दिने क्रियाको पक्षलाई **अपूर्ण भविष्यत्** काल भनिन्छ ।

## अभ्यास

१. तलका प्रश्नहरूको उत्तर दिनुहोस् :

(क) काल भनेको के हो ?

(ख) काल कति प्रकारका छन् ?

(ग) वर्तमान कालको परिचय र उदाहरण दिनुहोस् ।

((घ) भूतकालको परिचय र उदाहरण दिनुहोस् ।

(ङ) भविष्यत् कालको परिचय र उदाहरण दिनुहोस् ।

(छ) पक्ष कति प्रकारका छन् ? तिनका नाम र उदाहरण दिनुहोस् ।

(ज) सामान्य र अपूर्ण पक्षले क्रियाको कुन अवस्थालाई देखाउँछ ? लेख्नुहोस् ।

(झ) पूर्ण पक्षले क्रियाको कुन अवस्थालाई देखाउँछ ? लेख्नुहोस् ।

(ञ) अज्ञात र अभ्यस्त पक्षबिचको भिन्नतालाई उदाहरणसहित देखाउनुहोस् ।

२. उदाहरणमा दिएजस्तै क्रियापद बनाई खाली ठाउँमा भर्नुहोस् :

| पढ् : | पढ्छ | पढ्दै छ | पढेको छ |
|---|---|---|---|
| खेल् : | ________ | ________ | ________ |
| बस् : | ________ | ________ | ________ |
| सुन् : | ________ | ________ | ________ |
| खा : | ________ | ________ | ________ |

भन् : ______ ______ ______

सुत् : ______ ______ ______

३. उदाहरणमा दिएजस्तै क्रियापद बनाई खाली ठाउँमा भर्नुहोस् :

| लेख् | लेख्यो | लेख्दै छ | लेखेको छ | लेखेछ | लेख्थ्यो |
|---|---|---|---|---|---|
| चढ् | ______ | ______ | ______ | ______ | ______ |
| बस् : | ______ | ______ | ______ | ______ | ______ |
| खेल् : | ______ | ______ | ______ | ______ | ______ |
| पिउ : | ______ | ______ | ______ | ______ | ______ |
| नाच् : | ______ | ______ | ______ | ______ | ______ |

४. उदाहरणमा दिएजस्तै क्रियापद बनाई खाली ठाउँमा भर्नुहोस् :

| काट् | काट्ने छ | काट्दै हुने छ | काटेको हुने छ |
|---|---|---|---|
| सुत् : | ______ | ______ | ______ |
| जा : | ______ | ______ | ______ |
| रोप् : | ______ | ______ | ______ |
| भन् : | ______ | ______ | ______ |
| आऊ : | ______ | ______ | ______ |

५. तल दिइएका वाक्य कुन कुन पक्षका हुन् ? लेख्नुहोस् :

(क) म घर गएँ । ______

(ख) रिता गीत गाउँछे । ______

(ग) हामी घुम्न जाने छौँ । ______

(घ) गोठालाले घाँस काट्छ । ______

(ङ) मैले बाघ देखेँ । ______

(च) छोरो पास भयो । ______

(छ) वन विनास भएको थियो । ______

(ज) भाइ खेल्दै हुने छ । ______

(झ) गोपाल विदेश जाने छ । ______

(ञ) बहिनी धेरै रोइछ । ______

(ट) सीता सधैँ व्यायाम गर्थी । ______

(ठ) उनीहरू फुटबल खेल्दै थिए । ____________________

(ड) ऊ बजार गएको हुने छ । ____________________

(ढ) गुरुले पाठ पढाउनुभएको छ । ____________________

(ण) मामा घर आउँदै हुनुहुन्छ । ____________________

६. कोष्ठकमा दिइएको निर्देशनका आधारमा तलका वाक्यहरू परिवर्तन गर्नुहोस् :

(क) उनीहरू गीत गाउँदै छन् । (अपूर्ण भविष्यत्)

(ख) तँ पोखरा गइस् । (पूर्ण वर्तमान)

(ग) मैले भात खाएँ । (सामान्य वर्तमान)

(घ) रमाले गीत गाई । (सामान्य भविष्यत्)

(ङ) बुबा बजार जाँदै हुनुहुन्छ । (अपूर्ण भूत)

(च) म विद्यालयमा पढाउँछु । (अभ्यस्त भूत)

(छ) गोपालले गाई किन्यो । (सामान्य भविष्यत्)

(ज) भाइ पास भयो । (अज्ञात भूत)

(झ) उनीहरू डुल्न जान्छन् । (अपूर्ण वर्तमान)

(ञ) बहिनी पढ्न जान्छे । (पूर्ण भूत)

(ट) हामी फुटबल खेल्छौँ । (पूर्ण भविष्यत्)

(ठ) आमाले छोरालाई खेलाउनुभयो । (अज्ञात भूत)

(ड) म विराटनगर जान्छु । (सामान्य भविष्यत्)

(ढ) खेतालाहरू धान रोप्छन् । (सामान्य भूत)

(ण) केटाहरू घुम्न गएछन् । (अभ्यस्त भूत)

(त) छोरो पैसा माग्छ । (अपूर्ण भविष्यत्)

(द) सोनामले गाई पालेका छन् । (पूर्ण भविष्यत्)

(ध) पानीका मुहान सुके । (पूर्ण वर्तमान)

७. तलको अनुच्छेद पूर्ण वर्तमान कालमा छ, त्यसलाई पूर्ण भूतकालमा परिवर्तन गर्नुहोस् :

लखन चौधरीले गाई पालेका छन् । उनका बिस ओटा गाईले दुध दिन्छन् । उनले तरकारी खेती पनि गरेका छन् । दुध र तरकारी बेचेर धेरै पैसा कमाएका छन् । छोराछोरीलाई क्याम्पसमा पढाएका छन् । सहरमा पनि जग्गा किनेका छन् । आज उनका दुःखका दिन गएका छन् ।

एकाइ १३

# करण र अकरण

## करण र अकरणको परिचय

मानिस सामाजिक प्राणी हो । समाजविहीन मानवको कल्पना गर्न सकिँदैन । त्यसैगरी मानवविहीन समाजको पनि अस्तित्व हुँदैन । मानिस समाजबिचको मेलमिलापबाट सामाजिक सद्भावको विकास हुन्छ । समाजमा सद्भाव खलबल्याउने काम मानिसले गर्नु हुँदैन । सबै मिलेर बस्नुपर्छ । मानिसले समाजमा आफ्नो परिचय दिन चाहन्छ । ऊ खराब बनेर समाजमा रहन चाहँदैन । ऊ निरन्तर अगाडि बढ्न खोज्छ । समाजलाई अगाडि बढाउने शक्ति केवल मानवसँग मात्र छ । मानिस सामाजिक सद्भावको विकासमा विशेष महत्त्व राख्छ । मेलमिलाप र सद्भाव नभएको समाज विकास हुन सकेको छैन । त्यसकारण हामीले आफ्नो समाजलाई आफैँले सजाउनुपर्छ ।

माथिको अनुच्छेद पढी करण र अकरण छुट्याएर लेख्नुहोस् :

| करण | अकरण |
|---|---|
| | |

कुनै काम हुन्छ भन्ने सकारात्मक अर्थ बुझाउने वाक्यलाई करण भनिन्छ ।
कुनै काम हुँदैन भन्ने नकारात्मक अर्थ बुझाउने वाक्यलाई अकरण भनिन्छ ।

## करण र अकरण वाक्यान्तरण

करण वाक्यलाई अकरण र अकरण वाक्यलाई करणमा परिवर्तन गर्नुलाई करण–अकरण वाक्यान्तरण भनिन्छ ।

### अकरण–प्रक्रिया

करण वाक्यलाई अकरण वाक्यमा परिवर्तन गर्नुलाई अकरण प्रक्रिया भनिन्छ । करण वाक्यलाई अकरणमा बदल्न क्रियापदमा 'न' जोडिन्छ । 'न' वाक्यमा क्रियापदको सुरु, बिच अन्त्यमा जोडिन्छ ।

(क) आज्ञार्थ, इच्छार्थ र सम्भावनार्थ क्रियापदको अगाडि 'न' लाग्दछ । जस्तै :

| | करण | अकरण |
|---|---|---|
| आज्ञार्थ | तिमी पाठ पढ ।<br>तँ खेल्न जा ।<br>तपाईँ खाना खानुहोस् ।<br>तिमी गीत गाऊ । | तिमी पाठ नपढ ।<br>तँ खेल्न नजा ।<br>तपाईँ खाना नखानुहोस् ।<br>तिमी गीत नगाऊ । |
| इच्छार्थ | तिमी ठूली भए ।<br>ऊ खेल्न जाओस् ।<br>उनी पाठ पढून् ।<br>तपाईँ लेख लेख्नुहोओस् । | तिमी ठूली नभए ।<br>ऊ खेल्न नजाओस् ।<br>उनी पाठ नपढून् ।<br>तपाईँ लेख नलेख्नुहोओस् । |
| सम्भावनार्थ | ऊ खेल खेल्ला ।<br>आज पानी पर्ला ।<br>म घर जाउँला ।<br>तपाईँ घुम्न जानु होला । | ऊ खेल नखेल्ला ।<br>आज पानी नपर्ला ।<br>म घर नजाउँला ।<br>तपाईँ घुम्न नजानुहोला । |

(ख) अज्ञात भूत र अभ्यस्त भूत क्रियापदका बिचमा 'न' लाग्दछ । जस्तै :

| | करण | अकरण |
|---|---|---|
| आज्ञात भूत | म प्रथम भएछु<br>राम घर गएछ ।<br>तपाईँ घुम्न जानुभएछ ।<br>तिमीले गीत गाएछौ । | म प्रथम भएनछु ।<br>राम घर गएनछ ।<br>तपाईँ घुम्न जानुभएनछ ।<br>तिमीले गीत गाएनछौ । |
| अभ्यस्त भूत | म क्रिकेट खेल्थेँ ।<br>तँ घरमा थिइस् ।<br>रमा घरमा बस्थी ।<br>हामी चकचक गर्थ्यौँ । | म क्रिकेट खेल्दैनथेँ ।<br>तँ घरमा थिइनस् ।<br>रमा घरमा बस्दिनथी ।<br>हामी चकचक गर्दैनथ्यौँ । |

(ग) सबै कालका समान्य, अपूर्ण पक्षका क्रियापदका अन्त्यमा 'न' लाग्दछ । जस्तै :

| | करण | अकरण |
|---|---|---|
| सामान्य पक्ष | म घर जान्छु ।<br>तिमी फुटबल खेल्छौ ।<br>उसले कथा भन्यो ।<br>हामी गीत गाउने छौँ । | म घर जान्नँ ।<br>तिमी फुटबल खेल्दैनौ ।<br>उसले कथा भनेन ।<br>हामी गीत गाउने छैनौँ । |
| अपूर्ण पक्ष | म विद्यालय जाँदै छु ।<br>उ पढ्दै थियो ।<br>राम बजार घुम्दै हुने छ ।<br>उनीहरू काम गर्दै छन् । | म विद्यालय जाँदै छैन ।<br>ऊ पढ्दै थिएन ।<br>राम बजार घुम्दै हुने छैन ।<br>उनीहरू काम गर्दै छैनन् । |
| पूर्ण पक्ष | मैले गाएको थिएँ ।<br>उसले खेलेको छ ।<br>रामले पढेको हुने छ ।<br>उनीहरूले गीत गाएका हुने छन् । | मैले गाएको थिइनँ ।<br>उसले खेलेको छैन ।<br>रामले पढेको हुने छैन ।<br>उनीहरूले गीत गाएका हुने छैनन् । |

(घ) कुनै वाक्यलाई अकरण बनाउँदा समापिका क्रियालाई मात्र अकरण बनाएर हुँदैन । त्यसमा रहेका अन्य शब्दलाई पनि बदल्नुपर्ने हुन्छ । जस्तै :


| करण | अकरण |
|---|---|
| ऊ सधैँ विद्यालय जान्छ । | ऊ कहिल्यै विद्यालय जाँदैन । |
| उमेश जे पनि बोल्छ । | उमेश केही पनि बोल्दैन । |
| घरमा सबै जना छन् । | घरमा कोही पनि छैनन् । |
| श्याम निकै पढ्छ । | श्याम कत्ति पढ्दैन । |
| जो पनि मिलनसार छन् । | कोही पनि मिलनसार छैनन् । |

(ङ) ध्रुव सत्य जनाउने वाक्यलाई दोहोरो अकरण बनाउने प्रचलन रहेको पाइन्छ । त्यस्तो गर्दा वाक्यको अकरण पनि हुँदैन । जस्तै :

| करण | अकरण |
|---|---|
| आगोले पोल्छ । | आगोले नपोल्ने होइन (बेठिक ) |
| पृथ्वी गोलो छ । | पृथ्वी गोलो नभएको होइन (बेठिक) |
| सूर्य पूर्वबाट उदाउँछन् । | सूर्य पूर्वबाट नउदाउने होइनन् । (बेठिक) |

माथिका यस्ता वाक्यलाई अर्थका दृष्टिले विचलन भए पनि व्याकरणिक नियमका आधारमा नै अकरण बनाउनुपर्छ । जस्तै :

| करण | अकरण |
|---|---|
| आगोले पोल्छ । | आगोले पोल्दैन । |
| पृथ्वी गोलो छ । | पृथ्वी गोलो छैन । |
| सूर्य पूर्वबाट उदाउँछन् । | सूर्य पूर्वबाट उदाउँदैनन् । |



## अभ्यास

१. तलका प्रश्नको उत्तर दिनुहोस् :

(क) करण भनेको के हो ?

(ख) अकरण भनेको के हो ?

(ग) करण वाक्यलाई अकरण वाक्यमा परिवर्तन गर्ने के-कस्ता नियमहरू छन् ? उदाहरणबाट स्पष्ट पार्नुहोस् :

२. तलका क्रियालाई अकरण बनाउनुहोस् :

| करण | अकरण | करण | अकरण |
|---|---|---|---|
| गर्छु | ______ | थिए | ______ |
| जान्छु | ______ | आउनुहुन्छ | ______ |
| भन्ला | ______ | जाने छु | ______ |

| | | | |
|---|---|---|---|
| आएछन् | ______ | भएछ | ______ |
| गए | ______ | निदाएछ | ______ |
| नाच्छे | ______ | जालास् | ______ |
| गएको छ | ______ | गयो | ______ |
| बसून् | ______ | थिए | ______ |

३. तलका वाक्यलाई अकरणमा परिवर्तन गर्नुहोस् :

(क) तिमीले पाठ पढेस् ।
(ख) राम घर जाला ।
(ग) तपाईं खाना खानुहोस् ।
(घ) तँ राम्रो काम गर ।
(ङ) म विद्यालय जान्छु ।
(च) रमेश ज्ञानी थिए ।
(छ) तिमीले गीत गाएछौ ।
(ज) आमा पूजामा जानु भएछ ।
(झ) शारदा काम गर्दै छे ।
(ञ) पानी पऱ्यो भने जाडो हुन्छ ।
(ट) दाजु विदेशमा हुनुहुन्छ ।
(ठ) हरि निकै खेल्छ ।
(ड) घरमा सबै जना छन् ।
(ढ) मैले पढेको छु ।
(ण) रामले बोलेको थियो ।
(त) ऊ घर जाँदै थियो ।

४. कोष्ठकमा दिइएको सङ्केतका आधारमा वाक्य परिवर्तन गर्नुहोस् :

(क) बहिनी राम्ररी पढ्छे । (अकरण)
(ख) देशमा शान्ति आयो । (अकरण)
(ग) उधोगधन्दा खुलेन । (करण)
(घ) म सधैं विद्यालय जान्छु । (अकरण)
(ङ) राम पढ्न गएन । (करण)
(च) पुनम गीत गाउँदैन । (करण)
(छ) आज पानी पर्ला । (अकरण)
(ज) उमेश घर गएछ । (अकरण)
(झ) तँ बजार हिँडिस् । (अकरण)
(ञ) तिमी यता नआऊ । (करण)
(ट) भाइ क्रिकेट खेल्दै छ । (अकरण)
(ठ) पृथ्वी सबैको साझा होइन । (करण)
(ड) हामी खेती गर्छौं । (अकरण)

एकाइ १४


# क्रियाको अर्थ र भाव

## अर्थ र भावको परिचय

| | | |
|---|---|---|
| रमेश घर जान्छ । | – | सामान्यार्थ |
| तिमी पढ्न जाऊ । | – | आज्ञार्थ |
| उसले गीत गाओस् । | – | इच्छार्थ |
| आज पानी पर्ला । | – | सम्भावनार्थ |

व्यक्तिको मनोभाव अथवा मनसायलाई व्यक्त गर्ने क्रियापदको विभिन्न रूपलाई भाव अथवा अर्थ भनिन्छ । भावको अभिव्यक्ति क्रियापदबाट हुन्छ ।

## क्रियाको अर्थ अथवा भावका प्रकार




## (क) सामान्यार्थ

अनिता पाठ पढ्छे ।

तँ धेरै खेल्छस् ।

हामी सफल हुन्छौँ ।

सोनाम घर जान्छ ।

उनीहरू भोलि आउने छन् ।

रविले कथा लेख्यो ।

वक्ताको मनोभाव सामान्य रूपले व्यक्त गर्ने क्रियालाई सामान्यार्थ भनिन्छ । यसले निश्चित अर्थ प्रकट गर्दछ ।

### (ख) आज्ञार्थ

आफ्नो काम आफैँ गर ।

तँ छिट्टै घर आइज ।

तिनीहरू विद्यालय जाओ ।

तपाईँ खाना खानुहोस् ।

तिमी चाँडो आऊ ।

वक्ताको आज्ञा/आदेश अथवा अनुरोध व्यक्त भएका वाक्यलाई **आज्ञार्थ** भनिन्छ ।

### (ग) इच्छार्थ

म पाठ पढूँ ।

हामी पाठ पढौँ ।

तँ पाठ पढेस् ।

हरि विद्यालय जाओस् ।

तिमी सफल भए ।

वक्ताको इच्छा, अनुभूति, आशीर्वाद, उपदेश आदि अर्थ बुझाउने क्रियालाई **इच्छार्थ** भनिन्छ ।

### (घ) सम्भावनार्थ

आज पानी पर्ला ।


भाइ कलम किन्ला ।

बुबा घर आउनुहोला ।

बहिनी भोलि फर्किलिन् ।

म परीक्षा दिउँला ।

वक्ताले गरेको अनुमान, अड्कल अथवा सम्भावना प्रकट गर्ने क्रियालाई **सम्भावनार्थ** भनिन्छ ।



## अभ्यास

१. तलका प्रश्नको उत्तर दिनुहोस् :

(क) क्रियाको अर्थ र भाव भनेको के हो ?

(ख) आज्ञार्थ भनेको के हो ?

(ग) इच्छार्थ भनेको के हो ?

(घ) समान्यार्थ भनेको के हो ?

(ङ) सम्भावनार्थ भनेको के हो ?

२. उदाहरणमा दिइएजस्तै क्रियापद बनाई खाली ठाउँमा लेख्नुहोस् :

| | | | |
|---|---|---|---|
| भन् | भन्छ | भन | भन्ला |
| सक् | ______ | ______ | ______ |
| खा | ______ | ______ | ______ |
| बस् | ______ | ______ | ______ |
| जा | ______ | ______ | ______ |
| पढ् | ______ | ______ | ______ |
| गर् | ______ | ______ | ______ |
| नाच् | ______ | ______ | ______ |
| आउ | ______ | ______ | ______ |
| घोक् | ______ | ______ | ______ |

३. कोष्ठकमा दिइएको सङ्केतका आधारमा वाक्य परिवर्तन गर्नुहोस् :

(क) तिमी सबेरै उठ्छौ । (आज्ञार्थ)

(ख) व्यापारीहरू बजार जान्छन् । (इच्छार्थ)

(ग) दिदी भरे आउनुहुन्छ । (सम्भावनार्थ)

(घ) भगवानले सबैको कल्याण गर्छन् । (इच्छार्थ)

(ङ) ऊ सबैसँग मिलेर बस्छ । (आज्ञार्थ)

(च) हरि प्रथम भयो । (सम्भावनार्थ)

(छ) हामी खेल जित्छौँ । (सम्भावनार्थ)

(ज) तिमी कथा लेख्छौ । (आज्ञार्थ)

(झ) उनीहरू पूजा गर्छन् । (इच्छार्थ)

(ञ) आज पानी पर्छ । (सम्भावनार्थ)

(ट) नेपाल सुन्दर होओस् । (सामान्यार्थ)

(ठ) तिमी असल बन । (सामान्यार्थ)

(ड) सौगात छिट्टै आउँछ । (इच्छार्थ)

(ढ) तँ असल बन्छस् । (आज्ञार्थ)

(ण) बहिनी राम्री होलिन् । (समान्यार्थ)

(त) दसैँमा भाइ आउला । (सामान्यार्थ)

(थ) तपाईँ पाठ पढाउनुहुन्छ । (सम्भावनार्थ)

४. दायाँ कोष्ठकबाट मिल्दो क्रियापद छानी खाली ठाउँ भर्नुहोस् :

(क) म बाहिर ____________

(ख) हामी बजार ____________

(ग) तँ विद्यालय ____________

(घ) ऊ खेल्न ____________

(ङ) उनीहरू सुत्न ____________

(च) तिमीहरू पुस्तकालय ____________


| |
|---|
| जाओस् |
| जाऊन् |
| जाऊ |
| गएँ |
| जाऔँ |
| गएस् |

एकाइ १५


# कारक र विभक्ति

## कारकको परिचय

रामले भाइलाई कलम किन्यो ।




गोपालले सीतालाई झोलाबाट किताब दियो ।





माथि उल्लिखित वाक्यमा रेखाङ्कित पदले क्रियापदसँग सोझो सम्बन्ध राखेका छन् ।

> वाक्यमा क्रियापदसँग सोझो सम्बन्ध राख्न आउने नामिक पद (नाम, सर्वनाम र विशेषण) का रूपलाई कारक भनिन्छ ।

## कारकका प्रकार

कारक ६ प्रकारका छन् :



## (क) कर्ता कारक

म घर जान्छु ।

रामले गीत गायो ।

गुरुबाट पुरस्कार पाइयो ।

चरो उड्यो ।

तिमीबाट घर गइयो ।

वाक्यमा प्रयोग हुँदा काम सम्पन्न गर्न आउने नामिक पदलाई कर्ता कारक भनिन्छ । कर्ता कारकमा ले, विभक्ति लाग्दछन् ।

## (ख) कर्म कारक

भाइले भात खायो ।

रामले सीतालाई बोलायो ।

छोरीले घाँस काट्छे ।

ऊ खेत खन्छ ।

रमेशले गीत गायो ।

कर्ताले सम्पन्न गरेको कामको फल भोग्ने नामिक पदलाई कर्म कारक भनिन्छ । यसमा 'लाई' विभक्ति लाग्छ ।

## ग) करण कारक

ऊ बसबाट आयो ।

गोपाल कलमले लेख्छ ।

म फोनबाट खबर गरुँला ।

छोराले चम्चाले भात खायो ।

कर्ताले काम गर्दा प्रयोग गर्ने साधन बुझाउन आउने नामिक पदलाई अपादान कारक भनिन्छ । यसमा द्वारा, बाट विभक्ति लाग्दछन् ।

### (घ) सम्प्रदान कारक

मैले भाइलाई कलम किनेँ ।

भक्तले देवीलाई फूल चढायो ।

रामले गीतालाई चिठी लेख्यो ।

भाइलाई पुस्तक देऊ ।

पाहुनालाई खाना पकाऊ ।

कर्ताले गरेको कामको फल प्राप्त गर्ने नामिक पदलाई सम्प्रदान कारक भनिन्छ । यसमा लाई, लागि, निम्ति विभक्ति लाग्दछन् ।

### (ङ) अपादान कारक

सोमबारदेखि बिदा हुन्छ ।

रूखबाट स्याउ झऱ्यो ।

हरि पोखराबाट आयो ।

गोरु भिरबाट लड्यो ।

कुनै पनि वस्तु अथवा स्थानबाट छुट्टिएको जनाउन आउने नामिक पदलाई अपादान कारक भनिन्छ । यसमा देखि, बाट विभक्ति लाग्दछन् ।

### (च) अधिकरण कारक

मैले टेबलमा पुस्तक राखेँ ।

पुसमा हिउँ पर्छ ।

राम खाटमा सुतेको छ ।

म झोलामा पुस्तक राख्छु ।

कुनै वस्तु रहने आधार जनाउन आउने नामिक पदलाई अधिकरण कारक भनिन्छ । यसमा मा, माथि विभक्ति लाग्दछन् ।

## विभक्तिको परिचय

सोनामले खाना खायो ।

हरिले भाइलाई कलम दियो ।

सीता बसबाट विद्यालय आई ।


दुधबाट दही बन्छ ।

रामको भाइ घर आयो ।

वाक्यमा नाम अथवा सर्वनामसँग जोडिएर आउने पदलाई छुट्याउन सहयोग गर्ने चिह्नलाई विभक्ति भनिन्छ ।

## विभक्तिका प्रकार

नेपाली भाषामा विभक्ति सात प्रकारका छन् :




### (क) प्रथमा विभक्ति

मैले खेत खनें ।

गुरुबाट पुरस्कार पाइयो ।

उनीद्वारा कविता वाचन गरियो ।

कर्ता कारक छुट्याउन आउने ले विभक्ति चिह्नलाई प्रथमा विभक्ति भनिन्छ ।

### (ख) द्वितीया विभक्ति

म छोरालाई पढाउँछु ।

तिमीले राधालाई बोलायौ ।

तिमीले श्यामलाई पिट्यौ ।

कर्म कारक छुट्याउन आउने विभक्ति चिह्नलाई द्वितीया विभक्ति भनिन्छ ।

### (ग) तृतीया विभक्ति

राम कलमले लेख्छ ।

सुमन बसबाट घर आयो ।

छोरी चम्चाले भात खान्छे ।

फोनबाट खबर गरौँला ।

करण कारक छुट्याउन आउने ले, द्वारा, बाट विभक्ति चिह्नलाई तृतीया विभक्ति भनिन्छ ।

### (घ) चतुर्थी विभक्ति

रामले बहिनीलाई कलम दियो ।

उसले रामलाई पुस्तक ल्याइदियो ।

मैले सुमनलाई उपहार दिएँ ।

करण कारक छुट्याउन आउने ले, द्वारा, बाट विभक्ति चिह्नलाई तृतीया विभक्ति भनिन्छ ।

### (ङ) पञ्चमी विभक्ति

राम पोखरादेखि आयो ।

काठमाडौँबाट जहाज आयो ।

राम हिजोदेखि बिरामी छ ।

करण कारक छुट्याउन आउने ले, द्वारा, बाट विभक्ति चिह्नलाई तृतीया विभक्ति भनिन्छ ।

### (च) षष्ठी विभक्ति

रामको भाइ गयो ।

श्यामकी बहिनी सानी छे ।

म भगवानको पूजा गर्छु ।

अघिल्लो र पछिल्लो पदसँग सम्बन्ध जोड्न आउने को, का, की, रो, रा, री, नो, ना, नी विभक्ति चिह्नलाई षष्ठी विभक्ति भनिन्छ ।

### (छ) सप्तमी विभक्ति

तिमी कक्षामा जाऊ ।

मेरो किताब झोलामा छ ।

टेबलमा चिया राख ।

चरो छानामाथि छ ।

अधिकरण कारक छुट्याउन आउने मा, माथि विभक्ति चिह्नलाई सप्तमी विभक्ति भनिन्छ ।

## कारक र विभक्तिको तालिका

| कारक | विभक्ति | विभक्ति चिह्न | सम्बन्ध अथवा भूमिका | कारक र विभक्तिको वाक्यमा प्रयोग |
|---|---|---|---|---|
| कर्ता | प्रथमा | ले | काम गर्ने व्यक्ति | रामले चिठी लेख्यो । |
| कर्म | द्वितीया | लाई/कन | कामको असर भो ग्ने | म छोरालाई खेलाउँछु । |
| करण | तृतीया | ले, द्वारा, बाट | साधन अथवा माध्यम | म कलमले लेख्छु । |
| सम्प्रदान | चतुर्थी | लाई, लागि, निम्ति | प्रयोजन बताउने | मैले भाइलाई कलम किनिदिएँ । |
| अपादान | पञ्चमी | देखि, बाट | छुट्टिने बिन्दु | रूखबाट पात झऱ्यो । |
| – | षष्ठी | को, का, की, रो, रा, री, नो, ना, नी | सम्बन्ध देखाउने | रामको भाइ आयो । |
| अधिकरण | सप्तमी | मा, माथि | आधार बुझाउने | भाइ मेचमा बस्छ । |

## अभ्यास

१. तलका प्रश्नहरूको उत्तर दिनुहोस् :

(क) कारक भनेको के हो ?

(ख) कारक कति प्रकारका छन् ?

(ग) विभक्ति भनेको के हो ?

(घ) विभक्ति कति प्रकारका छन् ?

(ङ) कारक र विभक्तिको फरक उल्लेख गर्नुहोस् ।

२. जोडा मिलाउनुहोस् :

| | | |
|---|---|---|
| कर्ता | द्वितीया | प्राप्त गर्ने |
| कर्म | चतुर्थी | साधन जनाउने |
| करण | प्रथमा | काम गर्ने |
| सम्प्रदान | पञ्चमी | आधार बुझाउने |
| अपादान | सप्तमी | छुट्टिने बिन्दु |
| अधिकरण | तृतीया | फल भोग्ने |
| | चतुर्थी | |

३. तलका खाली ठाउँमा मिल्दो विभक्ति भर्नुहोस् :

(क) तँ कहाँ ________ आइस् ।

(ख) ऊ बस ________ घर आयो ।

(ग) छानो ________ चरो छ ।

(घ) म ________ सर्प ________ डर लाग्छ ।

(ङ) म चक्कु ________ स्याउ काट्छु ।

(च) टेबल ________ पुस्तक छ ।

(छ) हरि ________ आमा आउनुभयो ।

(ज) म ________ चिया मन पर्छ ।

(झ) राम ______ सीता ______ बोलायो ।

(ञ) तिमी रूख ______ चढ ।

(ट) जोगी ______ भिक्षा माग्यो ।

(ठ) म पोखरा ______ बस ______ चढेर आएँ ।

(ड) राम ______ हरि ______ कलम दियो ।

(ढ) रमा कलम ______ लेख्छिन् ।

(ण) उहाँ तपाईँ ______ भेट्नुहुन्छ ।

४. कोष्ठकमा दिइएको निर्देशनअनुसार खाली ठाउँ भर्नुहोस् :

(क) रमेश ______ खाना खाएछ । (प्रथमा विभक्ति)

(ख) तिम्रो पुस्तक टेबल ______ छ । (सप्तमी विभक्ति)

(ग) उहाँ तिमी ______ भेट्नुहुन्छ । (द्वितीया विभक्ति)

(घ) मैले खोला ______ माछा ल्याएँ । (पञ्चमी विभक्ति)

(ङ) तैँले भाइ ______ कलम दिइस् । (चतुर्थी विभक्ति)

(च) सुमन जहाज ______ घर आयो । (तृतीया विभक्ति)

५. तलका वाक्यहरूमा प्रयोग भएका रेखाङ्कित नाम पदहरू कुन कारकका हुन् छुट्याउनुहोस् :

(क) तिमीले मलाई बोलायौ ।

(ख) हरि पोखराबाट आयो ।

(ग) रूखबाट पात खस्यो ।

(घ) मैले भाइलाई कलम दिएँ ।

(ङ) गोपालले सीतालाई चिठी लेख्यो ।

(च) तिम्रो भाइले मेरो छोरालाई पिटेछ ।

एकाइ १८

# वाच्य र वाच्यका प्रकार


## वाच्यको परिचय

| | |
|---|---|
| हरि भात खान्छ । | (कर्तृवाच्य) |
| दीपक फुटबल खेल्छ । | (कर्तृवाच्य) |
| मद्वारा पाठ पढिन्छ । | (कर्मवाच्य) |
| उनीहरूद्वारा खेत खनिन्छ । | (कर्मवाच्य) |
| रातभरि सुतिन्छ । | (भाववाच्य) |
| आफू त बजार गइन्छ । | (भाववाच्य) |

वाक्यमा कर्ता, कर्म र भावसँग सम्बन्ध राखी क्रियापद प्रयोग गर्नुलाई वाच्य भनिन्छ ।

## वाच्यका प्रकार

वाच्य तीन प्रकारका छन् :




### (क) कर्तृवाच्य

| | |
|---|---|
| म गीत गाउँछु । | दाइ कविता लेख्नुहुन्छ । |
| उनीहरू चित्र बनाउँदै छन् । | ऊ घर आयो । |

वाक्यमा कर्ता प्रमुख भएको वाच्यलाई कर्तृवाच्य भनिन्छ । यस्तो वाक्यमा कर्ताको लिङ्ग, वचन, पुरुष र आदरअनुसार क्रियापद रहन्छ ।

### (ख) कर्मवाच्य

मद्वारा खेत खनिन्छ ।

शिक्षकबाट पाठ पढियो ।

उनीहरूद्वारा माछा मारियो ।

हामीद्वारा विद्यालय गइन्छ ।

वाक्यमा कर्म प्रमुख भएको वाच्यलाई कर्मवाच्य भनिन्छ । यस्तो वाक्यमा कर्मको लिङ्ग, वचन, पुरुष र आदरका आधारमा क्रियापद रहन्छ ।

### (ग) भाववाच्य

तिनीद्वारा बजार गइन्छ ।

बहिनीद्वारा नाचिन्छ ।


आफू त विद्यालय गइन्छ ।

उनीहरूबाट खुब हाँसिन्छ ।

वाक्यमा क्रियाको भाव प्रधान हुने वाच्यलाई भाववाच्य भनिन्छ । यस्तो वाच्यमा अकर्मक क्रियापदको मात्र प्रयोग हुन्छ । यसमा क्रियापद पुलिङ्ग, एकवचन, तृतीय पुरुष र सामान्य आदरमा राखिन्छ ।

## वाच्य परिवर्तन

एक किसिमको वाच्यलाई अर्को किसिमको वाच्यमा परिवर्तन गर्नुलाई वाच्य परिवर्तन भनिन्छ ।




कर्तृवाच्य : रामले पाठ पढ्यो । रामद्वारा पाठ पढियो । (कर्म)

कर्तृवाच्य : बहिनी नाची । बहिनीद्वारा नाचियो । (भाव)

## (क) कर्तृवाच्यलाई कर्म वाच्यमा परिवर्तन गर्ने नियमहरू

१. कर्तामा बाट/द्वारा विभक्ति जोडेर त्यसलाई करण बनाइन्छ ।

२. कर्मवाच्यमा कर्मअनुसार क्रियाका लिङ्ग, वचन, पुरुष राखिन्छ ।

३. क्रियापदको काल, पक्ष, भावलाई बदल्नु हुँदैन ।

४. कर्ममा जोडिएको 'लाई' विभक्ति हटाउनुपर्छ ।

| कर्तृवाच्य | कर्मवाच्य |
|---|---|
| मैले गीत गाएँ । | मद्वारा गीत गाइन्छ । |
| रमाले भात पकाइन । | रमाद्वारा भात पकाइयो । |
| प्रहरीले चोरहरू समात्यो । | प्रहरीद्वारा चोरहरू समातिए । |
| दावा भाइलाई कुट्छ । | दावाद्वारा भाइ कुटिन्छ । |
| उसले छ पास गर्ला । | उसद्वारा छ पास गरिएला । |
| तँ चिठी लेख् । | तँद्वारा चिठी लेखियोस् । |

## (ख) कर्तृवाच्यलाई भाव वाच्यमा परिवर्तन गर्ने नियमहरू

१. 'म' लाई आफूमा परिवर्तन गर्न सकिन्छ ।

२. क्रियापदको धातुमा 'इ' जोड्नुपर्छ ।

३. भाववाच्यमा अर्थ अथवा भाव नै प्रधान हुने भएकोले क्रियापद एकवचन, पुलिङ्ग, सामान्य आदरार्थी र तृतीय पुरुषको प्रयोग गर्नुपर्छ ।

४. कर्तृवाच्यको क्रियापद जुन काल, पक्ष र भावको छ सोही काल र भाव प्रयोग गर्नुपर्छ ।

५. आज्ञार्थ र इच्छार्थ क्रियापद भएमा धातुमा 'इ' जोडी 'योस्' जोड्नुपर्छ ।

| कर्तृवाच्य | भाववाच्य |
|---|---|
| म सुतेँ । | आफू त सुतियो । |
| हरि घर जान्छ । | हरिद्वारा घर गइन्छ । |
| उनीहरू सबेरै गएछन् । | उनीहरूद्वारा सबेरै गइएछ । |
| म भोलि आउने छैन । | आफू त भोलि आउने छैन । |
| बुबा घर आउनुभयो । | बुबाद्वारा घर आइयो । |

### (ग) कर्मवाच्यबाट कर्तृवाच्यमा परिवर्तन गर्ने नियमहरू


१. कर्तामा रहेको द्वारा/बाट हटाएर त्यसलाई उद्देश्य बनाइन्छ ।
२. कर्ता लोप भएको छ भने इच्छाअनुसार कर्ता थप्नुपर्छ ।
३. कर्ता अथवा उद्देश्य बनेको कर्मलाई कर्म कारक बनाउनुपर्छ आवश्यक छ भने 'लाई' विभक्ति थप्नुपर्छ ।
४. क्रियापदको धातुबाट 'इ' झिक्नुपर्छ ।
५. कर्ताको लिङ्ग, वचन, पुरुष र आदरअनुसार क्रियापद प्रयोग गर्नुपर्दछ ।
६. क्रियापदको काल, पक्ष, भाव आदि परिवर्तन गर्नु हुँदैन ।

| कर्मवाच्य | कर्तृवाच्य |
|---|---|
| रामद्वारा गोपाल कुटियो । | रामले गोपाललाई कुट्यो । |
| नाटक हेरिन्छ । | म नाटक हेर्छु । |
| उनीहरूबाट कथा लेखियो । | उनीहरूले कथा लेखे । |
| हरिद्वारा खेत खनिँदै छ । | हरि खेत खन्दै छ । |
| दावाद्वारा रूख ढालियो । | दावाले रूख ढाल्यो । |
| आफू त उपन्यास पढिन्छ । | म उपन्यास पढ्छु । |

### (घ) भाववाच्यबाट कर्तृवाच्यमा परिवर्तन गर्ने नियमहरू

१. कर्तामा लागेको बाट/द्वारा विभक्ति हटाइन्छ र कर्ता नभएको ठाउँमा कर्ता थपिन्छ ।
२. क्रियापदमा लागेको 'इ' हटाउनुपर्छ ।
३. आफू लागेको भाववाच्य छ भने आफूलाई 'म' मा परिवर्तन गर्नुपर्छ ।
४. कर्ताको लिङ्ग, वचन, पुरुष र आदरअनुसार क्रियापद प्रयोग गर्नुपर्छ ।

| भाववाच्य | कर्तृवाच्य |
|---|---|
| आफू त निदाइएछ । | म त निदाएछु । |
| हरिद्वारा मेचमा बसिन्छ । | हरि मेचमा बस्छ । |
| हामीद्वारा बजार हिँडियो । | हामी बजार हिँड्यौँ । |
| सबेरै बजार गइन्छ । | म सबेरै बजार जान्छु । |
| काकाबाट सहर घुमियो । | काका सहर घुम्नुभयो । |
| बहिनीद्वारा नाचियोस् । | बहिनी नाचोस् । |



१. तलका प्रश्नको उत्तर दिनुहोस् :

(क) वाच्य भनेको के हो ?

(ख) वाच्य कति प्रकारका हुन्छन् ?

(ग) कर्तृवाच्य भनेको के हो ?

(घ) कर्मवाच्य भनेको के हो ?

(ङ) भाववाच्य भनेको के हो ?

२. तल दिइएका वाक्यहरूको वाच्य छुट्याउनुहोस् :

(क) राम भात खान्छ । ______

(ख) दाइ कथा भन्नुहुन्छ । ______

(ग) आफू त सहर गइन्छ । ______

(घ) सूर्यद्वारा प्रकाश दिइन्छ । ______

(ङ) हरि विद्यालय जान्छ । ______

(च) म त मस्त सुतेछु । ______

(छ) हामी विद्यालय हिँड्यौं । ______

(ज) दीपक फुटबल खेल्छ । ______

(झ) मद्वारा पत्रिका पढिन्छ । ______

(ञ) ऊ आँप खाओस् । ______

३. तल दिइएका कर्तृवाच्यलाई कर्मवाच्यमा परिवर्तन गर्नुहोस् :

(क) मैले पाठ पढेँ ।

(ख) ऊ केरा खाओस् ।

(ग) तिमी खेल खेल ।

(घ) आमा घरमा आउनुभयो ।

(ङ) तिमी विद्यालय जान्छौ ।

(च) म बेसरी हाँसेछु ।

(छ) म रूखहरू रोप्छु ।

(ज) गोपाल खेत खन्दै छ ।

(झ) म सिनेमा हेर्छु ।

४. तल दिइएका कर्मवाच्यलाई कर्तृवाच्यमा परिवर्तन गर्नुहोस् :

(क) रामद्वारा गोपाल कुटियो ।

(ख) मद्वारा रूखहरू रोपिन्छ ।

(ग) दावाद्वारा रूख ढालियो ।

(घ) ऊद्वारा फुटबल खेलिन्छ ।

(ङ) श्यामबाट आँप खाइयोस् ।

(च) गायत्रीद्वारा कविता लेखियो ।

(छ) आमाद्वारा भात पकाइन्छ ।

(ज) दिपाद्वारा खेत खनिन्छ ।

(झ) रमाद्वारा गीता भेटिई ।

५. तल दिइएका वाच्यलाई भाववाच्यमा परिवर्तन गर्नुहोस् :

(क) भाइ खुब रुन्छ ।

(ख) गोपाल विद्यालय गयो ।

(ग) हरि मेचमा बस्छ ।

(घ) म त भुसुक्क निदाएछु ।

(ङ) दाजु बजार घुम्नुभयो ।

(च) म धेरै थाकेँ ।

(छ) दावा धेरै हाँस्छ ।

(ज) रमा भोलि आउँछिन् ।

(झ) हामीहरू हिजो आयौँ ।

६. तल दिइएका वाच्यलाई कर्तृवाच्यमा परिवर्तन गर्नुहोस् :

(क) हिमालहरू देखिन्छन् ।

(ख) रामद्वारा कलम किनिन्छ ।

(ग) रामद्वारा श्याम कुटियो ।

(घ) आफू त निदाइएछ ।

(ङ) आमाबाट बजार घुमियो ।

(च) आज त निकै थाकियो ।

(छ) हामीद्वारा बजार हिँडियो ।

(ज) केटाकेटीद्वारा हाँसिन्छ ।

(झ) बुबाद्वारा घर आइयो ।

एकाइ
१८

# वाक्य र वाक्यका प्रकार

## वाक्यको परिचय

बहिनी पढ्छे ।
उद्देश्य विधेय


मैले भात खाएँ ।
उद्देश्य विधेय

जसका बारेमा वर्णन गरिन्छ त्यसलाई उद्देश्य भनिन्छ । जे वर्णन गरिन्छ त्यसलाई विधेय भनिन्छ ।

> उद्देश्य र विधेय मिलेर बनेको स्वतन्त्र र अर्थपूर्ण भाषिक एकाइलाई वाक्य भनिन्छ । वाक्य बन्न एउटा समापिका क्रिया हुनुपर्छ । वाक्य बन्न न्यूनतम रूपमा कर्ता र क्रिया हुनैपर्छ ।

## वाक्यका प्रकार

वाक्य तीन प्रकारका छन् :




### (क) सरल वाक्य

राम गयो ।
गोपाल धेरै रुन्छ ।
हरि खाना खाएर सुत्यो ।
गुरु पाठ पढाउनुहुन्छ ।

> एउटा मात्र समापिका क्रिया भएको र कुनै पनि संयोजकको प्रयोग नभएको वाक्यलाई सरल वाक्य भनिन्छ ।

### (ख) संयुक्त वाक्य

आकाश गर्ज्यो र पानी पऱ्यो ।

देशको सेवा गर अनि नाम कमाऊ ।

हरि घर गयो र खाजा खायो ।

हरि कालो छ तर हँसिलो छ ।

> दुई अथवा दुईभन्दा बढी सरल उपवाक्यलाई निरपेक्ष संयोजकले जोडेर बनाइएका वाक्यलाई संयुक्त वाक्य भनिन्छ ।

### (ग) मिश्र वाक्य


जब घाम लाग्यो तब गर्मी भयो ।

तिमी जसरी आयौ त्यसरी जाऊ ।

जो पढ्छ उही जान्ने हुन्छ ।

मिहिनेत गऱ्यौ भने सफल भइन्छ ।

> एउटा मुख्य उपवाक्य र अर्को अधीन उपवाक्यलाई सापेक्ष संयोजकले जोडेर बनाइएका वाक्यलाई मिश्र वाक्य भनिन्छ ।



१. तलका प्रश्नको उत्तर दिनुहोस् :

(क) वाक्य भनेको के हो ?

(ख) वाक्य कति प्रकारका छन् ?

(ग) सरल वाक्य भनेको के हो ?

(घ) संयुक्त वाक्य भनेको के हो ?

(ङ) मिश्र वाक्य भनेको के हो ?

२. जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| सरल वाक्य | राम बजार गयो र कलम किन्यो । |
| संयुक्त वाक्य | तिमी जहाँ पढ्छौ म त्यहीँ पढ्छु । |
| मिश्र वाक्य | हरि भात खाएर गयो । |

३. तलका वाक्यलाई जोडेर संयुक्त वाक्य बनाउनुहोस् :

(क) साँझ पऱ्यो । म घर फर्के ।

(ख) ऊ विद्वान् छ । ऊ घमण्डी छ ।

(ग) राधा बिहानै उठ्छे । राधा पढ्न बस्छे ।

(घ) आकाश गर्ज्यो । पानी पर्‍यो ।

(ङ) राम गीत गाउँछ । राम नाच्छ ।

४. तलका वाक्यलाई जोडी मिश्र वाक्य बनाउनुहोस् :

(क) घाम लाग्यो । न्यानो भयो ।

(ख) पानी पर्‍यो । जाडो भयो ।

(ग) उसले पढ्छ । उसले राम्रो अङ्क ल्याउँछ ।

(घ) तिमी गाउँछौ । म नाच्छु ।

(ङ) रवि पुग्दैनन् । कवि पुग्छन् ।

५. तल दिइएका वाक्यमा उद्देश्य र विधेय छुट्याउनुहोस् :

(क) हरि खाजा खान्छ ।

(ख) गोपाल विद्यालय जाँदै छ ।

(ग) ऊ परिश्रमी छ ।

(घ) मलाई ज्वरो आएको थियो ।

(ङ) देशको सेवा गरेर नाम कमाऊ ।

(च) मिहिनेत गरेर सफल भइन्छ ।

(छ) पानी परेर जाडो भयो ।

(ज) मैले भात खाइनँ ।

(झ) गोपाल मिहिनेती छ ।

६. तलका निरपेक्ष संयोजक राखेर संयुक्त वाक्य बनाउनुहोस् :

नत्र, अनि, कि, तर, वा, तसर्थ, त्यसैले, तापनि, नत्र, त्यसकारण

७. तलका सापेक्ष संयोजक राखेर मिश्र वाक्य बनाउनुहोस् :

भने, जो, जे, जुन, जसले, जहाँ

एकाइ
१८

# पदसङ्गति

## पदसङ्गतिको परिचय

तलका समूहमा रहेका वाक्य पढेर बुझ्नुहोस् :

| समूह 'क' | समूह 'ख' |
|---|---|
| मेरो दाइ आयो । | मेरो दाइ आउनुभयो । |
| हामीहरू पाठ पढ्छ । | हामीहरू पाठ पढ्छौँ । |
| तँ विद्यालय जाऊ । | तँ विद्यालय जा । |
| सरिता घर आयो । | सरिता घर आइन् । |

माथिको समूहबाट पदसङ्गति मिलेका वाक्य सार्नुहोस् :

(क) .............................................................................................. ।

(ख) .............................................................................................. ।

(ग) .............................................................................................. ।

(घ) .............................................................................................. ।

वाक्यमा प्रयोग भएर आएका विभिन्न पदहरूको व्याकरणिक संयोजन अथवा तालमेललाई पदसङ्गति भनिन्छ ।

## पदसङ्गतिका प्रकार

पदसङ्गति
- लिङ्ग पदसङ्गति
- वचन पदसङ्गति
- पुरुष पदसङ्गति
- आदर पदसङ्गति

### (क) लिङ्गअनुसार पदसङ्गति

| लिङ्ग | कर्ता | क्रिया | सङ्गति |
|---|---|---|---|
| पुलिङ्ग | तँ | जान्छस् | एकवचन, पुलिङ्ग, द्वितीय पुरुष |
| | ऊ | जान्छ | एकवचन, पुलिङ्ग, तृतीय पुरुष |
| | छोरो | जान्छ | एकवचन, पुलिङ्ग, तृतीय पुरुष |
| स्त्रीलिङ्ग | तँ | जान्छेस् | एकवचन, स्त्रीलिङ्ग, द्वितीय पुरुष |
| | तिमी | जान्छ्यौ | एकवचन, स्त्रीलिङ्ग, द्वितीय पुरुष |
| | ऊ | जान्छे | एकवचन, स्त्रीलिङ्ग, तृतीय पुरुष |
| | छोरी | जान्छे | एकवचन, स्त्रीलिङ्ग, तृतीय पुरुष |

वाक्यमा रहेको कर्तामा जुन लिङ्गको प्रयोग गरिन्छ सोही आधारमा क्रियापद प्रयोग गर्नुलाई लिङ्गअनुसारको पदसङ्गति भनिन्छ ।

### (ख) वचनअनुसार पदसङ्गति

| वचन | कर्ता | क्रिया | सङ्गति |
|---|---|---|---|
| एकवचन | तिमी | खान्छौ | एकवचन, पुलिङ्ग, द्वितीय पुरुष |
| | म | खान्छु | एकवचन, पुलिङ्ग, प्रथम पुरुष |
| | गोपाल | खान्छ | एकवचन, पुलिङ्ग, तृतीय पुरुष |
| बहुवचन | तिमीहरू | खान्छौ | बहुवचन, दुवै लिङ्गी, द्वितीय पुरुष |
| | हामी | खान्छौँ | बहुवचन, दुवै लिङ्गी, प्रथम पुरुष |
| | साथीहरू | खान्छन् | बहुवचन, दुवै लिङ्गी, तृतीय पुरुष |

वाक्यमा रहेको कर्ता जुन वचनको प्रयोग गरिन्छ सोही आधारमा क्रियापद प्रयोग गर्नुलाई वचनअनुसारको पदसङ्गति भनिन्छ ।

## (ग) पुरुषअनुसार पदसङ्गति


| पुरुष | कर्ता | क्रिया | सङ्गति |
|---|---|---|---|
| प्रथम | म | गएँ | एकवचन, दुवै लिङ्गी, प्रथम पुरुष |
| पुरुष | हामी | गयौँ | एकवचन, दुवै लिङ्गी, प्रथम पुरुष |
| द्वितीय | तँ | गइस् | एकवचन, दुवै लिङ्गी, द्वितीय पुरुष |
| पुरुष | तिमी | गयौ | एकवचन, दुवै लिङ्गी, द्वितीय पुरुष |
| | तपाईँ | जानुभयो | एकवचन, दुवै लिङ्गी, द्वितीय पुरुष |
| तृतीय | ऊ | गयो | एकवचन, पुलिङ्ग, तृतीय पुरुष |
| पुरुष | उनीहरू | गए | बहुवचन, दुवै लिङ्ग, तृतीय पुरुष |
| | हरि | गयो | एकवचन, पुलिङ्ग, तृतीय पुरुष |
| | गीता | गई | एकवचन, स्त्रीलिङ्ग, तृतीय पुरुष |

वाक्यमा रहेको कर्ता जुन आदरार्थीको प्रयोग गरिन्छ सोही आधारमा क्रियापद प्रयोग गर्नुलाई आदरअनुसारको पदसङ्गति भनिन्छ ।

## (घ) आदरार्थीअनुसार पदसङ्गति

| आदर | कर्ता | क्रिया | सङ्गति |
|---|---|---|---|
| सामान्य आदर | तँ | जान्छस् | एकवचन, पुलिङ्ग, सामान्य आदर |
| | तँ | जान्छेस् | एकवचन, स्त्रीलिङ्ग, सामान्य आदर |
| मध्यम | तिमी | जान्छौ | एकवचन, पुलिङ्ग, मध्यम आदर |
| आदर | तिमी | जाछ्यौ | एकवचन, स्त्रीलिङ्ग, मध्यम आदर |
| उच्च | तपाईँ | जानुहुन्छ | एकवचन, दुवै लिङ्गी, उच्च आदर |
| आदर | उहाँ | जानुहुन्छ | एकवचन, दुवै लिङ्गी, उच्च आदर |
| अतिउच्च | हजुर | गइबक्सिन्छ | एकवचन, दुवै लिङ्गी, अतिउच्च आदर |
| आदर | मौसुफ | गइबक्सिन्छ | एकवचन, दुवै लिङ्गी, अतिउच्च आदर |

वाक्यमा रहेको कर्ता जुन आदरार्थीको प्रयोग गरिन्छ सोही आधारमा क्रियापद प्रयोग गर्नुलाई आदरअनुसारको पदसङ्गति भनिन्छ ।



१. तलका प्रश्नको उत्तर दिनुहोस् :

(क) पदसङ्गति भनेको के हो ?

(ख) पदसङ्गतिका प्रकारहरू उल्लेख गर ।

२. जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| म विद्यालय | जान्छौँ |
| उनीहरू विद्यालय | जान्छ |
| तिमी विद्यालय | जान्छु |
| हामी विद्यालय | जानुहुन्छ |
| ऊ विद्यालय | जान्छन् |
| तपाईँ विद्यालय | जान्छौ |

३. तलका वाक्यहरूलाई पदसङ्गति मिलाएर लेख्नुहोस् :

(क) मेरो बुबाले भन्यो ।

(ख) म पाठ पढ्छौ ।

(ग) उनीहरू पढ्न जान्छिन् ।

(घ) ऊ विद्यालय जान्छु ।

(ङ) हामी गीत गाउँछु ।

(च) साथीहरू खेल खेल्छ ।

(छ) तिमी कताबाट आइस् ।

(ज) हिमाल अग्लो छन् ।

(झ) केटी कपडा सिउँछ ।

(ञ) मेरो भाइ आउँछे ।

४. तलको अनुच्छेदबाट पदसङ्गति मिलेका र नमिलेका वाक्य छुट्याएर तालिकामा भर्नुहोस् :

भगवान् बुद्ध जन्मनुअघिको कुरा हो । नेपालको कुनै गाउँमा एक जना सम्पन्न मानिस बस्थ्यो । उनको घरमा एउटा शिशुको जन्म भयो । शिशुको नाम बोधिसत्व राखियो । बोधिसत्व बढ्दै जान्छे । उनी कहिल्यै झगडा गर्दैन । कसैलाई नराम्रो भन्दैन । बिस्तारै अक्षर चिनाउने बेला भइन् । एकै दिनमा सबै अक्षर चिनेको देखेर गुरु छक्क पऱ्यो । उनले सानै उमेर ज्ञान विद्या लिन्छिन् । ऊ सबैको भलाई सोच्दछ ।

| पदसङ्गति मिलेका वाक्य | पदसङ्गति नमिलेका वाक्य |
|---|---|
| | |
| | |
| | |
| | |

५. पुलिङ्ग र स्त्रीलिङ्ग पदसङ्गति मिलाएर आफ्नो परिवारका बारेमा एक अनुच्छेद लेख्नुहोस् :

६. तलको बोर्डमा पदसङ्गति नमिलेका वाक्य दिइएका छन्, मिलाएर आफ्नो कापीमा लेख्नुहोस् :

एकादेशमा चमेरा, भँगेरा र कालिज होइबक्सिन्थ्यो । ती सबैलाई तित्रा, मयूर, चिवेचरा र कालिज मिलेर लेखेट्नुभयो । अनि रमेश आएर सबै चरालाई लखेटिन् । त्यो कुरो सविनाले मन पराउनु भएन । अनि टीकाराम आइन् । सबैलाई आफूजस्तै ठान्ने उपदेश दिइन् । तुलसा, माधव, उषाहरूले टीकारामको उपदेशलाई राम्रो मान्यो । अनि विद्यालयका सबै विद्यार्थी खुसी भएर पाठ पढ्न थालिबक्सियो ।


एकाइ १९

# शब्द निर्माण प्रक्रिया

### शब्द निर्माण प्रक्रियाको परिचय

भाषामा प्रयोग हुने विभिन्न शब्दहरूको निर्माण प्रक्रियालाई शब्द निर्माण प्रक्रिया भनिन्छ । शब्द अथवा धातुमा अर्को सर्ग जोडिएर अथवा समस्त, द्वित्व एवम् सन्धि भएर शब्दको निर्माण हुन्छ । शब्द निर्माण प्रक्रियालाई शब्दको उत्पादन पनि भनिन्छ ।

शब्द निर्माण निम्न प्रक्रियाबाट गर्न सकिन्छ :




### रूपायन

लिङ्ग, वचन, पुरुष, काल, पक्ष, भाव, वाच्य, कारक आदिका आधारमा शब्दहरूमा गरिने व्याकरणिक कोटिको परिवर्तनलाई रूपायन भनिन्छ । जस्तै:

| | |
|---|---|
| लिङ्ग | – केटो, केटी |
| वचन | – म, हामी |
| पुरुष | – तँ, ऊ, तपाईँ |
| काल | – खायो, खान्छ, खाने छ |
| पक्ष | – पढ्छ, पढ्ने छ, पढ्दै छ, पढेछ, पढ्यो |
| वाच्य | – पढ्छ, पढिन्छ |
| भाव | – जा, जान्छ, जाओस् |

### व्युत्पन्न

धातु र मूलबाट उपसर्ग, प्रत्यय, समास, द्वित्व, सन्धि आदि पद्धतिबाट नयाँ शब्द निर्माण गर्ने प्रक्रियालाई व्युत्पादन भनिन्छ । व्युत्पादनबाट शब्द निर्माण हुने प्रक्रियाहरू यस प्रकार छन् :

उपसर्ग : मूल शब्दका अगाडि शब्द अंश जोडेर

प्रत्यय : मूल शब्दका पछाडि शब्द अंश जोडेर

समास : मुक्त शब्दहरूको मेल भएर

द्वित्व : शब्द अथवा शब्दांश दोहोरिएर

सन्धि : ध्वनिहरूबिच मेल भएर

## उपसर्गद्वारा शब्द निर्माण

शब्दको अगाडि जोडिने भाषिक रूपलाई उपसर्ग भनिन्छ । यसलाई पूर्वसर्ग पनि भनिन्छ ।

केही उपसर्ग र व्युत्पन्न शब्दहरू

### अ (अभाव निषेध)

| | |
|---|---|
| अ + काल = अकाल | अ + सजिलो = असजिलो |
| अ + बुझ = अबुझ | अ + फाप = अफाप |
| अ + ज्ञात = अज्ञात | अ + चुक = अचुक |
| अ + सन्तोष = असन्तोष | अ + बेला = अबेला |

### अति (धेरै, बढी)

अति + सार = अतिसार
अति + क्रमण = अतिक्रमण
अति + रिक्त = अतिरिक्त
अति + वृष्टि = अतिवृष्टि
अति + इत = अतीत
अति + शय = अतिशय

### अधि

अधि + कार = अधिकार
अधि + अक्ष = अध्यक्ष
अधि + नायक = अधिनायक
अधि + कृत = अधिकृत
अधि + वेशन = अधिवेशन

### अन (निषेध, अभाव)

अन + पढ = अनपढ
अन + मोल = अनमोल
अन + अर्थ = अनर्थ
अन + जात = अनजात
अन + आदर = अनादर

### अनु (पछि, क्र, विशेष)

अनु + मान = अनुमान
अनु + कूल = अनुकूल
अनु + दान = अनुदान
अनु + करण = अनुकरण
अनु + शासन = अनुशासन
अनु + मान = अनुमान

### अप (तुच्छ, खराब, उल्टो)

अप + मान = अपमान
अप + शब्द = अपशब्द
अप + जश = अपजश
अप + हरण = अपहरण

### अभि (तिर, बढी, निकट, विशेष)

अभि + मान = अभिमान
अभि + वादन = अभिवादन
अभि + रुचि = अभिरुचि
अभि + योग = अभियोग

### अव (निम्न, विपरीत, विशेष)

अव + गुण = अवगुण
अव + काश = अवकाश
अव + लोकन = अवलोकन
अव + धि = अवधि

**निर् (विशेष, रहित)**

निर् + जन = निर्जन

निर् + गुण = निर्गुण

निर् + आशा = निराशा

निर् + बल = निर्बल

निर् + दोष = निर्दोष

निर् + जीव = निर्जीव

**निस् (विशेष, रहित)**

निस् + सार = निस्सार

निस् + स्वार्थ = निस्स्वार्थ

निस् + पक्ष = निष्पक्ष

निस् + तेज = निस्तेज

**परा (विपरीत, बढी, टाढा)**

परा + जय = पराजय

परा + मर्श = परामर्श

परा + क्रम = पराक्रम

परा + काष्ठा = पराकाष्ठा

**परि (विशेष, पूरा)**

परि + भाषा = परिभाषा

परि + पूर्ण = परिपूर्ण

परि + चय = परिचय

परि + श्रम = परिश्रम

परि + योजना = परियोजना

परि + वर्तन = परिवर्तन

**प्र (धेरै, विशेष, अघि)**

प्र + कृति = प्रकृति

प्र + देश = प्रदेश

प्र + गति = प्रगति

प्र + चार = प्रचार

प्र + क्रिया = प्रक्रिया

प्र + कार = प्रकार

**प्रति (विशेष, सम्मान, विरुद्ध)**

प्रति + दिन = प्रतिदिन

प्रति + लिपि = प्रतिलिपि

प्रति + ज्ञा = प्रतिज्ञा

प्रति + क्रिया = प्रतिक्रिया

प्रति + शोध = प्रतिशोध

प्रति + वाद = प्रतिवाद

**बद् (खराब)**

बद् + नाम = बद्नाम

बद् + मास = बद्मास

बद् + नियत = बद्नियत

**बे (बिना, निषेध)**

| | |
|---|---|
| बे + मान = बेमान | बे + काम = बेकाम |
| बे + इज्जत = बेइज्जत | बे + ताल = बेताल |
| बे + इमान = बेइमान | बे + फाइदा = बेफाइदा |

**वि (विशेष, बढी, भिन्न)**

| | |
|---|---|
| वि + योग = वियोग | वि + देश = विदेश |
| वि + किरण = विकिरण | वि + हार = विहार |
| वि + ज्ञान = विज्ञान | वि + जय = विजय |

**सम् (राम्रो, विशेष, पूर्ण)**

| | |
|---|---|
| सम् + योग = संयोग | सम् + मान = सम्मान |
| सम् + वाद = संवाद | सम् + देश = सन्देश |

**सु (राम्रो, विशेष)**

| | |
|---|---|
| सु + कर्म = सुकर्म | सु + योग = सुयोग |
| सु + पुत्र = सुपुत्र | सु + गन्ध = सुगन्ध |

## प्रत्ययद्वारा शब्द निर्माण

मूल शब्दका पछाडि जोडिने भाषिक रूपलाई प्रत्यय भनिन्छ । यसलाई परसर्ग पनि भनिन्छ ।

प्रत्यय जोडेर आधार तत्त्वका आधारमा शब्द निर्माण प्रक्रिया दुई प्रकारका हुन्छन् :

(क) कृत् प्रत्यय (ख) तद्धित् प्रत्यय

### (क) कृत् प्रत्यय

धातुमा जोडिने प्रत्ययलाई कृत् प्रत्यय भनिन्छ । कृत् प्रत्यय प्रक्रियाद्वारा नाम, विशेषण र अव्यय वर्गका शब्दहरू बन्दछन् ।

जस्तैः

| अ | आ |
|---|---|
| खोप् + अ = खोप | छाप् + आ = छापा |
| जोड् + अ = जोड | पूज् + आ = पूजा |
| हाँक् + अ = हाँक | लेख् + आ = लेखा |

माग् + अ = माग

अत

बच् + अत = वचत

खप् + अत = खपत

आउ + अत = आवत

जाऊ + अत = जावत

आइ

पढ् + आइ = पढाइ

हिँड् + आइ = हिँडाइ

लेख् + आइ = लेखाइ

आउ

चुन् + आउ = चुनाउ

खेल् + आउ = खेलाउ

बुझ् + आउ = बुझाउ

पक्र + आउ = पक्राउ

अनी

रोप् + अनी = रोपनी

चाट् + अनी = चटनी

माग् + अनी = मगनी

साट् + अनी = सटनी

इलो

कस् + इलो = कसिलो

खाँद् + इलो = खँदिलो

हाँस् + इलो = हँसिलो

भर् + इलो = भरिलो

आनी

लाग् + आनी = लगानी

चल् + आनी = चलानी

डुब् + आनी = डुबानी

चाल् + आ = चाला

आइँ

बस् + आइँ = बसाइँ

रोप् + आइँ = रोपाइँ

लड् + आइँ = लडाइँ

बढ् + आइँ = बढाइँ

अन्त

घुम् + अन्त = घुमन्त

भीड् + अन्त = भिडन्त

डुल् + अन्त = डुलन्त

अन

चल् + अन = चलन

खट् + अन = खटन

भुट् + अन = भुटन

मर् + अन = मरन

अक्कड

भुल् + अक्कड = भुलक्कड

घुम् + अक्कड = घुमक्कड

बुझ् + अक्कड = बुझक्कड

बोल् + अक्कड = बोलक्कड

आहा

जोत् + आहा = जोताहा

थुन् + आहा = थुनाहा

मिच् + आहा = मिचाहा

पिर् + आहा = पिराहा

आन

काट् + आन = कटान

उड् + आन = उडान

जड् + आन = जडान

फाँट् + आनी = फँडानी

चिर् + आन = चिरान

आवट

बोल् + आवट = बोलावट

सज् + आवट = सजावट

थाक् + आवट = थकावट

बन् + आवट = बनावट

अन्ते

डुल् + अन्ते = डुलन्ते

घुम् + अन्ते = घुमन्ते

घोक् + अन्ते = घोकन्ते

रट् + अन्ते = रटन्ते

उवा

भाँड् + उवा = भँडुवा

घिच् + उवा = घिचुवा

सुत् + उवा = सुतुवा

थुन् + उवा = थुनुवा

## (ख) तद्धित् प्रत्ययद्वारा शब्द निर्माण

धातुबाहेक अन्य मूल शब्दमा प्रत्यय जोडिन आउने सर्गलाई तद्धित प्रत्यय भनिन्छ । तद्धित् प्रत्यय लागेर बनेका व्युत्पन्न शब्दलाई तद्धितान्त शब्द भनिन्छ । जस्तैः

आलु

माया + आलु = मायालु

लाज + आलु = लजालु

खर्च + आलु = खर्चालु

दया + आलु = दयालु

आइ

काम + आइ = कमाइ

भलो + आइ = भलाइ

अग्लो + आइ = अग्लाइ

एक + आइ = एकाइ

आली

लेक् + आली = लेकाली

हरियो + आली = हरियाली

अपुतो + आली = अपुताली

देव + आली = देवाली

आन

घर + आन = घरान

शिर + आन = शिरान

खस् + आन = खसान

घुर् + आन = घुरान

इयार

अंश + इयार = अंशियार

होस् + इयार = होसियार

हात + इयार = हतियार

मत + इयार = मतियार

आलो

खेत् + आलो = खेतालो

भिर + आलो = भिरालो

गोठ + आलो = गोठालो

दियो + आलो = दियालो

आडी

गफ + आडी = गफाडी

जुवा + आडी = जुवाडी

खेल + आडी = खेलाडी

ई

नेपाल + ई = नेपाली

धन + ई = धनी

दुःख + ई = दुखी

जापान + ई = जापानी

ए

ढोका + ए = ढोके

पर्वत + ए = पर्वते

पहाड + ए = पहाडे

डोको + ए = डोके


ली/ले

रोल्पा + ली = रोल्पाली

दुम्जा + ली = दुम्जाली

ठिमी + ले = ठिमीले

गाउँ + ले = गाउँले



१. तलका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) शब्द निर्माण प्रक्रिया भनेको के हो ?

(ख) रूपायन र व्युत्पादन शब्दमा के फरक छ ?

२. मूल र व्युत्पन्न शब्द छुट्याउनुहोस् :

मायालु, घर, गाउँले, पाल्पाली, मानिस, पुस्तक, सुन्दरता, खेलाडी, फुटबल, हात, नेपाली, सुविचार, मोटाइ, दराज, सुकिलो, कलम, बनावट, मेच, ढकनी, सुगन्ध, पानी, सुकर्म, माटो, विवश, म, बदमास, हामी, राम, नालायक, कुकर्म, प्रगति, गणेश, ढोका, उपहार, उपनाम, मोटर, लेख, पढ, राम्रो, आदेश ।

३. उपसर्ग र आधार पद छुट्याउनुहोस् :

अधिकार, अनमोल, अनुवाद, अकाल, उपकरण, प्रतिकूल, पराक्रम, पराजय, दुष्कर्म, प्रदेश, प्रचार, प्रतिकूल, बदमास, विदेश, विज्ञान, संयोग, सुकर्म, सुपुत्र, प्रदेश, परिश्रम, निस्सार, निधन, नाबालक ।

४. आधारपद र प्रत्यय छुट्याउनुहोस् :

बचत, लडाइँ, ढकनी, बनावट, पढाइ, खेलौना, बोलक्कड, सुताहा, पिराहा, हरुवा, सुकिलो, पाठक, लेखक, पूजनीय, कर्तव्य, घरेलु, खेलाडी, मायालु, खेतालो, होसियार, भरिया, नोकरी, गरिबी, सुन्दरता, बुद्धिमान्, दानवीय, मधुरता ।

५. तल दिइएका उपसर्ग र प्रत्यय लगाई दुई–दुई ओटा शब्द बनाउनुहोस् :

उपसर्ग : अति, अन, उप, निर्, प्र, बद्, बे, सम्, सु, वि, अभि, अप, निस्, नि

प्रत्यय : अनी, अत, आउ, आन, ओट, औना, इलो, उवा, अक्कड, आहा, अन्ते, एको, अनीय, अन, अक, ता, एर, इत, इलो, आलु, आवट ।

६. तल दिइएका शब्दको बनोट देखाऊ :

अ + सन्तोष = असन्तोष

खेल् + आडी = खेलाडी

| | |
|---|---|
| असजिलो = | सुतुवा = |
| उपकार = | धुपौरो = |
| कुपात्र = | मायालु = |
| अभिमान = | फटाहा = |
| बनावट = | जुनेली = |

## समासद्वारा शब्द निर्माण

तल दिइएका समास शब्द पढेर बुझ्नुहोस् :

| | |
|---|---|
| वनमा बास | = वनबास |
| आज अथवा भोलि | = आजभोलि |
| कामलाई चोर | = कामचोर |
| मामाको घर | = मामाघर |
| दुई बाटाको समूह | = दोबाटो |
| भानिज दाइ | = भान्दाइ |
| लामो कान भएको | = लाम्काने |

दुई अथवा दुईभन्दा बढी स्वतन्त्र शब्दहरूको मेलबाट नयाँ शब्द बनाउने प्रक्रियालाई

समास भनिन्छ । समास भएका शब्दलाई दुई अथवा दुईभन्दा बढी सम्बन्धित शब्दमा छुट्याएर देखाउनुलाई विग्रह भनिन्छ ।

| समास | विग्रह |
| --- | --- |
| कालीमाटी | कालो र माटो |
| दाजुभाइ | दाजु र भाइ |
| हरदिन | हरेक र दिन |
| वनचरी | वनको चरी |
| नवग्रह | नौ ग्रहको समूह |
| चिठीपत्र | चिठी र पत्र |

## समासका प्रकार

नेपाली भाषामा ६ प्रकारका समास छन् :

### (क) तत्पुरुष समास

| विग्रह | समास |
| --- | --- |
| रातमा अन्धो | रतन्धो |
| वनमा भोज | वनभोज |
| बुद्धिले हीन | बुद्धिहीन |
| भाइलाई मारा | भाइमारा |
| कामलाई लायक | कामलायक |

समास प्रक्रियामा विभक्ति लोप भई पछिल्लो शब्दको अर्थ प्रधान हुने समासलाई तत्पुरुष समास भनिन्छ ।

### (ख) कर्मधारय समास

| विग्रह | समास |
| --- | --- |
| गाढा निलो | गाढानिलो |
| सानी नानी | सान्नानी |
| कालो माटो | कालीमाटी |

| | |
|---|---|
| भानिज दाइ | भान्दाइ |
| फूल माला | फूलमाला |
| महान् कवि | महाकवि |

नाम र नाम, विशेषण र नाम, विशेषण र विशेषण उपमान र उपमेयसित मेल भई पछिल्लो शब्दको अर्थ प्रधान हुने समासलाई कर्मधारय समास भनिन्छ ।

### (ग) द्विगु समास

| विग्रह | समास |
|---|---|
| चार कोसको समूह | चौकोस |
| चार बाटाको समूह | चौबाटो |
| तीन लोकको समूह | त्रिलोक |
| नौ रसको समूह | नवरस |
| सात घुम्तीको समूह | सातघुम्ती |
| दुई बाटाको समूह | दोबाटो |
| छ कोणको समूह | षट्कोण |

सङ्ख्यावाचक विशेषण र विशेष्य (नाम) काबिच मेल भई पछिल्लो शब्दको अर्थ प्रधान हुने समासलाई द्विगु समास भनिन्छ ।

### (घ) अव्ययीभाव समास

| विग्रह | समास |
|---|---|
| आज + भोलि | आजभोलि |
| घर + बाहिर | घरबाहिर |
| तल + माथि | तलमाथि |
| रात + दिन | रातदिन |
| हिजो + आज | हिजोआज |
| विना + काम | विनाकाम |
| डाँडा + पारि | डाँडापारि |

अव्यय अर्थ प्रधान हुने समासलाई अव्ययीभाव समास भनिन्छ ।

### (ङ) द्वन्द्व समास


| विग्रह | समास |
|---|---|
| आमा र बाबु | आमाबाबु |
| शिक्षा र दीक्षा | शिक्षादीक्षा |
| आगो र पानी | आगोपानी |
| घाम र पानी | घामपानी |
| देव र दानव | देवदानव |
| मुना र मदन | मुनामदन |
| ठुलो अथवा सानो | ठुलोसानो |

दुवै अर्थ समान हुने समासलाई द्वन्द्व समास भनिन्छ ।

### (च) बहुब्रीहि समास

| विग्रह | समास |
|---|---|
| चन्द्रमा जस्तो मुख भएको | चन्द्रमुखी |
| तीन फुट भएको | तीनफुटे |
| मूल्य नभएको | अमूल्य |
| पीत छ अम्बर जसको | पीताम्बर |
| लामो पुच्छर भएको | लामपुच्छ्रे |
| चराको जस्तो नङ्ग्रा भएको | चरीनङ्ग्रे |

विशेषण बनी अन्य अर्थ प्रधान हुने समासलाई बहुब्रीहि समास भनिन्छ ।



१ तलका प्रश्नको उत्तर दिनुहोस् :

(क) समास भनेको के हो ?

(ख) समास कति प्रकारका छन् ?

(ग) तत्पुरुष र द्विगु समासको छोटो परिचय दिई उदाहरण दिनुहोस् ।

(घ) कर्मधारय र बहुव्रीहि समासमा के भिन्नता छ, देखाउनुहोस् ।

२. तल दिइएका समस्त शब्दलाई विग्रह गर्नुहोस् :

पञ्चरत्न, कामचोर, गाईगोठ, मामाघर, चौकोस, भान्दाइ, फूलमाला, महाकवि, रातोपिरो, जेठोबाठो, लामकाने, सयपत्री, पानबुट्टे, अमूल्य, नौतले, गहुँगोरो, हिजोआज, प्रतिवर्ष, विनाकाम, गाढानिलो, नवरस ।

३ तल दिइएका विग्रह पदलाई समास गर्नुहोस् :

आगो र पानी, भाइलाई मारा, तीन नदीको समूह, लामा खुट्टा हुने, नौ ग्रहको समूह, सय पत्र छन् जसका, भोलिपल्ट, रात दिन, तल तिर, छ कोणको समूह, वनको पाले, कर्मले हीन ।

४. जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| कालो माटो | तत्पुरुष |
| अन्न र पानी | कर्मधारय |
| डाँडा माथि | द्विगु |
| तीन कोणको समूह | अव्ययीभाव |
| चन्द्रमा जस्तो मुख भएको | बहुव्रीहि |
| गाईको गोठ | द्वन्द्व |

## द्वित्वद्वारा शब्द निर्माण

तल दिइएका द्वित्व शब्द पढेर बुझ्नुहोस् :

| | |
|---|---|
| सानो + सानो = ससानो | पछि + पछि = पछिपछि |
| भात + भात = भातसात | टुलु + टुलु = टुलुटुलु |
| काम + काम = कामसाम | गहना + गहना = गर्गहना |
| तातो + तातो = तात्तातो | टाल + टाल = टालटुल |
| झगडा + झगडा = झैझगडा | काट + काट = काटकुट |
| आफ्नो + आफ्नो = आआफ्नो | केर + केर = केरकार |
| मुसु + मुसु = मुसु मुसु | चोर + चोर = चोरसोर |

फर + फर = फरर

कसको + कसको = ककसको

माड + माड = माडमुड


कापी + कापी = कापीसापी

राता + राता = राता राता

घर + घर = घर घर

लामा + लामा = लामा लामा

एउटै शब्दलाई दोहोऱ्याएर नयाँ शब्द बनाउने प्रक्रियालाई द्वित्व भनिन्छ ।



१. द्वित्व भनेको के हो ?

२. द्वित्व शब्दमा गोलो घेरा लगाउनुहोस् :

झैझगडा, मानिस, पसल, मारामार, ससानो, रातो, घर, कामसाम, भातसात, राता राता, कालो, ककसको, सुन्दर, कान्छो, माथिमाथि, शिव, कलम, पुस्तक, आआफ्नो, जजसको, छिमेक, खर्च, मानिस, देवता, लामा लामा, मामाघर, तातो तातो, पानी, हिजो, काटकूट

३. द्वित्व प्रक्रियाबाट शब्द बनाउनुहोस् :

झगडा + झगडा =

पिट + पिट =

घर + घर =

पछि + पछि =

किताब + किताब =

पानी + पानी =

आफू + आफू =

राम्रो + राम्रो =

सानो + सानो =

लामा + लामा =

भात + भात =

राता + राता =

काम + काम =

पछि + पछि =

एकाइ
२०

# शब्दभण्डार

## शब्दभण्डारको परिचय

बोलचालमा प्रयोग हुने शब्दहरूको समूहलाई शब्दभण्डार भनिन्छ । कुनै पनि भाषामा अनगिन्ती शब्दहरू हुन्छन् । ती शब्दहरू विभिन्न स्रोतबाट आई अर्थ जनाउन प्रयुक्त हुन्छन् । नेपाली भाषामा पनि आफ्नै शब्दभण्डार छ । शब्दभण्डारभित्र निम्न शब्दहरू रहन्छन् ।

## पर्यायवाची शब्द

एउटै अर्थात् समान अर्थ हुने फरक शब्दलाई पर्यायवाची शब्द भनिन्छ । पर्यायवाची शब्दहरूको अर्थ एउटै भए पनि भावमा फरक भने आउन सक्छ ।

### केही पर्यायवाची शब्दहरू

| | |
|---|---|
| आँखा | – नयन, नेत्र, लोचन |
| आकाश | – गगन, सागर, नभ |
| अबेर | – ढिलो, अबेला, विलम्ब |
| आगो | – अग्नि, अनल |
| इच्छा | – कामना, चाहना, अभिलाषा |
| ईश्वर | – देवता, देव, भगवान, सुर |
| उपहार | – कोसेली, भेटी, सौगात |
| गुरु | – शिक्षक, अध्यापक |
| खुसी | – हर्ष, प्रसन्न |
| घर | – गृह, सदन, आवास, निकेतन |
| चन्द्रमा | – जुन, शशी, इन्दु |
| चरण | – गोडा, पाउ, खुट्टा |

| | |
|---|---|
| छाँगो | – छहरा, झर्ना |
| जमिन | – पृथ्वी, जग्गा, भुइँ |
| दु:ख | – पीर, पीडा, वेदना, कष्ट |
| नयाँ | – नवीन, नव, नूतन, नौलो |
| नारी | – महिला, स्त्री, आइमाई |
| पहाड | – पर्वत, गिरि, शैल |
| पिता | – जनक, बाबा |
| तलाउ | – पोखरी, दह, ताल |
| चतुर | – चलाख, बाठो, चङ्ख |
| सूर्य | – रवि, दिवाकर, भानु |
| फूल | – पुष्प, सुमन, कुसुम |
| शुद्ध | – पवित्र, चोखो, निर्मल, स्वच्छ |
| संसार | – भुवन, जगत, विश्व |
| साथी | – मित्र, सङ्गी, दौँतरी |
| बादल | – मेघ, घटा, वायु |
| गरिब | – निर्धन, दीन, निर्धो |
| केश | – रौँ, कपाल |
| दीप | – बत्ती, दियो, चिराग |
| गहना | – भूषण, आभूषण, अलङ्कार |
| जिउ | – शरीर, अङ्ग, तन |
| नदी | – सरिता, गङ्गा, खोला |
| पुस्तक | – किताब, ग्रन्थ |
| प्रेम | – स्नेह, माया, प्रीति, प्यार |
| बल | – तागत, शक्ति, सामर्थ्य |

| | |
|---|---|
| बाठो | – चलाख, चतुर |
| माता | – आमा, जननी, मुमा |
| युद्ध | – लडाइँ, सङ्ग्राम |
| राक्षस | – असुर, दैत्य, दानव |
| समय | – बेला, काल, अवसर, याम |
| सुन्दर | – राम्रो, मनोहर |
| हावा | – पवन, वायु, बतास |
| मौका | – समय, बखत, अवसर |
| ईर्ष्या | – इख, रिस, डाह |
| करुणा | – दया, माया, स्नेह |
| नयाँ | – नव, नूतन, नवीन |
| मृत्यु | – निधन, देहावसान, अवसान |
| विद्यालय | – विद्यालय, पाठशाला |
| शिर | – माथा, टाउको |
| सुनसान | – एकान्त, चकमन्न |

## विपरीतार्थक शब्द

दुई शब्दमध्ये एकअर्काको विपरीत उल्टो अर्थ दिने शब्दलाई विपरीतार्थक शब्द भनिन्छ ।

### केही विपरीतार्थक शब्दहरू

| | | | |
|---|---|---|---|
| अगाडि | – पछाडि | असल | – खराब |
| अग्लो | – होचो | अल्छी | – जाँगरिलो |
| अमृत | – विष | सजिलो | – अप्ठ्यारो |
| आकाश | – पाताल | आउनु | – जानु |

| | | | |
|---|---|---|---|
| आरम्भ | – अन्त | आगो | – पानी |
| कालो | – गोरो | आमा | – बुबा |
| गाउँ | – सहर | घाम | – पानी |
| जन्म | – मृत्यु | उत्तर | – दक्षिण |
| गुण | – दोष | किन्नु | – बेच्नु |
| टाढा | – नजिक | जीत | – हार |
| जीवन | – मरण | उज्यालो | – अँध्यारो |
| हेला | – माया | दिन | – रात |
| आफू | – अरू | मान | – अपमान |
| खुला | – बन्द | सञ्चो | – बिसञ्चो |
| सपना | – विपना | साक्षर | – निरक्षर |
| हाँस्नु | – रुनु | सुरु | – अन्त्य |
| शिर | – पाउ | मोटो | – दुब्लो |
| धेरै | – थोरै | भित्र | – बाहिर |
| संयोग | – वियोग | सुख | – दुःख |
| स्वर्ग | – नर्क | हिउँद | – वर्षा |
| सम्पन्न | – विपन्न | सुकिलो | – मैलो |

## श्रुतिसमभिन्नार्थक शब्द

सुन्दा उस्तै तर अर्थ फरक आउने शब्दहरूलाई श्रुतिसमभिन्नार्थक शब्द भनिन्छ ।

### केही श्रुतिसमभिनार्थक शब्दहरू

आदि – थालनी, सुरु
आधि – आधा

कोट – लुगा
कोत – हात हतियार राख्ने ठाउँ

कोश – सङ्ग्रह
कोस – दुई माइलको दुरी

कृति – रचना
कीर्ति – ख्याति

खालि – केवल
खाली – रित्तो

गर्व – घमण्ड
गर्भ – पेटभित्र बच्चा रहने ठाउँ

डर – भय, त्रास
दर – मूल्य

तीर – वाण
तिर – तर्फ

तातो – न्यानो
टाटो – दाग

दाम – पैसा
डाम – डाम्ने काम

चिर – लामो
चीर – कपडा

दिन – समय
दीन – दुःखी

धोका – बेइमानी
ढोका – घरभित्र पस्ने भाग

पाश – पासो
पास – नजिक

जाति –जात
जाती – असल

जुन – सर्वनाम
जून – चन्द्रमा

पूरा – सबै
पुरा – जुठो खाना
बाग – बगैँचा
बाघ – जङ्गली हिँस्रक जन्तु

फुल – अण्डा
फूल – पुष्प
महिना – मास
मैना – चरो

यश – कीर्ति
यस – यो

शूर – पराक्रमी
सुर – सङ्गीतको धुन

सिता – भातको सिता
सीता – स्त्रीको नाम

हुस्सु – कुहिरो
हुस्सू – होस नभएको

लागि – विभक्ति
लागी – लाग्ने काम

मोती – बहुमूल्य
मोटी – मोटो जीउ भएकी

शव – लास

सब – सबै

तीर – वाण

तिर – तिर्ने काम

## अनेकार्थक शब्द

एकभन्दा बढी अर्थ दिने शब्दलाई अनेकार्थक शब्द भनिन्छ । अनेकार्थक शब्दहरू वाक्यको अवस्थाअनुसार भिन्न भिन्न अर्थमा प्रयोग हुन्छन् ।

### केही अनेकार्थक शब्दहरू

पत्र – चिठी
– पाना
– तह

कल – झगडा
– धारो
– मिसिन

फल – रूखको फल
– नतिजा, परिणाम

कस – दाग, मैला
– कस्ने काम

सुन – स्वर्ण
– सुन्ने काम

हार – माला
– पराजय

असार– महिना
– सार नभएको

खरी – चक, लेख्ने साधन
– वनस्पति
– खरो स्वभावकी स्त्री

काल – समय
– मृत्यु
– यमराज

गोल – अँगार, कोइला
– गोलो भएको

तान – लय, सुर
– लुगा सिउने तान
– आफूतिर खिच्नु

पेटि – सडकको छेउ
– कम्मरमा बाँध्ने साधन

बेला – बाजा
– समय

वर – दुलहा
– नजिक
– एक प्रकारको रूख

नगर – सहर
– गर्नु हुँदैन

धान – अन्न
– निर्वाह गर

| | |
|---|---|
| साल – सालनाल<br>– वर्ष<br>– एक प्रकारको रूख | खोल – आवरण, ढकनी<br>– खोल्ने काम गर्नु |
| पुतली– उड्ने किरो<br>– खेलौना | भर – आड, भरोसा<br>– भर्ने काम गर |

## सिङ्गो शब्द

गहन अर्थ बोकेको सारपूर्ण शब्दलाई सिङ्गो अथवा सार शब्द भनिन्छ । यस्तो शब्दले धेरै शब्दको सट्टा उही अर्थ दिने गर्दछ। यस्ता शब्दले भाषिक अभिव्यक्तिलाई आकर्षक बनाउँछ ।

### केही सिङ्गो शब्दहरू

| | |
|---|---|
| कहिल्यै नमर्ने | – अमर |
| कहिले नाश नहुने | – अविनाशी |
| ईश्वरमा आस्था राख्ने | – आस्तिक |
| बेकाममा हल्लिएर हिँड्ने | – अल्लारे |
| घाममा सुकाउन राखिएको अन्न | – बिस्कुन |
| दश वर्षको समय | – दशक |
| सय वर्षको समय | – शताब्दी |
| धार नभएको | – भुत्ते |
| कर्ममा विश्वास गर्ने | – कर्मयोगी |
| फिर्ता गर्ने गरी राख्न दिएको वस्तु | – नासो |
| दुलहीलाई बिहेमा दिइने वस्तु | – दाइजो |
| स्वानी मान्छेको निजी धन | – पेवा |
| माछामासु खाने | – मांसाहारी |
| राष्ट्रका लागि जीवन दिने व्यक्ति | – सहिद |
| अन्न सागपात मात्र खाने | – शाकाहारी |
| विद्वान् महिला | – विदुषी |

| | |
|---|---|
| आमाबुबा नभएको | – टुहुरो |
| पाउन कठिन | – दुर्लभ |
| पहाडको माथिल्लो भाग | – लेक |
| ईश्वर र धर्ममा विश्वास नराख्ने | – नास्तिक |
| अर्काको गुण बिर्सने व्यक्ति | – बैगुनी |

## लघुतावाची शब्द

वस्तुको सानो रूप, आकार अथवा भावलाई बुझाउने शब्दलाई लघुतावाची शब्द भनिन्छ ।

### केही लघुतावाची शब्दहरू


| | |
|---|---|
| गेडो – गेडी | झोला – झोली |
| डालो – डाली | चिम्टा – चिम्टी |
| पुस्तक – पुस्तिका | भात – सितो |
| गाग्रो – गाग्री | कुचो – कुची |
| अनार – दानो | थैलो – थैली |
| टीको – टीकी | लौरो – लौरी |
| मासु – चोक्टा | पटुका – पटुकी |
| लसुन – बिजुलो | चम्चा – चम्ची |
| तेल – थोपो | खेत – सुर्को |
| नुन – ढिको | साग – त्यान्द्रो |
| सुन्तला – केस्रो | मुला – चानो |
| रोटी – टुक्रो | कोदालो – कोदाली |
| दाउरा – छेस्को | घाम – झुल्को |

## सङ्क्षिप्त शब्दहरू

शब्दको सुरुको अक्षरबाट बन्ने शब्दलाई सङ्क्षिप्त शब्द भनिन्छ । सङ्क्षिप्त शब्द निर्माण गर्दा शब्दको सुरुको अक्षर लेखेर दशमलब चिह्न ( . ) प्रयोग गर्ने प्रचलन छ :

## केही सङ्क्षिप्त शब्दहरू

| | |
|---|---|
| प्र.जि.अ. | – प्रमुख जिल्ला अधिकारी |
| प्र.अ. | – प्रधानाध्यापक |
| त्रि.वि. | – त्रिभुवन विश्वविद्यालय |
| ज.ब.रा. | – जङ्गबहादुर राणा |
| रा.स.स. | – राष्ट्रिय समाचार समिति |
| ने.वा.स. | – नेपाल वायुसेवा निगम |
| तृ.पु. | – तृतीय पुरुष |
| डा. | – डाक्टर |
| इ. | – इन्जिनियर |
| प्र.म. | – प्रधानमन्त्री |
| मा.वि. | – माध्यमिक विद्यालय |
| गो.प. | – गोरखा पत्र |
| गा.वि.स. | – गाउँ विकास समिति |
| का.जि. | – काठमाडौँ जिल्ला |
| क्षे.शि.नि. | – क्षेत्रीय शिक्षा निर्देशनालय |
| गो.द.बा. | – गोरखा दक्षिण बाहु |
| प्र.नि. | – प्रहरी निरीक्षक |
| भू.पु | – भूतपूर्व |
| प्रा.वि. | – प्राथमिक विद्यालय |
| पं. | – पण्डित |



## अभ्यास

१. तलका प्रश्नको उत्तर दिनुहोस् :

(क) शब्दभण्डार भनेको के हो ? उदाहरणसहित उल्लेख गर्नुहोस् ।

(ख) कस्ता शब्दलाई पर्यायवाची शब्द भनिन्छ ?

(ग) कस्ता शब्दलाई विपरीतार्थक शब्द भनिन्छ ?

(घ) अनेकार्थक शब्द भनेका कस्ता शब्द हुन् ?

(ङ) सिङ्गो अथवा सार शब्द भनेर कस्ता शब्दलाई भनिन्छ ? उदाहरण दिनुहोस् :

२. तलका शब्दहरूका दुई–दुई ओटा पर्यायवाची शब्द लेख्नुहोस् :

आकाश : ______ ______

आमा : ______ ______

सूर्य : ______ ______

साथी : ______ ______

मानिस : ______ ______

बादल : ______ ______

पहाड : ______ ______

पोखरी : ______ ______

उपहार : ______ ______

आगो : ______ ______

चन्द्रमा : ______ ______

संसार : ______ ______

खुट्टा : ______ ______

३. तल दिइएका शब्दहरूको विपरीतार्थक शब्द लेख्नुहोस् :

सक्कली : ______

सुखी : ______

उच्च : ______

उल्टो : ______

तातो : ______

कालो : ______

सुमार्ग : ____________________

ओरालो : ____________________

घाम : ____________________

सरल : ____________________

भित्र : ____________________

सपनाः ____________________

अँध्यारो : ____________________

ज्ञान : ____________________

४. तलका श्रुतिसमभिन्नार्थक शब्दलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्नुहोस् :

तिर – तीर :

फेरि – फेरी

गर्व – गर्भ :

आदि – आधी :

जाति – जाती :

कृति – कीर्ति :

ढोका – धोका :

कोट– कोत :

बाँस – बास :

खट – खत :

दिन – दीन :

मोटी – मोती :

खालि – खाली :

नारी – नाडी :

५. तलका सङ्क्षिप्त शब्दको पूरा रूप लेख्नुहोस् :

त्रि.वि. = ____________________

प्र.अ. = ____________________

मा.वि. = ____________________

रा.स.स. = ____________________

का.जि. = ____________________

गो.प. = ____________________

जि.शि.अ. = ____________________

भू.पु. = ____________________

गो.द.वा. = ____________________

६. जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| घाम | थुँगो |
| तेल | सितो |
| फूल | थोपो |
| नुन | झुल्को |
| खेत | कोसो |
| भात | सुर्को |
| केरा | ढिको |

७. तल दिइएका शब्दको सिङ्गो शब्द लेख्नुहोस् :

कर्ममा विश्वास गर्ने =
दस वर्षको समय =
ईश्वरमा विश्वास गर्ने =
श्रम गरेर बाँच्ने =
मासुमात्र खाने =
कवितामात्र लेख्ने =
धेरै खानेकुरा खाने =
धेरै पढ्ने =
फलफूलमात्र खाने =
सधैँ हाँसिरहने =
अरूको कुरा लगाउने =
आमा, बावाले भनेको मान्ने =
व्यापार गरेर जीविका गर्ने =
अरूलाई दुःख दिने =

एकाइ २१

# अनुकरणात्मक शब्द

## अनुकरणात्मक शब्दको परिचय

कुनै पनि वस्तुको नक्कल गरी प्रस्तुत गर्दा प्रयोग गरिने शब्दलाई अनुकरणात्मक शब्द भनिन्छ । यस्ता शब्द वस्तुको आवाज, दृष्य आदिको नक्कल गरेर प्रस्तुत गरिन्छ ।

### केही अनुकरणात्मक शब्दहरू :

| | |
|---|---|
| खलखल | – पसिना आउनु |
| गमक्क | – गम्किनु/ठालु पल्टनु |
| खुत्रुक्क | – दुःख दायी मृत्यु |
| काका | – कागको बोली |
| खसखस | – केही भनूँ भनूँ लाग्नु |
| गजधुम्म | – अचल भएर बस्नु |
| चिटिक्क | – सुन्दर देखिनु |
| झलमल्ल | – उज्यालो हुनु |
| टिनटिन | – घण्टीको आवाज |
| टनक्क | – बेस्सरी कस्सिएको |
| पिलपिल | – मधुरो बत्ती बाल्ने किसिम |
| भुनभुन | – मौरी कराउँदा निस्कने आवाज |
| रनक्क | – बेस्सरी तात्ने काम |
| सिमसिम | – पानीपर्ने किसिम |
| ट्वार्रट्वार्र | – भ्यागुतो कराउँदा निस्कने आवाज |
| निथ्रुक्क | – पानीले भिज्ने किसिम |

पिलपिल – बत्ती बाल्ने किसिम

फतक्क – पाकेर गलेको फलफूल

प्याट्ट – बिचार नपुऱ्याई हिर्काउनु

सुलुक्क – एकैचोटी निल्नु

लमकलमक – छिटो-छिटो हिँड्ने काम

कलकल – नदी बग्दा निस्कने आवाज

भनभन – झिँगो भन्किदा आउने आवाज

सरक्क – चुप लागेर हिँड्ने काम

तपतप – पानी चुहिँदाको किसिम

भुकभुक – कुकुर कराउँदा निस्कने आवाज


जऱ्याकजुरुक – एकाएक उठ्नु

ठिङ्ग – एकोहोरो उभिइराख्नु

पिच्च – जहाँ पायो त्यहाँ थुक्ने काम

ढुकुरकुर – ढुकुर कराउँदा निस्कने आवाज

धुरुधुरु – रोएको आवाज



## अभ्यास

१. अनुकरणात्मक शब्द भनेको के हो ?

२. तल दिइएका अनुकरणात्मक शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् :

टलक्क :

खलखल :

फटाफट :

गुनगुन :

टिनटिन :

चिटिक्क :

छपक्क :

टनक्क :

पिच्च :

सरक्क :

सिमसिम :

३. जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| खचाखच | फुल्नु |
| खुरूखुरु | बल्नु |
| गमक्क | उठ्नु |
| घटघटी | हिँड्नु |
| जुरुक्क | टल्कनु |
| टलक्क | हिँड्नु |
| धपक्क | भरिनु |
| फटाफट | पिउनु |

४. अनुकरणात्मक शब्द चिनी गोलो ◯ घेरा लगाउनुहोस् :

सरक्क, अज्ञान, रुन्छ, सिमसिम, विद्यालय, पसिना, चिटिक्क, टहटह, हतार, जान्छ, गमक्क, लटरम्म, फुल्नु, पढ्नु, बल्छ, धपक्क, रुन्छ, प्याट्ट, बर्र, निदाउनु, भुसुक्क, मुसुमुसु, खान्छ, पुस्तक, टुप्लुक्क, पिउनु, घटघटी, खुसुक्क, पानी ।

एकाइ २२

# वर्णविन्यास

## वर्णविन्यासको परिचय

भाषाका वर्णहरूलाई व्यवस्थित किसिमले राख्ने प्रक्रियालाई वर्णविन्यास भनिन्छ । भाषाका कथ्य र लेख्य गरी दुई रूप हुन्छन् । लेख्य रूप भाषाको मानक रूप हो । लेख्य भाषामा लेखन, मुद्रण अथवा टङ्कण गर्दा विशेष ध्यान दिनुपर्दछ । वर्णको सम्बन्ध अर्थसँग हुने भएकोले वर्णविन्यासमा त्रुटि हुँदा अर्थमा असर पर्छ । त्यसकारण भाषामा भाव, विचार अथवा अभिव्यक्ति सही ढङ्गबाट व्यक्त गर्न लेख्य भाषामा वर्णविन्यास मिलाउनुपर्छ ।

## वर्णविन्यासको नियम

वर्णविन्याससम्बन्धी नियमहरू यसप्रकार छन् :

### (क) शब्दको सुरुमा इ–उ ( ि, ु ) ह्रस्व हुने नियम

- सबै व्युत्पन्न शब्दहरूको सुरुको इ–उ ह्रस्व हुन्छन् ।

  जस्तैः दुधालु, धुपौरो, नुनिलो, सिलौटो, पिराहा, मितेरी, बुढ्याइँ आदि ।

- वि, नि, निस्, सु, उप, दुर् उपसर्ग लागेका शब्दहरूका सुरुमा इ ह्रस्व हुन्छन् ।

  जस्तैः विचार, विदेश, विनाश, निबन्ध, निपात, नियोग, निष्पाप, निश्चय, निस्तेज, सुकर्म, सुपुत्र, सुमार्ग, उपचार, उपकार, उत्पात, उत्पत्ति, उत्तेजना, दुर्नाम, दुर्बल, कुपुत्र, सुमार्ग, कुबुद्धि आदि ।

- 'तद्भव' र 'आगन्तुक' शब्दहरूका सुरुमा इ–उ ह्रस्व हुन्छन् ।

  जस्तैः छिमेक, तिहुन, पित्तल, हिउँ, हिसाब, किताब, ठिटो, कुर्सी, सुकुल आदि ।

- सुरुमा इ–उ आउने सर्वनाम शब्दहरू ह्रस्व हुन्छन् ।

  जस्तैः तिमी, यिनी, उनी, उहाँ, तिनी आदि ।

- द्वि, त्रि भएका शब्दहरूको सुरुमा इ ह्रस्व लेखिन्छ ।

  जस्तैः द्वितीय, द्विगु, द्विगुण, त्रिकोण, त्रिशूल, त्रिभुवन आदि ।

- अनुकरणात्मक शब्दका सुरुको इ-उ ह्रस्व हुन्छन् ।

  जस्तैः किटिक्क, पिटिक्क, मुसुक्क, लुरुक्क, टुलुटुलु आदि ।

### (ख) बिचमा इ-उ ह्रस्व हुने नियम

- अनु, परि, प्रति, उपसर्ग लागेर बनेका शब्दहरूका बिचमा इ-उ ह्रस्व हुन्छ ।

  जस्तैः अतिरिक्त, अतिक्रमण, अधिवक्ता, अधिपति, अभियोग, परिभाषा, परिपत्र, प्रतिलिपि, प्रतिक्रिया आदि ।

- विशेषण शब्दका बिचको इ-उ ह्रस्व हुन्छन् ।

  जस्तैः अमिलो, दुधिलो, बलियो, सिकिस्त, हरियो, गुलियो, बाटुलो, पठित, मौखिक, अन्तिम आदि ।

- अव्यय शब्दहरूका बिचमा ह्रस्व हुन्छन् ।

  जस्तैः बाहिर, कहिले, अहिले, निमित्त, हिरिक्क, अघिल्तिर आदि ।

- सङ्ख्यावाचक शब्दका बिचको इ-उ स्वर वर्ण ह्रस्व हुन्छन् ।

  जस्तैः उन्नाइस, एक्काइस, बाइस, तेइस, सत्ताइस, अठ्ठाइस, एकाउन्न, बाउन्न, चौउन्न, सन्ताउन्न, अन्ठाउन्न आदि ।

### (ग) शब्दको अन्त्यमा इ-उ ह्रस्व हुने नियम

- पुलिङ्गी नाम र नाता बुझाउने शब्दको अन्त्यको इ-उ ह्रस्व हुन्छन् ।

  जस्तैः हरि, विष्णु, रवि, भाइ, ज्वाँइ, पति, नाति, पनाति, गुरु, बाबु, दाजु, जेठाजु, भिनाजु, बराजु, फुपाजु आदि । (अपवाद - स्वामी, सम्धी, खसी, हात्ती दीर्घ लेखिने)

- ति, थि, नि, पि, वि, शि, ष्टि अन्त्यमा आउने शब्द ह्रस्व लेखिन्छन् ।

  जस्तैः कृति, कान्ति, मति, विधि, अग्नि, शनि, मुनि, लिपि, यद्यपि, छवि, कवि, रवि, राशि, सृष्टि, वृष्टि, पुष्टि आदि ।

- अव्यय शब्दका पछाडि आउने इ ह्रस्व हुन्छन् ।

जस्तैः अगाडि, पछाडि, माथि, अघि, पछि, अस्ति, भोलि, खोइ, चाहिँ, चोटि, निम्ति, वरिपरि, वारि, पर्सि, फेरि आदि ।

- अन्त्यमा उ आउने निर्जीव नाम शब्दहरू हुन्छन् ।

  जस्तैः ठाउँ, गाउँ, घिउ, आलु, दुनु, मासु, स्याउ, केराउ आदि ।

- आइ, आलु, आरु, एलु, आउ आदि प्रत्यय लागेका शब्दहरू ह्रस्व हुन्छन् ।

  जस्तैः पढाइ, लेखाइ, दुधालु, खर्चालु, मूर्ख्याइँ, दुस्ट्याइँ, सिकारु, जुझारु, घरेलु, बनेलु, घेराउ, चुनाउ आदि ।

## (घ) शब्दको सुरुमा ई दीर्घ हुने नियम

- निम्न तत्सम शब्दहरूको सुरुका ई–ऊ दीर्घ हुन्छन् ।

  जस्तैः ईश, कीट, क्रीडा, गीति, ग्रीष्म, सजीव, टीका, दीक्षा, नीति, तीर, पीयूष, वीर, शीत, चीत्कार, भीष्म, सीता, न्यून, स्तूत, मूल्य, भूमि, शून्य, सूक्ष्म, सूत्र आदि ।

- निम्न सङ्ख्यावाचक शब्दहरू मात्र सुरुमा दीर्घ लेखिन्छन् ।

  जस्तैः तीन, बीस, तीस आदि ।

- रेफभन्दा अगाडि आएका संयुक्त व्यञ्जनमा ई–ऊ दीर्घ लेखिन्छन् ।

  जस्तैः कीर्तन, जीर्ण, शीर्षक, मुर्ख, पूर्ण, ऊर्जा, धूर्त, दीर्घ, पूर्ण, चूर्ण आदि ।

## (ङ) शब्दका बिचमा ई–ऊ दीर्घ हुने नियम

- ईय, ईन, अनीय, तीय प्रत्यय लागेका शब्दका बिचको ई दीर्घ हुन्छन्

  जस्तैः केन्द्रीय, भवदीय, स्वर्गीय, प्राचीन, कुलीन, नवीन, युगीन, आदरणीय, मानवीय, विचारणीय, द्वितीय आदि (अपवाद– राष्ट्रिय, क्षेत्रिय ह्रस्व हुन्छन् ।)

  इच्छार्थक क्रियापदका बिचका ऊ दीर्घ हुन्छन् ।

  जस्तैः जाऊन्, खाऊन्, लेखून्, सुतून्, भनून्, दिऊन् आदि ।

  स्वर वर्णबाहेक बिचमा ई–उ आउने सबै सङ्ख्यावाचक शब्द दीर्घ लेखिन्छन् ।

  जस्तैः चौबीस, पच्चीस, छब्बीस, उनन्तीस, एकतीस, बत्तीस, तेत्तीस, चौतीस, पैँतीस, छत्तीस, सैँतीस, अठ्तीस, उनन्चालीस, चालीस, एकचालीस, बयालीस, त्रिचालीस, चवालीस, पैँतालीस, छयालीस, सत्चालीस, अठ्चालीस आदि ।

- करण, कृत, भवन, भूत आदि अन्त्यमा आउने शब्दका बिचमा दीर्घ लेखिन्छन् ।

  जस्तैः एकीकरण, सरलीकरण, औद्योगीकरण, केन्द्रीकृत, स्वीकृत, एकीकृत, समीभवन, एकीभवन, केन्द्रीभूत, द्रवीभूत आदि ।

- निम्न तत्सम शब्दहरू बिचमा दीर्घ लेखिन्छन् ।

  जस्तैः परीक्षा, प्रतीक्षा, प्रतीक, गम्भीर, प्रतीत, वाल्मीकि, शिरीष, समीक्षा, समीर, कुतुहल, उत्तीर्ण, चिरञ्जीवि, सपूत, सङ्गीत, समूह, अधीन दीर्घ लेखिन्छन् ।

  क्षतिपूर्ति दीर्घभवनका रूपमा स्विकारिएका शब्दहरू बिचमा दीर्घ लेखिन्छन् ।

  जस्तैः (कर्चुर) कचूर, (कर्पुर) कपू, (कुपुत्र) कुपूत, (दुग्ध) दुध, (फुल्ल) फूल, (पिष्ट) पीठो, (मूत्र) मूत, (तिक्त), तीतो, (सूत्र) सूत, (शिल्प) सीप, (भिक्षा) भीख, (वृद्ध) बुढो आदि ।

### (च) शब्दको अन्त्यमा दीर्घ हुने नियम

- सर्वनाम, विशेषण, पेसा, जात, थर आदि बुझाउने शब्द अन्त्यमा दीर्घ लेखिन्छन् ।

जस्तैः

(अ) सर्वनाम – हामी, तिमी, आफू, तिनी, यिनी, उनी आदि ।

आ) विशेषण – अल्छी, इलमी, दुःखी, धनी, रोगी, ज्ञानी, दानी, त्यागी, गफाडी, नेपाली, गोर्खाली आदि ।

इ) पेसा – ज्यामी, डकर्मी, सिकर्मी, नकर्मी आदि ।

(ई) जात – कामी, दमाई, सार्की, घर्ती, ज्यापू, किराँती, लिम्बू, राई, माझी, क्षेत्री आदि ।

उ) थर – अधिकारी, सुवेदी, उप्रेती, रेग्मी, लोहनी, पुरी, प्रसाईं, गुरागाईं, चौलागाईं, बजगाईं, त्रिपाठी, पराजुली आदि ।

- स्त्रीलिङ्गी शब्दहरू अन्त्यमा दीर्घ लेखिन्छन् ।

  जस्तैः आइमाई, सावित्री, उर्वशी, दिदी, फुपू, भाउजू, सासू, आमाजू, जेठानी, देवरानी, बहिनी, युवती, किशोरी, तरुनी, ठिटी, केटी, दासी, ढोई, गाई, भैँसी, आदि ।

- सङ्ख्यावाचक शब्द अन्त्यमा दीर्घ लेखिन्छन् ।

  जस्तैः दुई, साठी, एकसठ्ठी, बैसठ्ठी, त्रिसठ्ठी, चौँसठ्ठी, पैँसठ्ठी, छैसठ्ठी, सतसठ्ठी, अठसठ्ठी, उनन्सत्तरी, सत्तरी, उनासी, असी, एकासी, बयासी, त्रियासी, चौरासी, पचासी, छयासी, सतासी, अठासी आदि ।

- ई, ती, री, अरी, तरी, मा टुङ्गिने शब्द अन्त्यमा दीर्घ लेखिन्छन् ।

  जस्तैः ठेकी, कोदाली, गरिबी, कान्तिमती, सौभाग्यवती, रूपमती, यसरी, कसरी, त्यसरी, उस्तरी, सरासरी, कस्तरी आदि । (अपवाद–चाहिँ र बहुब्रीहिको हि बाहेक अन्त्यका ही दीर्घ लेखिन्छन् )

- भाषा, ठाउँ, नदी आदि बुझाउने शब्दको अन्त्यमा दीर्घ लेखिन्छन् ।

  जस्तैः अङ्ग्रेजी, नेपाली, हिन्दी, जापानी, मैथली, अवधी, भोजुरी, दनुवारी, इटालेली, कास्की, कैलाली, पाल्पाली, दुम्जाली, गोर्खाली, ठिमी, सप्तरी, कर्णाली, राप्ती, सप्तकोसी, कन्काई, बबई, सेती, गण्डकी, महाकाली, त्रिशूली, नारायणी, मर्स्याङ्दी, मोदी, बागमती, विष्णुमती आदि ।

- आदेश बुझाउने र सामान्य भूतकालीन क्रिया अन्त्यमा दीर्घ लेखिन्छन् ।

  जस्तैः जानू, हेर्नू, भन्नू, पढ्नू, गई, लेखी, दिई, पाई, सुनी, भनी आदि ।

### (आ) श–ष–स सम्बन्धी नियम

वर्णमालामा पाइने यी तीन किसिमका स मध्ये श तालव्य, ष मूर्धन्य र स दन्त्य स हुन् । यी वर्णहरू क्रमशः तालु, मूर्धा र दन्तस्थानबाट उच्चारित हुन्छन् ।

- विसर्ग (:) लागेका शब्दमा श लेख्ने ।

  जस्तैः अक्षरशः, क्रमशः, प्रायशः आदि ।

- ऋ, त, ल भन्दा पहिले श लेख्ने ।

  जस्तैः शृङ्गार, पश्चात्, पश्चिम, आश्चर्य, अश्रु, आश्रय, विश्राम, श्लेष, श्लिष्ट आदि ।

- निम्न शब्दमा श लेख्ने ।

  जस्तैः शिशु, शैशव, शशी, अंश, शाश्वत, शकुन्तला, गणेश, राशि, वैशाख, शिशिर, यशोधरा, आशीर्वाद, केश, शीत, शोभा, शान्ति आदि ।

- क, ट, ठ, ड, ढ, ण, प भन्दा पहिले ष को प्रयोग हुन्छ ।

  जस्तैः निष्कर्म, निष्कर्ष, पुष्कर, परिष्कार, पुष्ट, दृष्टि, स्पष्ट, धृष्ट, काष्ठ, निष्ठा, षोडष, कृष्ण, विष्णु, आषाढ, पुष्प, पुष्पा आदि ।

- निम्न शब्दमा ष लेख्ने ।

  जस्तैः ईर्ष्या, कृषि, भीष्म, वर्षा, औषधी, विषाद, भेष, द्वेष, विष, प्रेषक आदि ।

- स, सु, सत्, सम्, स्व, सह्, स्वयम् जोडिएका शब्दमा स लेख्ने ।

  जस्तैः सकर्म, सफल, सबल, सगोल, सुशील, सुयोग्य, सुपुत्र, सुवास, सत्कार, सत्प्रेरणा, सत्मार्ग, सम्मुख, संस्कार, सम्पादक, संयोग, स्वदेश, स्वजन, स्वरूप, सहयोग, सहकार्य, सह अस्तित्व, स्वयम्भू, स्वयम्बर आदि ।

- स्था, स्मृ, स्तु, स्ना धातुबाट बनेका शब्दमा स लेख्ने ।

  जस्तैः स्थान, स्थित, स्थापत्य, स्मृति, स्मरण, स्तुति, स्फुरण, स्नातक, स्नान, आदि ।

- आगन्तुक शब्दमा रहेका श-स-ष मध्ये स लेख्ने

  जस्तैः सहिद, सिफारिस, रजिस्ट्रेसन, सहर, सुरु आदि । (अपवाद-नाम, थर, पदावली भने श प्रयोग गर्ने । जस्तैः शाह, शेरबहादुर, शेर्पा, कुशवाह, शाहजादा, शाहजादी आदि ।)

### (इ) ब, व, ओ सम्बन्धी नियम

- क्रियापदमा पेट चिरेको ब लेख्ने

  जस्तैः बस्नु, बोल्नु, बाल्नु, बताउनु, बिर्सिनु आदि ।

- प्रष्ट ब उच्चारण हुने शब्दहरूमा ब लेख्ने

  जस्तैः बल, बालक, बुध, वृद्धि, अम्बा, चुम्बन, ब्राह्मण, ब्रह्मा आदि ।

- म भन्दा पछि र द, ध भन्दा पहिले ब लेख्ने

  जस्तैः कर्तव्य, गन्तव्य, भवितव्य, कवित्व, ममत्व, सतीत्व, धनवान्, दयावान्, बलवान्, गुणवती, रूपवती, गर्भवती, डुलुवा, घिचुवा, सुतुवा, पैसावाल, गाडीवाल, घडीवाल आदि ।

- केही तत्सम शब्दमा व लेखिन्छ ।

  जस्तैः वृक्ष, व्यथा, पर्व, भावक, विवश, वर्णन, पूर्व आदि ।

- क्रियापद र केही ओ उच्चारण हुने शब्दमा ओ लेखिन्छ ।

  जस्तैः आओ, जाओ, खाओ, ओखती, ओखर, ओखल आदि ।

### (ई) य, ए, सम्बन्धी नियम

- सर्वनाम शब्दहरूमा य लेखिन्छन् ।

  जस्तैः यी, यो, त्यो, त्यस, त्यहाँ, यस, यही आदि ।

- भूतकालीन क्रियापदमा य लेखिन्छन् ।

  जस्तैः गयो, भयो, खायो, खायौ आदि अपवाद आएँ, गएँ आदि ।

- व्युत्पन्न शब्दमा य लेखिन्छ ।

  जस्तैः कमैया, जहानिँया, सहरिया, हँस्यौली, मूर्ख्याइँ

- केही तत्सम शब्दमा य लेखिन्छ ।

  जस्तैः यश, यमक, यक्ष, मूल्य, जय, दृश्य, पद्य, गद्य आदि ।

- इच्छार्थक क्रियापदमा ए प्रयोग हुन्छ ।

  जस्तैः गएस्, भएस्, खाएस्, धोएस आदि ।

- सामान्य भूत तथा अज्ञात भूतकालका क्रियापदमा ए प्रयोग हुन्छ ।

  जस्तैः गए, आए, गएछ, भएँ, पाएछ आदि ।

- कृदन्त शब्दमा एर, एको लाग्छ ।

  जस्तैः गएको, दिएको, भएर आदि ।

- केही शब्दमा य को प्रयोग हुन्छ ।

  जस्तैः ध्येय, मध्ये, ज्येष्ठ, अन्त्येष्ठि, प्रत्येक आदि ।

### (उ) क्ष, छे सम्बन्धी नियम

- क्ष को प्रयोग तत्सम शब्दमा हुन्छ ।

  जस्तैः अक्ष, अक्षता, अक्षर, शिक्षा, कक्ष, क्षय, मोक्ष, परीक्षा, पक्षी, भक्षक, रक्षा, दीक्षा, लक्ष्य, क्षेप्यास्त्र, लक्ष्य, क्षितिज आदि ।

- छे को प्रयोग तद्भव र आगन्तुक शब्दमा हुन्छ

  जस्तैः छेउ, छेस्किनी, छेलो, बिछ्यौना, छ्यापछ्याप्ती, इच्छा, छ्याङ, छेपारो, छिन् आदि ।

### (ऊ) ऋ, रि सम्बन्धी नियम

- ऋ को प्रयोग तत्सम शब्दमा हुन्छ ।

  जस्तै: ऋग्वेद, ऋचा, ऋण, ऋतु, ऋषभ, ऋषि, कृषक, गृह, तृतीय, दृश्य, शृङ्खला, सृष्टि, हृदय, शृङ्गार आदि ।

- रि को प्रयोग तद्भव आगन्तुक शब्दमा हुन्छ ।

  जस्तै: रिस, रित्तो, रिकापी, रिङ, रिपोर्ट, रिबन, रिल आदि ।

### (ऋ) ज्ञ, ग्यँ सम्बन्धी नियम

- ज्ञ को प्रयोग तत्सम शब्दमा गरिन्छ

  जस्तै: ज्ञान, प्रतिज्ञा, यज्ञ, विज्ञ, विज्ञान, ज्ञात, साम्राज्ञी, युवराज्ञी, संज्ञा, जिज्ञासा आदि ।

- ग्यँ को प्रयोग तद्भव र आगन्तुक शब्दमा गरिन्छ ।

  जस्तै: ग्याँचे, ग्याँस, ग्यारेन्टी, ग्याँक, ग्यास्टिक, ग्यालग्याल आदि ।

### (ए) हलन्त र अजन्त सम्बन्धी नियम

- अन्तमा वान्, मान्, वत् आउने शब्दमा हलन्त हुन्छ ।

  जस्तै: बलवान्, विद्वान्, धनवान्, श्रीमान्, आयुष्मान्, पुत्रवत्, दण्डवत्, विद्वत्, संवत्, यावत् आदि ।

- अन्तमा क्, त्, द्, म् आउने शब्दमा हलन्त हुन्छ ।

  जस्तै: पृथक्, प्राक्, दिक्, विद्युत्, विपत्, आपत्, अर्थात्, जगत्, पश्चात्ताप्, साक्षात्, संसद्, बृहद्, भाषाविद्, स्वयम्, शुभम्, एवम्, अहम्, स्वागतम् आदि ।

- केही अव्यय शब्दहरू हलन्त लेखिन्छन् ।

  जस्तै: इस्, उस्, उफ्, क्यावात्, स्यावास्, झन्, धत्, हट् आदि ।

- आदेश अथवा इच्छा बुझाउने क्रियापद हलन्त लेखिन्छन् ।

  जस्तै: पढ्, भन्, लेख्, हरेस्, खाएस्, भनेस्, जाऊन्, गरोस् आदि ।

- उच्चारण गर्दा हलन्त बोलिने क्रियापदहरू हलन्त लेखिन्छ ।

  जस्तै: जान्छन्, छन्, गरिन्, सोधिन्, लेख्थिन् आदि ।

द्रष्टव्य: व्यञ्जन वर्णलाई हल् भनिने हुँदा व्यञ्जन वर्णमा अन्त्य भएको शब्दलाई

हलन्त भनिन्छ र अन्त्यमा स्वर नभएको वर्णको खुट्टो काटिन्छ । अच् भनेको स्वर वर्ण हो । अन्त्यमा स्वर वर्ण आउने वर्णको खुट्टो काटिन्न । नाम, सर्वनाम, विशेषण, अव्यय आदि शब्दहरू उच्चारण हुँदा हलन्त बोलिए पनि तिनीहरू अजन्त लेखिन्छन् ।

जस्तैः भात, झ्याल, असल, काम, दाम, राम, घर, झलझल, गनगन, पटपट, दनदन आदि ।

### (ऐ) शिरबिन्दु र चन्द्रबिन्दु सम्बन्धी नियम

- अनुनासिक स्वरमा चन्द्रबिन्दु ( ँ ) प्रयोग हुन्छ ।

  जस्तैः आँप, आँखा, आँसु, जुँघा, टाँक, कहाँ, उहीँ, ध्वाँसो, फाँसी, बाँस, भुँडी, दायाँ, बायाँ, नयाँ, घाँस, गाँस, घाँटी, जहाँ, वहाँ आदि ।

- दुई ओटा स्वरमा अन्त्य हुने धातुमा थ, द, छ का रूपहरू जोडिएमा चन्द्रबिन्दु लेखिन्छ ।

  जस्तैः आउँथ्यो, हराउँथे, लेखाउँथी, आउँदछ, बोलाउँदछौ, बनाउँछ आदि ।

- धातुसँग दा, दै जोडिएमा चन्द्रबिन्दु लेखिन्छ ।

  जस्तैः आउँदै, गाउँदै, जाँदै, बोलाउँदा, हुँदा, सकिँदा, पढिँदै, भनिँदै आदि ।

- य, र, ल, व, श, ष, स, ह वर्णहरूभन्दा अगाडि शिरबिन्दु (अनुस्वार) दिनुपर्छ ।

  जस्तैः संयोग, संयम, संयोजन, संयुक्त, संरचना, संरक्षण, संवाद, संवेदना, संशय, अंश, अपभ्रंश, संसार, संहार, संज्ञा, संज्ञान, संवत्, संसर्ग आदि ।

- क, ख, ग, घ भन्दा अगाडि ङ, च, छ, ज, झ भन्दा अगाडि ञ, ट, ठ, ड अगाडि म पञ्चम वर्णको प्रयोग हुन्छ ।

  जस्तैः अङ्क, शङ्ख, रङ्ग, सङ्घ, मञ्च, लाञ्छना, सञ्जीव, घण्टा, कण्ठ, दण्ड, शब्द, सन्त, पन्थ, मन्द, ग्रन्थ कम्प, पम्फा, सम्बन्ध, शम्भू, गम्भीर आदि ।

### (ओ) पदयोग र पदवियोग

वाक्यमा पदहरूको क्रमिक रखाइ र वर्णविन्यासमा मात्र ध्यान दिएर पुग्दैन, वाक्यमा एक पद र अर्को पदलाई जोड्ने अथवा अलग राख्ने प्रक्रियालाई पनि

ध्यान दिनुपर्छ । पदयोग गर्दा पदहरूलाई एउटै डिकामा लेखिन्छ भने पदवियोग गर्दा पदहरूको भिन्न डिकामा लेखिन्छ । जस्तैः पदयोग भएका वाक्यहरू (भाइलाई, घरपछाडि, दिदीबहिनी, गाउँगाउँ, गल्र्यामगुर्लुम, पढिसकिहालेछ, नराम्रा) । पदवियोग भएका शब्दहरू – (त्यसभन्दा माथि, उसले चाहिँ, कालो अथवा सेतो, भएको थियो, न तातो न चिसो) ।

## पदयोग हुने आधारहरू

- विभक्ति हुने आधारहरू

  जस्तैः नेपालबाट, हामीले, भोलिदेखि, घरमा, आमालाई, उसको आदि ।

- नामयोगी लागेका शब्दहरू पदयोग हुन्छन् ।

  जस्तैः घरपछाडि, उतातिर, तिमीकहाँ, कानुनअनुसार, भनेबमोजिम, घरतर्फ आदि ।

- समास भएका शब्दहरू पदयोग हुन्छन् ।

  जस्तैः राजदरवार, त्रिवेणी, चरिनङ्ग्रे, कालीमाटी, हिजोअस्ति, माछापुच्छ्रे, चौमास, कुशाग्रबुद्धि, मुनामदन आदि ।

- अनुकरणात्मक शब्दहरू पदयोग हुन्छन् ।

  जस्तैः पल्याकपुलुक, सऱ्याकसुरुक, तन्द्रङतुन्द्रुङ, उकुसमुकस, टहटह, लुटुपुटु, गज्याङ्मज्याङ् आदि ।

- संयुक्त क्रियापदहरू पदयोग हुन्छन् ।

  जस्तैः दिइसक्यो, भनिसकिहालेछ, भनिदिनेछ, लेखिसकेछन्, गर्नुपर्छ, भइसक्यो, देखिसकेछन् आदि ।

- वर्तमान, भूत र भविष्यत् कालका सामान्य पक्ष बुझाउने क्रियापदहरू पदवियोग हुन्छन् ।

  जस्तैः पढ्छ, खान्छ, पढ्यो, खायो, पढ्नेछ, खानेछ, भन्छ, जानेछु, दिन्छ, हुन्छ आदि ।

- अज्ञात भूत र अभ्यस्त भूत जनाउने क्रियापदहरूमा पदयोग हुन्छन् ।

  जस्तैः पढेछ, पढ्थ्यो, खाएछ, खान्थ्यो, लेखेछ, लेख्थ्यो, हेर्थे, जान्थी, पाएछ, देखेछ, आदि ।

- अकरण जनाउने शब्दहरूमा 'न' लाई पदयोग गरी लेखिन्छ ।

  जस्तैः नलेख, जाँदैन, पढेनछ, खान्नँ, नजा, भन्दैन, गएन, देखेन, नसोध आदि ।

**पदवियोग हुने आधारहरू**

- विभक्ति लागेका शब्दका पछि आउने नामयोगी छुट्टै लेखिन्छ ।

  जस्तैः घरको पछाडि, त्यसभन्दा तल, मेरो तर्फबाट, नारायणथानभन्दा माथि, कोठादेखि बाहिर आदि ।

- निपात शब्दहरू छुट्टै लेखिन्छन् ।

  जस्तैः केटा त, उनीहरू नै, तिमी चाहिँ, हुन्छ नि, सीता पो आदि ।

- संयोजक पदहरू छुट्टै लेखिन्छन् ।

  जस्तैः नेपाली तथा हिन्दी, दुब्लो तर फूर्तिलो, कथा एवम् कविता ।

- वर्तमान, भूत र भविष्यत् कालका अपूर्ण र पूर्ण पक्ष जनाउने क्रियापदहरू छुट्टै लेखिन्छन् ।

  जस्तैः पढ्दै छन्, हुँदै छ, खाँदै थियो, भन्दै थियो, सुन्दै हुनेछ, लेख्दै हुनेछ, पढेको छु, खेलेको थिएँ, सुनेको हुनेछु आदि ।

- विभाजक 'न' आएको पद छुट्टै लेखिन्छ ।

  जस्तैः न राम न सीता, न चिसो न तातो, न घाम न पानी, न देख्नु न सुन्नु आदि ।

- गर्न, पढ्न, खाँदा, देखा जस्ता (पदान्तमा अ/आ आएका) शब्दसँग प्रयोग हुने पर्छ, जान्छ, पऱ्यो आदि क्रियापद छुट्टै लेखिन्छन् ।

  जस्तैः पढ्न सक्छ, बस्न सक्छ, खाँदा हुन्छ, देखा पर्छ आदि ।

## २२.३ लेख्य चिह्नको प्रयोग

शब्द र वाक्यहरूको पारस्परिक सम्बन्ध दर्साउन बोल्दा अथवा देख्दा भाषा स्पष्ट तथा शुद्ध हुन आवश्यक छ । भाषाको खास आधार नै लिपि हो । लिपिविनाको भाषा नै हुँदैन र भए पनि त्यो निराधार हुन्छ । भाषालाई शुद्ध पार्न ठाउँठाउँमा शब्द अथवा वाक्यमा विराम चिह्न प्रयोग गर्न आवश्यक छ । नेपाली भाषामा चलेका केही विराम चिह्न यी हुन् :

अल्पविराम ( , )

अर्द्धविराम ( ; )

पूर्णविराम ( । )

प्रश्नसूचक ( ? )

उद्गार चिह्न ( ! )

उद्धरण चिह्न ( ‘ ’ /“ ”)

निर्देश सूचक चिह्न ( :/:– )

योजक चिह्न ( – )

कोष्ठक चिह्न ( )

(क) अल्पविराम चिह्न ( , ) : अल्पविराम भनेको आंशिक विश्राम हो । वाक्यमा एकै प्रकारका पद, पदावली आदिलाई छुट्याउन छोटो अडानका लागि र खण्ड छुट्याउनु पर्दा अल्पविराम चिह्नको प्रयोग गरिन्छ ।

जस्तैः नाईं, म त्यहाँ जान्छु । दावाले किताब, कापी, कलम र झोला किन्यो । हरि, राम, गोविन्द, कुमार, रमा, रश्मि र अनु विराटनगर गए ।

(ख) अर्द्धविराम चिह्न ( ; ) : लामो तथा मिश्रित वाक्यलाई छुट्याउन र वाक्यको सम्बन्ध टाढा देखाउन अर्द्धविराम चिह्नको प्रयोग गरिन्छ ।

जस्तैः अनुहार त राम्रो लच्छिन भने पटक्कै छैन ।

(ग) पूर्णविराम चिह्न ( । ) : वाक्य पूरा भएपछि अडानका निम्ति पूर्णविरामको प्रयोग गरिन्छ ।

जस्तैः मुनामदनका लेखक देवकोटा हुन् ।

(घ) प्रश्नसूचक चिह्न ( ? ) : कुनै कुरा सोध्दा प्रश्नसूचक चिह्नको प्रयोग गरिन्छ ।

जस्तैः तिमी पास हुन्छौ के ? साथीहरू कहाँ आउँछन् ।

(ङ) उद्गार चिह्न ( ! ) : हर्ष, विस्मात, घृणा आदि प्रकट गर्नुपर्दा र सम्बोधन गर्दा उद्गार चिह्न प्रयोग गरिन्छ ।

जस्तैः आहा ! कस्तो राम्रो फूल ! उफ् ! साह्रै गर्मी भयो ।

(च) उद्धरण चिह्न ( ‘ ’ / “ ” ) : वाक्यभित्र शब्दलाई विशेष जोडदिँदा तथा कसैको भनाइलाई उद्धृत गर्दा उद्धरण चिह्नको प्रयोग गरिन्छ ।

जस्तैः देवकोटाको ‘मुनामदन’ लोकप्रिय कृति हो । रामले भन्यो, “मलाई आज सञ्चो छैन ।”

(छ) निर्देश सूचक चिह्न ( :/:- ) : कुनै कुराको व्याख्या अथवा कुनै सूचना उद्धृत गर्दा निर्देशक चिह्नको प्रयोग गरिन्छ ।


जस्तैः नेपालका तीन प्रमुख नदी छन् : कोसी, कर्णाली र गण्डकी । मुनाः म पनि तपाईँसँगै जान्छु ।

(ज) योजक चिह्न ( - ) : दुई शब्दलाई जोड्नुपर्दा अथवा पङ्क्तिका अन्त्यमा नअटेर अर्को पङ्क्तिमा लेख्दा योजक चिह्नको प्रयोग गरिन्छ ।

जस्तैः दीन-दुःखी, आ-आफ्नो, स-साना ।

(झ) कोष्ठक चिह्न ( () ) : क्रम र विषय छुट्याउँदा कोष्ठक चिह्नको प्रयोग गरिन्छ ।

जस्तैः तिमीले भनेको मान्छे (धुव्र) यही हो । संसद् (प्रतिनिधि सभा)



## अभ्यास

१. तल दिइएका चिह्नहरूको नाम लेखी वाक्य लेख्नुहोस् :

क) ।  ख) “ ”

ग) ,  घ) ( )

ङ) !  च) : / :-

छ) ;  ज) ?

झ) -

२. तल दिइएका वाक्यमा उपयुक्त चिह्नहरूको प्रयोग गरी शुद्ध पार्नुहोस् :

(क) आहा यो व्याकरण पुस्तक कति उपयोगी रहेछ ।

(ख) सान्नानीले मलाई बोलाएकी थिई ।

(ग) नेपाल भू-परिवेष्ठित चारैतिर जमिनले घेरिएको मुलुक हो ।

(घ) भोलिवाद हाम्रो संस्कृति हो दर्शन हो राजनीति हो प्रशासन हो समाजिक व्यवहार हो ।

(ङ) ऊ मसँग जिल्ला सदरमुकाम जान्छ रविले भन्यो ।

(च) किसानहरू अन्न उब्जाउँछन् उनीहरू सबैलाई बचाउँछन् ।

(छ) ए दाइ हाम्रो परीक्षाफल कहिले प्रकाशित हुन्छ ।

(ज) केवल ससाना कुरामा अल्झेर आआफ्ना ठुलाठुला काम बिगार्नु हुँदैन ।

(झ) आमा मधुकरलाई केही पनि हुँदैन हगि शङ्करले आमालाई सोध्यो ।

(ञ) म त सम्झन्नँ गाउँतिर पनि के सम्झनु र दुःखै सम्झनु त हो नि

(ट) बिचरा पख् है त म बदाम किनेर ल्याउँछु अब त हामीलाई भेटिहालिस् नि ।

(ठ) दिदी पनि आएकी छिन् कान्छा बतासे दिदी पनि

(ड) हैन मलाई ज्यादै हतपत छ बरू बाटो बताइदिनोस् हिँडिहाल्छु ।

३. तल दिइएका शब्द समूहबाट शुद्ध शब्द छानी लेख्नुहोस् ।

| | | | | | |
|---|---|---|---|---|---|
| (क) | (अ) | सम्बिधान | संविधान | शंविधान | षम्विधान |
| | (आ) | विशुद्ध | बिशुद्ध | बिसुद्ध | वीशुद्ध |
| | (इ) | पन्चामृत | पञ्चामृत | पङ्चामृत | पंचामृत |
| | (ई) | बुद्धीजीवी | बुद्धिजिवि | बुद्धिजीवी | बुद्धिजीवि |
| (ख) | (अ) | पुजासामग्री | पुजासामाग्री | पूजासामग्री | पूजासामाग्री |
| | (आ) | जनजाती | जनजाति | जन–जाती | जन्जाती |
| | (इ) | पन्चायत | पञ्चायत | पङ्चायत | पंचायत |
| | (ई) | लोकतान्त्रीक | लोक्तान्त्रीक | लोकतान्त्रिक | लाकेतान्त्रीक् |
| (ग) | (अ) | प्रसस्त | प्रसश्त | प्रशस्त | प्रषस्त |
| | (आ) | पन्चमहाभूत | पञ्चमहाभूत | पंचमहाभूत | पङ्चमहाभूत |
| | (इ) | विषयवस्तु | बिषयवस्तु | बीषयबस्तु | बीषयबस्तु |
| | (ई) | बन्दोवस्त | बन्दोवस्त | वन्दोबस्त | बन्दोबस्त |
| (घ) | (अ) | निबारण | निवारण | निवारन | निबारन |
| | (आ) | जातीय | जातिय | जातिए | जातीए |
| | (इ) | सङरचना | शंरचना | संरचना | सम्रचना |
| | (ई) | पन्डित | पंडित | पञ्डित | पण्डित |

| | | | | | |
|---|---|---|---|---|---|
| (ङ) | (अ) | शब्दकोश | सबदकोष | शब्दकोस | सब्दकोस |
| | (आ) | मात्रृभूमि | मात्रीभूमि | मातृभूमि | मात्रिभूमि |
| | (इ) | व्याबहारिक | व्यावहारिक | ब्यावहारिक | व्यवहारिक |
| | (ई) | सवर्मङ्गीर्ण | सर्बाङ्गीर्ण | सर्वाङ्गीण | शर्वाङ्गीण |
| (च) | (अ) | सञ्चय | सन्चय | शञ्चय | संचय |
| | (आ) | अधिवेशन | अधीवेशन | अधिवेसन | अधिवेषन |
| | (इ) | पुजासामान | पूजासामान | पुजाशामान | पूजासामान |
| | (ई) | विवेकसील | बिवेकशील | विवेकशील | वीवेकसील |
| (छ) | (अ) | विश्वशान्ति | विस्वशान्ति | विश्वसान्ति | विस्वसान्ति |
| | (आ) | पंचतत्व | पञ्चतत्व | पङ्चतत्व | पन्चतत्व |
| | (इ) | बिकृति | विकृति | विकृती | बिकृती |
| | (ई) | विभिन्न | बिभिनन | बीभिन्न | विभीन्न |
| (ज) | (अ) | वातावरण | बाताबरण | बातावरण | वातावरण |
| | (आ) | चिरञ्जीवी | चीरञ्जीवी | चिरन्जीवी | चीरन्जीवी |
| | (इ) | बिकृति | विकृति | विकृती | बिकृती |
| (झ) | (अ) | सषक्त | ससक्त | सशकत | शसक्त |
| | (आ) | विशेषज्ञ | विसेशज्ञ | बिशेषज्ञ | बिशेसज्ञ |
| | (इ) | पञ्चेञ्द्रिय | पञ्चेन्द्रिय | पञ्चेन्द्रिय | पन्चेन्द्रीय |
| | (ई) | बांमय | बांमय | बाङ्मय | वाङ्मय |
| (ञ) | (अ) | विश्लेषण | विस्लेषन | विस्लेषण | विस्लेसण |
| | (आ) | अवसेश | अवशेष | अवषेश | अवसेस |
| | (इ) | सम्बन्धित | सम्वन्धित | संबन्धित | सम्बन्धित |
| | (ई) | झन्झट | झणझट | झञ्झट | झंझट |

एकाइ २३

# उखान टुक्का

## उखानको परिचय

मानिसहरू बोलीचालीका क्रममा विभिन्न खालका रोचक अथवा उखान टुक्का प्रयोग गरेर प्रस्तुत गर्दछन् । तिनै रोचक शैलीमा प्रस्तुत गरिने वाक्य स्तरका भनाइलाई उखान भनिन्छ । उखानले सोझो अर्थभन्दा व्यङ्ग्यार्थमा बढी जोड दिन्छ । नेपाली लोक जीवनमा उखानको प्रयोग प्रशस्त भएको पाइन्छ ।

### नेपालीमा प्रचलित केही उखानको अर्थसहित वाक्यमा प्रयोग

- अरूको लाख आमाको काख (अरूको तुलनामा आमाको धेरै माया हुन्छ)

  अरू मानिसको जति माया पाए पनि सन्तुष्ट हुँदैनन् तर आमाको साथमा भने त्यसै पनि रमाउँछन् अरूको लाख आमाको काख भनेको यही हो ।

- आफू नमरी स्वर्ग देखिँदैन (अनुभव नभइकन ज्ञान पाइँदैन)

  पढ्न लेख्न कति गाह्रो हुन्छ भन्ने कुरा नपढेकाहरूलाई थाहा हुँदैन । आफू नमरी स्वर्ग कहाँ देखिन्छ र !

- एक हातले ताली बज्दैन (सहयोग दुवै तिरबाट हुनुपर्छ)

  राम आफूलाई चाहिएको बेला पैसा माग्छ तर मलाई चाहिएको बेला कहिल्यै दिँदैन । यसरी एक हातले ताली बज्दैन नि त ।

- एक कान दुई कान मैदान (कुरा सर्दै गएपछि सर्वत्र फैलिन्छ)

  कसैलाई नभन्नु है भनेर दावाले फूलमानलाई कुरा खोलिहाल्यो तर उसले मनमा राख्न नसकी सुटुक्क एउटा साथीलाई भनेपछि त कुरा सर्वत्र फैलियो अनि पऱ्यो फसाद, एक कान दुई कन मैदान भने झैँ भयो ।

- आलु खाएर पेडाको धाक (फूर्ति देखाउनु)

  घरमा साँझबिहान खाने खोले छैन होला आजभोलिका केटाकेटीहरू आलु खाएर पेडाको धाक लगाउँछन् ।

- आकाशको फल आँखा तरी मर (प्राप्त गर्न असम्भव वस्तु)

  साइकल किन्न नसक्नेलाई मोटरसाइकल किन्न खोज्नु त आकाशको फल आँखा तरी मर जस्तै हो ।

- अचानाको पिर खुकुरीले जान्दैन (भोग्नेले मात्र दुःख कस्तो होला भन्ने कुरा थाहा पाउँछ ।)

  गोपालले छोरालाई पैसा नभएपछि साहु कहाँ माग्न जाँदा उल्टै झपारेर पठायो । हुन पनि हो अचानोको पिर खुकुरीले जान्दैन ।

- आए आँप गए झटारो (भए राम्रो नभए केही छैन)

  आए आँप गए झटारो भन्दै लखनले पचास रूपैयाँमा चिठ्ठा किन्यो ।

- चोरमाथि चकार (चोरलाई पनि ठग्ने व्यक्ति)

  हरिले श्यामलाई ठग्न पाएकोमा मख्ख थियो तर मदनले हरिलाई नै ठगिदियो । यो त चोरमाथि चकार भनेझैँ भयो ।

- कसैलाई काखा कसैलाई पाखा (पक्षपातपूर्ण व्यवहार)

  न्यायको आँखाले कसैलाई काखा, कसैलाई पाखा गरिँदैन ।

- काम गर्ने कालु, मकै खाने भालु (खट्ने एउटा खाने अर्को)

  काम गर्ने कालु मकै खाने भालु भने झैँ किसानले खेती गर्छन् अन्न भने साहुले लिन्छन् ।

- काग कराउँदै छ, पिना सुक्दै छ, (भन्नेले जति भने पनि आफ्नो सुर नछाड्नु)

  गुरुले जति सम्झाए पनि गोपालले कक्षामा हल्ला गर्न छाड्दैन के गर्ने काग कराउँदै छ पिना सुक्दै छ भनेको यस्तै रहेछ ।

- घाँटी हेरी हाड निल्नु (क्षमताअनुसार काम गर्नु)

  घाँटी हेरी हाड निल्नु भने झैँ म आफ्नो औकातअनुसार पैसा खर्च गर्छु ।

- हुने बिरुवाको चिल्लो पात (सप्रने मान्छेको चाल पहिल्यै थाहा हुन्छ ।)

  हुने बिरुवाको चिल्लो पात भने झैँ सविन सानैदेखि पढाइमा लगनशील र मिहिनेती छ ।

- बाँदरको हातमा नरिवल (मुर्खको हातमा राम्रो वस्तु परे हानी हुन्छ ।)

  तेरो लागि यो मोबाइल त बाँदरको हातमा नरिवलजस्तै भयो किनकि एक हप्ता भएको छैन, बिगारिसकेछ ।

- मेरो गोरुको बाह्रै टक्का (आफ्नो जिद्दी गर्ने, हठी)

  मेरो गोरुको बाह्रै टक्का नगर है साने ! समय र परिस्थितिअनुसार चल्न पनि जान्नु पर्छ ।

- म ताक्छु मुढो, बञ्चरो ताक्छ घुँडो (एक थोक आँट्दा अर्को थोक हुनु)

  जागिरबाट गुजारा चलेन भनेर व्यापार गर्न थालेको हर्केलाई म ताक्छु मुढो बञ्चरो ताक्छ घुँडो भने झैँ व्यापारमा पनि घाटा लाग्यो ।

- दुवै हातमा लड्डु (दुवैतिरबाट लाभ)

  गोपालले एस.ई.ई. परीक्षामा राम्रो गर्‍यो र जापानमा पढ्न जाने छात्रवृत्ति पनि पायो । उसलाई त अहिले दुवै हातमा लड्डु भएको छ ।

- दुधको दुध पानीको पानी (पक्षपात नगरी छुट्याउने काम)

  रामप्रसाद मुखियाले गाउँलेहरूको झगडालाई दुधको दुध पानीको पानी गरी मिलाइदिन्थे ।

- कागभन्दा कोइली बाठो (एउटाभन्दा अर्को चलाख)

  दुवै जना आपसमा खुब बाठोपन देखाउँछन् । कसैले कसैलाई टेर्दैनन्, कागभन्दा कोइली बाठो भनेको यही हो ।

- जसले मह काढ्छ उसले हात चाट्छ (काम गर्नेले राम्रो फल पाउँछ)

  पसिना बगाएर काम गर्ने मानिसले धन पनि कमाउँछ, टन्न खान पनि पाउँछ, जसले मह काट्छ उसले हात चाट्छ भन्ने उखान त्यसै किन भनिएको हो र ?

## टुक्काको परिचय

भाषामा खास अर्थ छाडेर अर्थ प्रदान गर्ने पदावलीलाई टुक्का भनिन्छ । टुक्का भाषाका गहना हुन् । यिनले भाषालाई मिठासपूर्ण र प्रभावकारी बनाउने काम गर्दछन् ।

नेपालीमा प्रचलित केही टुक्काको अर्थसहित वाक्यमा प्रयोग

- आँखा छल्नु (छक्याउनु)

  आजकालका केटाकेटीहरू बुबाआमाको आँखा छल्न पाए भने खेल्न गइहाल्छन् ।

- आँखा गाड्नु (लोभिनु)

  गोपालले मेरो मोवाइलमा आँखा गाड्यो ।

- आँखा खुल्नु (ज्ञान हुनु)

  सबैतिरबाट ठक्कर खाँदा पनि अझैसम्म लखनको आँखा खुलेको छैन ।

- कानमा तेल हाल्नु (चासो नदेखाउनु)

  गुरुले भनेको काम नगरी हरि कानमा तेल हालेर बसेको छ ।

- कम्मर कस्नु (हिम्मत गर्नु)

  गोपालले गाई पाल्नलाई कम्मर कसेको छ ।

- डाँडो काट्नु (भाग्नु)

  चोरहरू डाँडो काटिसके अब त प्रहरीले के समात्न सक्ला र ?

- नाक काट्नु (इज्जत फाल्नु)

  रीताले कक्षा ८ मा फेल भएर परिवारको नाक काटी ।

- हावा खानु (बिग्रनु)

  मेरो घर बनाउने योजनाले हावा खायो ।

- श्री गणेश गर्नु (सुरु गर्नु)

  हिजो नयाँ पसलको श्री गणेश गरेकाले रमाइलो भयो ।

- कागको फुल चोर्नु (बाठो हुनु)

  गोमा देख्दा सोझी भए पनि आवश्यक पर्दा कागको फुल चोर्न सक्छे ।

- कपाल खानु (हैरान पार्नु)

  छोराछोरीहरूले चकलेट ल्याइदिनु भनेर मेरो कपाल खाइसके ।

- मन चोर्नु (कुरा थाहा पाउनु)

  मैले रमाको मन चोरेर उनको सबै गोप्य कुरा थाहा पाएँ ।

- मुख छाड्नु (गाली गर्नु)

  आफूलाई जिस्क्याउने केटाहरूलाई उमाले मुख छाडी ।

- झारा टार्नु (नाम मात्रको काम गर्नु)

  गुरुले दिएको गृहकार्य थोरै गरेर झारा टार्ने काम गर्नु हुँदैन ।

- मुख थुन्नु (कुरा गर्न रोक्नु)

  सिनेमा हेर्न हलमा बसेपछि एकछिन् त मुख थुनेर बस्न सक्नुपर्छ ।

- वचन दिनु (प्रतिज्ञा गर्नु)

  आउँदो फागुनमा मैले साथीहरूलाई पोखरा जाने वचन दिएको छु ।

- तोरीको फूल देख्नु (रन्थनिनु)

  बिनाकाममा माहुरीको गोलामा ढुङ्गाले हान्दा माहुरीले टोकेपछि सुजनले तोरीको फूल देख्यो ।

- थला पर्नु (उठ्न नसक्ने हुनु)

  दाइलाई हिजोदेखि ज्वरो आएकाले थला पर्नुभएको छ ।

- तीन छक्क पर्नु (अचम्म मान्नु)

  जादुगर डोरीमा हिँडेको देखेर सरिता तीन छक्क परी ।

- मन जित्नु (प्रभावमा पर्नु)

  राम्रो काम गरेर मैले बुबाको मन जितेँ ।

- हात बाँध्नु (काम नगर्नु)

  सबै मानिसहरू काममा व्यस्त छन् तर हर्के भने हात बाँधेर बसेको छ ।

- माछा मार्नु (लड्नु)

  आज बाटामा चिप्लेर सविनाले माछा मारिन् ।

- कान फुक्नु (कुरा लगाउनु)

  सविनाले मेरो बारेमा दियालाई कान फुकेकी हुनाले मसँग रिसाएकी जस्तो छ ।

- मेख मार्नु (लज्जित पार्नु)

  मैले परीक्षामा प्रथम स्थान ल्याएर ईर्ष्यालु साथीहरूको मेख मारेँ ।

- सखाप पार्नु (सिध्याउनु)

  गाई बारीमा पसेर सबै मकै सखाप पाऱ्यो ।

- कुरा राख्नु (आफ्नो विचार भन्नु)


  मैले विद्यालयबाट भोलि छुट्टी पाउँ भनेर प्रधानाध्यापकसँग कुरा राखे ।

- मुख लुकाउनु (लज्जित हुनु)

  खराब काम गरिसकेपछि मुख लुकाएर कति दिन बच्न सकिन्छ र ?

- नाक राख्नु (इज्जत बढाउनु)

  गोपालले राम्रो फुटबल खेलेर पाल्पा जिल्लाकै नाम राखे ।



## अभ्यास

१. तलका प्रश्नको उत्तर दिनुहोस् :

(क) उखान भनेको के हो ?

(ख) टुक्का भनेको के हो ?

(ग) उखान र टुक्कामा के फरक छ ?

२. तलका उखानलाई स्पष्ट अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्नुहोस् :

आफू नमरी स्वर्ग देखिँदैन

एक कान दुई कान मैदान

चोरमाथि चकार

कसैलाई काखा कसैलाई पाखा

जसले मह काढ्छ, उसले हात चाट्छ

बाँदरको हातमा नरीवल

हुने विरुवाको चिल्लो पात

म ताक्छु मुढो बञ्चरो ताक्छ घुँडो

कालो अक्षर भैँसी बराबर

मेरो गोरुको बाह्रै टक्का

आफू नमरी स्वर्ग देखिँदैन

अचानोको पिर खुकुरीले जान्दैन

एक हातले ताली बज्दैन

घाँटी हेरी हाड निल्नु

३. तलका टुक्कालाई अर्थ स्पष्ट हुने गरी वाक्यमा प्रयोग गर्नुहोस् :

मन तान्नु :

कान खानु :

हात हाल्नु :

कुरा काट्नु :

मन राख्नु :

वचन दिनु :

श्री गणेश गर्नु :

हरेस खानु :

मुख लाग्नु :

सखाप पार्नु :

मन जित्नु :

नाक राख्नु :

थला पर्नु :

एकाइ २४

# पारिभाषिक/प्राविधिक शब्द

## पारिभाषिक शब्द

साहित्य, कला, दर्शन, संस्कृति, राजनीति आदि क्षेत्रमा प्रयोग भई विशेष अर्थ प्रदानगर्ने शब्दलाई पारिभाषिक शब्द भनिन्छ । यस्ता शब्दको अर्थ विशिष्ट हुने भएकाले यिनलाई बुझ्नका लागि परिभाषा चाहिन्छ, पारिभाषिक शब्दलाई प्राविधिक शब्द पनि भनिन्छ ।

### नेपाली भाषामा पाइने केही पारिभाषिक शब्द र तिनको वाक्यमा प्रयोग

- अनुसन्धान (खोज)

  म्याडम क्युरीले धेरै मिहिनेत गरेर रेडियमका बारेमा अनुसन्धान गरिन् ।

- अणु (प्रोटोन, इलेक्ट्रोन मिलेर बनेको सूक्ष्म तत्त्व)

  अमेरिकाले जापानमा अणुबम खसालेको थियो ।

- अनशन (भोक हड्ताल)

  मजदुरहरू तलब वृद्धिका लागि अनसन बसेका छन् ।

- उपकरण (औजार, साधन)

  विज्ञान प्रयोगशालामा विभिन्न उपकरणहरू राखिएका हुन्छन् ।

- आदिकवि (सबैभन्दा पहिला कविता लेख्ने कवि)

  भानुभक्तलाई नेपाली साहित्यमा आदिकविको नामले चिनिन्छ ।

- अलङ्कार (साहित्यलाई सिगार्ने काम)

  लक्ष्मीप्रसाद देवकोटाले कवितामा शब्द र अलङ्कारको उचित प्रयोग गरेको पाइन्छ ।

- अतिवृष्टि (चाहिनेभन्दा बढी पानी पर्नु)

  अतिवृष्टिका कारण यसपालि तराई डुबानमा पर्‍यो ।

- अभिलेख (प्राचीन प्रामाणिक लेख)

  इतिहासमा प्राचीन अभिलेखहरूको निकै ठुलो महत्त्व हुन्छ ।

- आदर्श (अनुकरण गर्न योग्य व्यक्ति अथवा विचार)

  राम एक आदर्श राजा थिए ।

- तापक्रम (तातोपनको घटबढ)

  अहिले पृथ्वीको तापक्रम बढ्दै गइरहेको छ ।

- क्रान्ति (परिवर्तन, विद्रोह, आन्दोलन)

  २००७ सालको क्रान्तिले नेपालमा प्रजातन्त्र आएको हो ।

- गुरुत्वाकर्षण (पृथ्वीको आकर्षण गर्ने शक्ति)

  गुरुत्वाकर्षण शक्तिले गर्दा नै हामी पृथ्वीमा बस्न सकेका हौँ ।

- तारेख (झगडियालाई उपस्थित हुन अदालतले दिइएको म्याद)

  गोपाल जिल्ला अदालतमा तारेख थाम्न गएको थियो ।

- पर्ती (बाँझो जग्गा)

  पर्ती जग्गामा रूख लगाउनुपर्छ ।

- छन्द, (वर्ण, मात्रा आदिको गणनामा लेखिने कविता)

  युगकवि मोतिराम भट्ट छन्दमा कविता लेख्थे ।

- उपनिवेश (विदेशबाट शासित राज्य)

  जापानले धेरै राष्ट्रहरूलाई उपनिवेश बनाएको थियो ।

- अवमूल्यन (कुनै वस्तुको मूल्य घट्ने काम)

  नेपालमा नेपाली रूपैयाँको अवमूल्यन हुँदै गएको छ ।

- कानुन ऐन (नियमहरूको समूह)

  देशमा शान्ति स्थापना गर्न कडा कानुन बनाउन आवश्यक छ ।

- उपसंहार (लेखको निष्कर्ष)

  निबन्ध लेख्दा अन्त्यमा उपसंहार राखेर लेख्नुपर्छ ।

- परीक्षण (प्रयोगद्वारा जाँच्ने काम)

  डाक्टरले बिरामीको स्वास्थ्य परीक्षण गरे ।

- निकुञ्ज (वन्यजन्तु संरक्षणका लागि रोकिएको वन)

  बर्दिया राष्ट्रिय निकुञ्जमा गैँडा र हात्तीहरू प्रशस्त रहेका छन् ।

- राष्ट्रियता (राष्ट्रप्रति गरिने प्रेम)

  प्रत्येक देशभक्त नागरिकमा राष्ट्रियता हुनुपर्छ ।

- परजीवी (अर्काको भरमा बाँच्ने)

  हामी परजीवी भएर बाँच्नु हुँदैन ।

- प्रक्षेपण (कुनै वस्तुलाई आकासतिर छुट्याउनु)

  रुसले भू–उपग्रहको प्रक्षेपण गऱ्यो ।

- इन्धन (ताप अथवा शक्ति दिने वस्तु)

  डिजेल गाडीका लागि नभै नहुने इन्धन हो ।

- कुपोषण (पौष्टिक तत्त्वको कमी)

  सन्तुलित खाना खाएन भने कुपोषण हुने सम्भावना हुन्छ ।)

- जैविक (जीवनसम्बन्धी)

  नेपालमा जैविक विविधता रहेको छ ।

- उपत्यका (चारैतिर पहाडले घेरिएको समथर ठाउँ)

  काठमाडौँ उपत्यका सुन्दर नगर हो ।

- तर्जुमा (पूर्व तयारी, प्रबन्ध)

  कानुन मन्त्रालयले ऐन कानुनको तर्जुमा गऱ्यो ।

- भू–मण्डल (पृथ्वीको वरिपरिको भाग)


  हामी सबै भू–मण्डलका स्वतन्त्र प्राणी हौँ ।

- शल्य चिकित्सा (चिरफारद्वारा गरिने उपचार)

  गोपालको पेटको पत्थरी शल्य चिकित्साबाट निकालियो ।

- हड्ताल (विरोधका लागि संघ संस्था आदि बन्द गर्नु)

  मजदुरहरूले हड्ताल गर्दा उद्योग धन्दा बन्द भयो ।



## अभ्यास

१. पारिभाषिक शब्द भन्नाले के बुझिन्छ ?

२. तलका पारिभाषिक शब्दहरूको अर्थ लेख्नुहोस् :

उपसंहार, जीवाणु, निकुञ्ज, निर्वाचन, प्रयोगशाला, संविधान, हड्ताल, तारेख, अतिवृष्टि, अलङ्कार, प्रक्षेपण, प्रजातन्त्र, छन्द, उपकरण, कानुन, तापक्रम

३. तलका शब्दहरूलाई अर्थ स्पष्ट हुने गरी वाक्यमा प्रयोग गर्नुहोस् :

प्रक्षेपण :

निकुञ्ज :

तापक्रम :

कानुन :

शल्य चिकित्सा :

तारेख :

अणु :

अलङ्कार

कुपोषण :

गुरुत्वाकर्षण :

उपकरण :

# खण्ड - ख

## रचना खण्ड

एकाइ १

# बोध

## बोधको परिचय

बोध भनेको बुझ्नु हो । कुनै पनि विषयमा गहन अध्ययन गरेपछि त्यसमा रहेका सारवस्तु कुरा बुझ्ने कार्य नै बोध हो । बोधमा कुनै पनि कुरालाई गहिरिएर बुझिन्छ । बोधका माध्यमबाट कुनै पनि पाठको अंशको आशय बुझ्न सकिन्छ । पाठलाई सिङ्गै अथवा समग्रमा बुझ्नु भनेको पनि बोध हो । बोधका लागि दिइएको पाठ नै सम्पूर्ण कुरो हुने भएकोले पाठकै माध्यमबाट त्यसको सारभूत कुरा झिक्ने काम यसमा गरिन्छ । बोधमा शब्दको अर्थ र वाक्यको भाव थाहा पाउने मात्र नभएर सम्पूर्ण आशय पत्ता लगाउने काम पनि हुन्छ । बोध प्रश्नहरू सामान्यतया तथ्यपूर्ण उत्तर अपेक्षा गर्ने, सूचनात्मक प्रकारका हुन्छन् ।

## बोध प्रश्नको उत्तर दिने तरिका

१. दिइएको पाठ्यांशलाई अर्थ स्पष्ट नभएसम्म पटक-पटक पढ्ने,
२. प्रश्नको उत्तर हुनसक्ने अंशलाई रेखाङ्कित गर्ने,
३. प्रश्नको ठ्याक्कै उत्तर पाठ्यांशबाट नआएमा प्रश्नको भाव बुझी उत्तरको नजिक हुने अंश खोज्ने,
४. पाठभन्दा बाहिर गई आफ्नो ज्ञानका आधारमा उत्तर तयार नपार्ने,
५. उत्तरलाई व्याख्या विश्लेषण नगर्ने, उदाहरण नदिने र बहुअर्थक नलेख्ने,
६. दिइएका शब्द अथवा पदावलीलाई वाक्यमा प्रयोग गर्नुपर्ने भएमा पाठको अर्थ विचार गरी मौलिक वाक्य बनाउने तर पाठबाट नसार्ने,
७. पाठको शीर्षक दिनुपर्ने भएमा पाठको केन्द्रीय विचार पत्ता लगाई त्यसैसँग सम्बन्धित शीर्षक राख्ने,
८. सकभर पाठकै अंशबाट लिइएका छोटो शीर्षक दिने ।

## बोधका नमुनाहरू

### नमुना – १

पर्यटकहरूका लागि हाम्रो देश हरेक दृष्टिले आकर्षक मानिन्छ । यहाँको प्राकृतिक सुन्दरता विश्वमा प्रसिद्ध छ । हिमाल, पहाड, उपत्यका तराईको भूबनोट, हिमशृङ्खलाको अनुपम सौन्दर्य, नदी, ताल, झरना र छाँगाहरूको मनोहारी, अनेक थरी वन्यजन्तु र पशुपन्छीहरूसँगको साक्षात्कार तथा पदयात्राका लागि प्राकृतिक स्थलहरू यहाँ प्रशस्त छन् । यसबाहेक सामाजिक तथा सांस्कृतिक विविधता, पुरातात्त्विक स्थलहरूको व्यापकता, वास्तुकला, काष्ठकला र मूर्तिकलाको सुन्दर नमुना, सरल र सिधा स्वभावका बासिन्दा तथा शान्ति सुरक्षाको उचित प्रबन्धले गर्दा पर्यटकहरूका लागि नेपाल आकर्षणको केन्द्रबिन्दु बन्दै आएको छ । यस आकर्षणलाई हामीले जोगाइराख्न सक्नुपर्छ ।

### प्रश्नहरू

(क) हाम्रो देशको प्रकृति कस्तो छ ?

उत्तर: हाम्रो देशको प्रकृति विश्वमै सुन्दर र आकर्षक छ ।

(ख) नेपालमा कस्ता प्राकृतिक स्थलहरू छन् ?

उत्तर: नेपाल हिमाल, पहाड, तराई, नदी, नाला, झरनाजस्ता प्राकृतिक स्थलहरू छन् ।

(ग) पर्यटकका लागि नेपाल आकर्षणको केन्द्रबिन्दु बन्नुका कारण के के हुन् ?

उत्तर: पर्यटकका लागि नेपाल आकर्षणको केन्द्रबिन्दु बन्नुका कारणहरू यहाँको प्राकृतिक सौन्दर्य, कलाकारिता, शान्ति सुरक्षाको प्रबन्ध आदि हुन् ।

(घ) हाम्रो दायित्व के हो ?

उत्तर: देशको प्राकृतिक र सांस्कृतिक आकर्षणलाई जोगाउनु हाम्रो दायित्व हो ।

(ङ) 'पदयात्रा' र 'मनोहारी' शब्दको अर्थ के हो ?

उत्तर: पदयात्रा : हिँडेर गरिने यात्रा

मनोहारी : मन छुन सक्ने सुन्दरता

## नमुना – २

समय गतिशील छ । विश्व परिवर्तनशील छ । हरेक व्यक्ति सुनौलो भविष्यको खोजीमा लागेको हुन्छ । शोषण, अत्याचार र विभेद नहोस् भन्ने चाहना अधिकांश मानिसको हुन्छ तर पनि समाजमा त्यो स्थिति हुन सकेको छैन । गरिबी, अभाव, अशिक्षा र भोकमरीले आज पनि ठुलो जनसङ्ख्या पीडित छ । देशभित्र उपलब्ध साधन स्रोतहरूको न्यायपूर्ण वितरण र सम्भावनाहरूको उचित प्रयोग गर्न सकेमा केही हदसम्म भए पनि गरिबी, अशिक्षा र अभावबाट मानिसहरूले मुक्ति पाउँछन् । यसबाट मानिसले बन्धन र दासतामुक्त संसारमा स्वतन्त्रतापूर्वक बाँच्न पाउने अधिकार उपयोग गर्न सक्छन् । देशको आदिबासी समुदायको अधिकारलाई संरक्षण गरी सोको लागि लक्षित कार्यक्रमहरू सञ्चालन गर्नु राज्यको कर्तव्य हो । भविष्यका कर्णधारका रूपमा रहेका बालबालिकाहरूको सुनिश्चित भविष्यका लागि उनीहरूको अधिकार संरक्षण गर्नु राज्य तथा हामी सबैको दायित्व हो ।

### प्रश्नहरू

(क) व्यक्ति केको खोजीमा लागेको हुन्छ ?

उत्तर: व्यक्ति सुनौलो भविष्यको खोजीमा लागेको हुन्छ ।

(ख) हाम्रो देशको ठुलो जनसङ्ख्या कुन कारणले पीडित छ ?

उत्तर: हाम्रो देशको ठुलो जनसङ्ख्या गरिबी, अभाव, अशिक्षा, भोकमरीले पीडित छ ।

(ग) राज्यको कर्तव्य के हो ?

उत्तर: देशका आदिबासी समुदायको अधिकार संरक्षण गरी सोका लागि लक्षित कार्यक्रमहरू सञ्चालन गर्नु राज्यको कर्तव्य हो ।


(घ) के गर्न सकेमा मानिसहरूले गरिबी, अशिक्षा र अभावबाट मुक्ति पाउँछन् ?

उत्तर: राज्यले गैरसरकारी सङघसंस्था तथा नागरिक समाजसँग समन्वय गरी मानव अधिकारको संरक्षण गर्न सकेमा गरिबी, अशिक्षा र अभावबाट मुक्ति पाउँछन् ।

(ङ) 'शोषण' र 'अत्याचार' शब्दको अर्थ लेख्नुहोस् ।

उत्तर: शोषण : निर्धाहरूलाई लुट्ने अथवा चुस्ने काम

अत्याचार: थिचोमिचो



## अभ्यास

१. दिइएका अनुच्छेद पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :

प्राङ्गारिक मल र रासायनिक मल दुवै कृषिमल भए पनि दुईमा धेरै फरक पाइन्छ । प्राङ्गारिक मलको प्रयोगबाट उर्वरा शक्ति बढ्छ । कृषि मलमा प्राङ्गारिक मल बढी उपयोगी मानिन्छ । यो मल गाउँघरमै तयार गर्न सकिन्छ । यसको प्रयोग जति बढी गरे पनि माटोलाई केही बिगार गर्दैन, तर रासायनिक मलको प्रयोग गर्दा भने निकै सावधानी अपनाउनुपर्छ । मात्रा मिलाएर यसको प्रयोग गर्नुपर्छ । यस्तो मल विषालु हुने भएकाले घरमा राख्दा केटाकेटीहरूले नभेट्ने ठाउँमा राख्नुपर्छ । यसलाई ओसिलो ठाउँमा राख्न हुँदैन र प्रयोग गर्नुभन्दा पहिला पानीमा भिजाउनु हुँदैन । बोट बिरुवाको पात र जरामा नछुवाई यसको प्रयोग गर्नुपर्छ । छुवाइएमा बोट बिरुवाका छुवाएको भाग डढ्न सक्छ । खेतीपातीमा मलको प्रयोग गरेपछि पटक पटक पानी हाल्नुपर्छ, नत्र त्यसबाट बोट बिरुवा ओइलाउँछ ।

प्रश्नहरू

(क) मल कति प्रकारका हुन्छन् ? लेख्नुहोस् ।

(ख) माटो नबिगार्ने र उर्वरा शक्ति नघटाउने मल कुन हो ?

(ग) रासायनिक मलको प्रयोग गर्दा ध्यान दिनुपर्ने कुरा लेख्नुहोस् ।

(घ) रासायनिक मलको प्रयोग गर्दा हुने नकारात्मक असरहरू के के हुन् ?

(ङ) 'ओसिलो' र 'विषालु' शब्दको अर्थ लेख्नुहोस् ।

२. दिइएका अनुच्छेद पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :

छठ कार्तिक शुक्ल पक्षका षष्ठी तिथिका दिन विशेष पूजा हुने पर्व हो । संस्कृत भाषाको षष्ठी शब्दबाट छठ बनेको हो । षष्ठी शब्दबाट अपभ्रंश भएर छट्ठी, छठी, छइट, छंठ, छठ शब्दहरू बनेका छन् । यी सबै छठले पर्वलाई नै बुझाउँछन् । तीमध्ये छठी, छठ, छैठ शब्दहरू बढी चल्तीका शब्द हुन् । यस पर्वमा इष्टदेवलाई सुरज बाबा र छठीमाई भनेर पुरुष एवम् स्त्री दुवैलाई जनाउने शब्दले पुकार्दछन् । छठमा सूर्यदेव र भगवती छठीमाईको पूजा आराधना गरिन्छ । यस पर्वमा सूर्यदेवको पूजा र छठी माईको भजन कीर्तन गर्ने चलन छ । छठको व्रतले शारीरिक आरोग्य र

मनोकामना पूरा हुने धार्मिक आस्था रहेको पाइन्छ । यस पर्वमा घरबाहिर रहेका सबै सदस्यहरू घरमा भेला हुन्छन् । आफ्नो परिवारका ज्येष्ठ र स्वस्थ महिलाको नेतृत्वमा व्रत बस्ने चलन छ । मुख्य व्रतालुलाई परिवारका अरू सदस्यहरूले आवश्यक सहयोग पुऱ्याउँछन् । धेरैले आफ्नो मनोकामना पूर्तिका लागि श्रद्धासाथ व्रत बस्ने परम्परा रहेको छ ।

प्रश्नहरू

(क) छठ पर्व कुन दिन मनाइन्छ ?

(ख) छठ शब्द कसरी बनेको हो ?

(ग) छठ पर्वका चलनचल्तिका शब्दहरू के के हुन् ?

(घ) छठ पर्वमा इष्टदेवलाई कुन शब्दले पुकारिन्छ ?

(ङ) छठ पर्वमा कसको पूजा गरिन्छ ?

(च) छठ पर्वमा विशेषगरी महिला र पुरुषमध्ये कसले बढी ब्रत लिन्छन् ?

(छ) छठ पर्वमा के विश्वास गरिन्छ ?

३. तलको तालिकामा छठ पर्वसँग सम्बन्धित प्रमुख शब्दहरू भर्नुहोस् :



| | | | |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

एकाइ २

# सारांश लेखन

## सारांशको परिचय

कुनै पनि पाठलाई राम्ररी पढी त्यसको मूल अर्थलाई नछुट्याई एक तृतीयांश शब्दमा प्रस्तुत गरिने प्रक्रियालाई सारांश भनिन्छ । सारांशलाई सङ्क्षेपीकरण पनि भनिन्छ । सारांश सधैँ एक अनुच्छेदमा लेखिन्छ जसमा मूल पाठका बुँदाहरू क्रमैसँग राखिन्छन् । यो पाठको अर्थपूर्ण अंश अथवा छोटो टुक्रा होइन बरू आफ्नो शब्दमा लेखिएको पूर्ण रचना हो । सारांश लेखिसकेपछि त्यसको सार आउने गरी शीर्षक समेत दिनुपर्छ ।

## सारांश लेख्ने तरिका

(क) दिइएको पाठलाई त्यसको अर्थ स्पष्ट नभएसम्म राम्ररी दोहोऱ्याई, तेहऱ्याई पढ्ने,

(ख) पाठमा भएका महत्त्वपूर्ण बुँदाहरू चिनेर तिनलाई रेखाङ्कन गर्ने,

(ग) रेखाङ्कन गरेका बुँदाहरू टिपेपछि तिनलाई सिलसिलाबद्ध रूपमा राख्ने,

(घ) उदाहरण, विशेषण शब्द, उपमा, अलङ्कार तथा दोहोरिएका कुरा हटाउने,

(ङ) टिपिएका बुँदाहरूलाई एक तृतीयांशमा बनाइएका अनुच्छेद खेस्रा लेखन गर्ने,

(च) आफूलाई चाहिनेभन्दा बढी शब्द भएमा छाँटकाँट गरी लेख्ने,

(छ) साफी लेखनभन्दा माथि मूल पाठको सार खिचिने किसिमको छोटो शीर्षक दिने,

(ज) साफी लेखनको तलतिर सारांशको शब्द सङ्ख्या उल्लेख गर्ने ।

## सारांश लेखनका नमुनाहरू

### नमुना १

तल दिइएको अनुच्छेदबाट चार ओटा बुँदा टिपी सारांश लेख्नुहोस् ।

ज्ञान विवेकले पूर्ण भएका हामी मानवले प्रकृतिजस्तो गरिमामय शाश्वत वस्तुका बारेमा गहन दृष्टि अथवा चिन्तन नगरे हामी आफ्नो कर्तव्यपथबाट विचलित भएका

ठहरिने छौँ । अतः विज्ञान अथवा प्रविधिको नाममा, सभ्य र सभ्यताको नाममा, लोभी र विषयी बनेर हामीले प्रकृतिलाई नङ्ग्याऔँ, उनको उपेक्षा र तिरस्कार गरेर आफूलाई नै सृष्टिकर्ताको संज्ञा दिने धृष्टता नगरौँ । अभिमानी र अंहकारी बनेर भविष्यका सन्ततिलाई मरुभूमिको तातो रापमा पिल्स्याउने तर्फ नजाऔँ । धर्तीलाई चिमोटेर आकाशमा प्वाल पारी अर्कै बस्तीको अन्वेषणमा रकेट लिई नहिँडौँ । अपूर्ण, अतृप्ति र अप्राप्तिको नाम नै जीवन भएकाले पूर्णता, सन्तुष्टि र प्राप्ति हासिल गर्न हामी जतिसुकै क्रियाशील रहे पनि सफलता हासिल हुन सक्दैन । त्यसैले प्रकृतिजस्तो संवेदनशील र महत्त्वपूर्ण वस्तुको संरक्षण गरी प्राणी र वनस्पतिको अस्तित्वलाई जीवन्त राख्न आवश्यक छ ।

### महत्त्वपूर्ण बुँदाहरू

(क) ज्ञान र विवेकले मानवले प्रकृतिका बारेमा गहन चिन्तन गर्नुपर्ने,

(ख) विज्ञान र सभ्यताको आडमा नङ्ग्याउँदै आफूलाई सृष्टिकर्ता ठान्न नहुने,

(ग) धर्ती खन्ने र आकाश छेड्नाले मानव सन्ततिलाई नै दुःख हुने र प्रकृतिको विनाश गरेर जीवन पूर्णता, सन्तुष्टि र प्राप्ति नपाइने,

(घ) प्राणी र वनस्पतिको अस्तित्व जोगाउन प्रकृतिलाई जीवन्त राख्नैपर्ने ।

### खेस्रालेखन

ज्ञानशील एवम् विवेकशील मानवजातिले प्रकृतिका बारेमा गहन चिन्तन गर्नुपर्छ । विज्ञान अथवा सभ्यताको आडमा प्रकृतिलाई नङ्ग्याउँदै मानिसले आफूलाई सृष्टिकर्ता ठान्नु हुँदैन । प्रकृतिको विनाशबाट मानव सन्ततिले दुःख पाउँछन् र प्राप्ति, पूर्णता, सन्तुष्टि पाउँदैनन् । त्यसैले प्राणी र वनस्पतिको अस्तित्त्व बचाउन प्रकृतिलाई जीवन्त राख्नुपर्छ ।

### साफी लेखन

#### प्रकृतिको महत्त्व : मानव जातिको कर्तव्य

ज्ञानी एवम् विवेकशील मानवजातिले प्रकृतिको गहन चिन्तन गर्न नितान्त आवश्यक छ । सभ्यताको आडमा प्रकृतिलाई नङ्ग्याई आफूलाई सृष्टिकर्ता ठान्नु मुर्खता हुन्छ । प्रकृतिको विनाशबाट जीवनमा पूर्णता पाइँदैन, बरू मानव सन्ततिले दुःख पाउँछ । तसर्थ प्राणी र वनस्पतिको अस्तित्व जोगाइराख्न प्रकृतिलाई जीवन्त राख्नुपर्छ ।

अनुच्छेदको शब्द संख्या – ११५

एक तृतीयांश शब्द सख्या – ३८

शब्दसङ्ख्या – ३९

### नमुना – २

जोकोही मानिसलाई कानुनी निर्णय दिने अधिकार हुँदैन । तसर्थ कानुनी प्रश्न गाँसिएका विषयहरूको छिनोफानो सम्बन्धित निकायबाटै हुनुपर्छ । व्यक्ति व्यक्तिले कानुनलाई खेलाउन मिल्दैन । चोरी, डकैती, जीउधन, कुटपिट अथवा हुल, हुज्जत, लागूपदार्थको प्रयोग अथवा कारोबार, सार्वजनिक सम्पत्तिको विनास र यस्तै अनैतिक क्रियाकलापसँग सम्बन्धित मुद्दाहरू हामीले सम्बन्धित निकायमै पुऱ्याउनुपर्छ । अन्य सानातिना घर घरायसी, कुलोपैनी, लेनदेन र टोल छिमेकका साधारण समस्याहरू त समाजमै बसेर समाधान गर्नुपर्छ । हामीले कानुनलाई सम्मान गर्ने र त्यसलाई शक्तिशाली बनाएर नै आफ्नो सभ्यताको परिचय दिन सक्छौं । वास्तवमा कानुनी राज्यमा सबैको  एक मात्र भरपर्दो सूत्र कानुन नै हुन सक्दछ ।

### बुँदाहरू

१. कानुनको निर्णय निश्चित क्षेत्रबाट हुनुपर्ने,
२. ठुला अपराधका मुद्दाहरू सम्बन्धित निकायमा पुऱ्याउनुपर्ने,
३. सानातिना झगडाहरू गाउँघरमा समाधान गरे कानुनको सम्मान र सामाजिक उत्तर दायित्व बढ्ने,
४. कानुनी राज्यमा सबैको एक मात्र भरपर्दो सूत्र कानुन हुन सक्ने ।

### खेस्रा लेखन

कानुनको निर्णय मनपरी नभई निश्चित क्षेत्रबाट ठुला अपराधका आवश्यक मुद्दा सम्बन्धित निकायमा पुऱ्याउनुपर्ने । सामान्य मुद्दाहरू गाउँमै समाधान गर्न सकिन्छ, जसबाट कानुनको सम्मान हुनुका साथै सामाजिक दायित्व पनि बढ्दछ । कानुन मानिसको रक्षक हो र यो सभ्यताको परिचय हो ।

### साफी लेखन

कानुनी निर्णय निश्चित क्षेत्रबाट हुनाले ठुला अपराधका मुद्दाहरू आवश्यक ठाउँमा पुऱ्याउनुपर्छ । सामान्य मुद्दाहरू गाउँमै समाधान गर्नाले कानुनको सम्मान हुनुका साथै सामाजिक दायित्व बढ्छ । कानुन रक्षक र सभ्यताको परिचय हो ।

अनुच्छेदको शब्दसङ्ख्या – १०३

एक तृतीयांश शब्दसङ्ख्या – ३४

शब्दसङ्ख्या – ३४

## अभ्यास

१. तलको गद्यांशबाट चार ओटा बुँदा टिपी सारांश लेख्नुहोस् :

खप्तड क्षेत्रको भूबनोट अनौठो छ । कुनै कुशल शिल्पीले काटेर राखेजस्तो तरेली परेका थुम्का र तिनका बिचमा सम्म परेका भूभागहरू रहेका छन् । नदी र झरनाहरूले पनि यसको सुन्दरतालाई बढाएका छन् । यस निकुञ्जको अधिकांश भाग घना जङ्गलले ढाकेको छ । यहाँ लेकाली वनको सदाबहार हरियाली देख्न पाइन्छ । झ्याम्म परेको निगालो घारी जति हेरे पनि अघाइँदैन । यहाँबाट अपी र सौपाल हिमालको सुन्दर दृश्यावली देखिन्छ । यहाँका अनेकौँ थुम्का र बाइस ओटा पाटन जाडोमा रङ्गी विरङ्गी फूलले शोभायमान हुन्छन् । यसरी खप्तड प्रकृतिले सिँगारेको सुन्दर एवम् रमणीय ठाउँ मानिन्छ ।

२. तलको गद्यांशबाट चार ओटा बुँदा टिपी सारांश लेख्नुहोस् :

हर्क गुरुङ नेपाली धर्तीमा उदाएका एउटा जाज्वल्यमान तारा हुन् । एउटै व्यक्तिमा धेरै गुण भेटिनुले उनलाई बहुमुखी प्रतिभाका धनी व्यक्ति मानिन्छ । उनले भूगोल, जनसङ्ख्या, पर्यटन, जातजाति, अर्थशास्त्र, पर्वतारोहण र विकाससम्बन्धी विभिन्न पुस्तक लेखेका छन् । उनले लेखेका अठार ओटा पुस्तकहरू प्रकाशन भएका छन् । विदेशीसँग ऋण लिएर देशलाई चलाउनुभन्दा आफ्नै खुट्टामा उभिनुपर्छ भन्ने उनको विचार थियो ।

३. तलको चित्र हेरी नेपाली परम्परागत विवाहका बारेमा दुई अनुछेद लेख्नुहोस् :



एकाइ ३

# कथा लेखन

## कथा लेखनको परिचय

मानवीय जगत्सँग सम्बन्धित रहेर रोचक तरिकाले क्रमबद्ध रूपमा घटनाक्रम मिलाएर तयार पारिएको प्रस्तुति नै कथा हो । मुख्यतः कथा लोककथा, पौराणिक कथा र आधुनिक कथा गरी तीन प्रकारका हुन्छन् । कथाहरू नीतिमूलक, सन्देशमूलक तथा यथार्थपरक हुन्छन् । एउटा कथाको रचनामा कथानक, पात्र, परिवेश शैली र उद्देश्यको आवश्यकता पर्दछ । कथा गद्य भाषामा लेखिन्छ । कथा सानो आकारको भए पनि आफैँमा पूर्ण हुन्छ ।

## कथा रचना गर्ने तरिका

(क) कथा लेखन गर्दा दिइएका बुँदाहरूका आधारमा सिलसिला मिलाएर प्रस्तुत गर्ने,

(ख) कथाको ढाँचा (प्रारम्भ, मध्य र अन्त्य) कसरी बनाउने भन्ने बारेमा सोच्ने,

(ग) दिइएका बुँदाका आधारमा घटना र पात्रलाई सम्बन्धित बनाउने,

(घ) सरल शब्द र सरल वाक्य प्रयोग गर्ने,

(ङ) संवादले कथा रोचक र मनोरञ्जनपूर्ण बनाउने भएकाले छोटाछोटा संवाद प्रयोग गर्ने,

(च) बुँदाका आधारमा कथा लेख्दा सन्देश के निस्कन्छ सो सन्देश समेत उल्लेख गर्ने,

(छ) घटना अथवा पात्रका आधारमा उपयुक्त शीर्षक राख्ने ।

## कथा लेखनका केही नमुनाहरू

### नमुना – १

तल दिइएका बुँदाहरूका आधारमा कथा तयार पार्नुहोस् :

कुनै वनमा धेरै परेवाहरू बस्ने गरेको ______ नजिकै किसानको खेत ______ सधैँ परेवाले खेतमा गई धान खाने गर्ने ______ किसानले परेवालाई जाल थाप्नु ______ परेवामध्येको बुढो परेवाले जाल देख्नु

________ बुढो परेवाबाहेक अरू सबै जालमा पर्नु ________ जालमा परेका परेवाहरूले पछुताउँदै जालबाट बचाउने जुक्ति निकाल्न बुढो परेवालाई अनुरोध गर्नु ________ बुढाले किसान आएर जाल फिक्दा तिमीहरू मरेजस्तै गर्नु ________ जाल फिकेपछि सबै एकसाथ उड्नु भनी सल्लाह दिनु ________ बुढाको सल्लाहबाट सबै परेवा बाँच्नु ________ आफूभन्दा अग्रज र परिपक्कले दिइएको सल्लाह नमान्दा दुःख पाइने सन्देश ।

## बुढाको सल्लाह

एउटा वनमा धेरै परेवाहरू बस्दथे । उनीहरू दिनभरि वनमै रमाईरमाई उड्थे । भोक लागेपछि वन नजिकैको किसानको खेतमा गई धान खाएर भोक मार्दथे । उनीहरूमध्ये एउटा बुढो परेवा थियो । त्यो बुढो परेवा ज्यादै बुद्धिमान् थियो । ऊ सधैँ अन्य परेवाहरूलाई अरूको धान खाएर दुःख दिनु हुँदैन भनेर सम्फाउँथ्यो । अन्य परेवाहरू भने उसको कुरालाई हावामा उडाइदिन्थे ।

एक दिन वनमा सदाफैँ परेवाहरू किसानको खेतमा धान खान पुगिहाले । बुढो परेवाले परैबाट त्यस खेतमा जाल देखेर सबै परेवाहरूलाई रोक्न खोजे तर जवान परेवाहरूले उनको कुरा सुन्नै चाहेनन् । सबै परेवाहरू जालमा परे । जालमा परेपछि ज्यान जाने डरले सबै परेवाहरू रुन कराउन थाले । आफू मरिने भयो भनेर अब उनीहरूले बुढो परेवाको भनाइ सम्फँदै पछुताउन थाले । उनीहरूले रुँदै बुढा परेवालाई आफूहरूलाई बचाइदिन अनुरोध गरे । बुढा परेवाले भन्यो "किसान आउँदा तिमीहरू मरेजस्तै गरेर बस्नु र उसले जाल फिकेपछि सबै उडिहाल्नु ।" अब बल्ल परेवाहरूले बुढो परेवाको सल्लाह माने र उनीहरू बाँचे ।

यसरी उनीहरूले आफूभन्दा अग्रज र परिपक्वले दिइएको सल्लाह मान्नुपर्छ र नमानेमा दुःख पाइने कुरा बुफे ।

### नमुना – २

**तल दिइएका बुँदाहरूका आधारमा एउटा कथा तयार पार्नुहोस् :**

एउटा ठाउँमा केही कमिलाहरू ________ कमिलाहरूले खानेकुरा जम्मा पार्नु ________ नजिकै एउटा फ्याउँकिरी बसेको ________ काम गरेको देखी उसले तिनीहरूलाई गिज्याएको र गीत गाउन बोलाएको ________ कमिलाहरू फ्याउँकिरीको कुरा नसुनी आफ्नो काम गरिरहेका ________ उनीहरूले


धेरै खानेकुरा जम्मा पारेका ______ एक महिनापछि जाडो सुरु भएको ______ झ्याउँकिरीलाई भोक लागी कमिलासँग खानेकुरा मागेका ______ कमिलाले मिहिनेत नगर्दाको फल यस्तै हुन्छ भनी सम्झाएका ।

## बुद्धिमानी कमिला

एक ठाउँमा कमिलाहरू बस्थे । तिनीहरू सधैँ नै काम मात्र गरिरहेका देखिन्थे । उनीहरू भविष्यमा सुविधा होस् भनेर पहिल्यै खानेकुरा जम्मा गर्ने गर्दथे । ती कमिलाहरूसँगै नजिकै एउटा झ्याउँकिरी बस्दथ्यो । ऊ आफ्नो नामजस्तै झ्याउँझ्याउँ गर्दै गीत गाएर बस्दथ्यो । उसलाई भने कामको कुनै मतलब थिएन ।

एक समय बिहानै झ्याउँकिरीले गीत गाइरहेको थियो, तर कमिलाहरू भने काम गरिरहेका थिए । कमिलाहरूले रातदिन यसरी काम गरेको देखेर झ्याउँकिरीलाई हाँसो उठ्यो । सकीनसकी खानेकुरा ओसारी रहेका कमिलालाई उसले गिज्याइरह्यो तर कमिलाहरू भने आफ्नै सुरमा काम गरिरहे ।

एक महिनापछि जाडो याम सुरु भयो । झ्याउँकिरी अब चिसोले गर्दा उड्न र खाने कुरा खोज्न पनि सकेन, किनभने उसलाई भोक लाग्दै थियो । ऊसँग खानेकुरा थिएन । कमिलाहरू आफूले थुपारेको खानेकुरा खाँदै अघाइरहेका थिए । भोकले सताएपछि दायाँ बायाँ खोज्दा पनि केही नपाएपछि झ्याउँकिरीले कमिलाहरूसँग खानेकुरा माग्यो । कमिलाहरूले भने, "मिहिनेत नगर्दा कस्तो फल पाइन्छ बुझ्यौ ?" समयमै आफ्नो काम गर्नुपर्छ नत्र दुःख पाइन्छ ।



## अभ्यास

(क) तल दिइएका बुँदाहरूका आधारमा एउटा कथा तयार पार्नुहोस् :

एउटा देशका राजा गाउँतिर घुम्न निस्कनु ______ एउटै उमेरका र उत्रै आकारका सुगालाई पिँजडामा राखेर सुगा बेच्न हिँडिँरहेको मानिससित भेट हुनु ______ सुगाको मोल सोध्नु ______ सुगापालाले एउटाको सय रूपैयाँ र अर्कोको पाँच रूपैयाँ बताउनु ______ मोलको अन्तर सुगा किन्नेले आफै थाहा पाउँछ भन्नु ______ राजाले लगेर सुत्ने कोठा बाहिर राख्न लगाउनु ______ बिहान एउटा सुगाले मिठा मिठा श्लोक र स्तुति भन्न थाल्नु ______ अर्कोले अश्लील गाली गर्नु ______ मिठो बोल्ने सुगाको कारण सोध्नु ______ विद्वान्को घरमा पालिएको मिठो बोल्नु ______ चण्डालको घरमा पालिएकाले अश्लील बोल्नु ।

(ख) तल दिइएका बुँदाहरूका आधारमा एउटा कथा तयार पार्नुहोस् :

एउटा कमिलो ____________ कमिलाले हात्ती देख्नु ____________ उसलाई हात्ती जस्तै ठुलो र शक्तिशाली हुने इच्छा जाग्नु ____________ कमिलाले हात्तीलाई ठुलो हुने उपाय सोध्नु ____________ हात्तीले उसलाई तिमी त साना र फुर्तिला छौ साथै आफूभन्दा पनि धेरै तौल बोक्न सक्छौ भन्नु ____________ शत्रुलाई पनि हमला गर्न सक्ने बताउनु ____________ कमिला दङ्ग पर्नु ____________ हात्तीले आफू पनि कमिलाजस्तै फुर्तिलो र चिटिक्क परेको बन्न चाहेको बताउनु ____________ आफ्ना विशेषता थाहा पाई कमिलो मख्ख पर्नु ।

(ग) तलको कथा पढ्नुहोस् र कथाले दिन खोजेको सन्देश एक अनुच्छेदमा लेख्नुहोस् :

दसैंको बेला थियो । चतुरे खसी किन्न गयो । ऊ टाढैबाट खसी डोऱ्याउँदै घरतिर आउँदै थियो । वनको बाटो, वरिपरि गाउँघर पनि थिएन । यस्तैमा एउटा भुसतिघ्रे मानिस हातमा मोटो लट्ठी लिएर चतुरेको अगाडि आएर उभियो । चतुरे उसको वास्तै नगरी सुरुसुरु हिँड्दै थियो । तर त्यो भुसतिघ्रे मान्छेले बाटो छेकेर चतुरेलाई अघि बढ्न दिएन । चतुरेले हाँस्दै बाटो छेक्नुको कारण सोध्यो । उसले भने चतुरेका कुराको वास्तै नगरी लट्ठी उजाउँदै भन्यो – खसी दिन्छस् कि तँलाई पनि यहीँ मारिदिऊँ ?

चतुरे एकछिन् जिल्ल पऱ्यो, ऊ के गरेर यस डाँकाको हातबाट जीउधन जोगाउने भनी मनमनै सोच्न थाल्यो । अनिकालमा बीउ जोगाउनु, हूलमूलमा जीउ जोगाउनु भन्छन् । यसलाई खुरुक्क खसी मात्र दिएर छोडे पनि यसले मलाई नमारी छाड्दैन । जसरी हुन्छ पहिले त यसको हातबाट फुत्किने जुक्ति गर्नुपऱ्यो भनी उसले हाँस्दै भन्यो– तपाईँलाई खसी चाहिएको छ भने म दिन्छु, तर मेरो पनि एउटा सर्त छ । त्यो के भने धनभन्दा मित्रता ठुलो हुन्छ । यदि तपाईँ मेरो मित्रता स्वीकार्नुहुन्छ भने यौटा जाबो खसी त के, म मित्रलाई म आफ्नो सर्वस्व दिन पनि तयार छु । मित्र भएपछि आउनु, जानु, भेटघाट हुनु पनि परिरहन्छ । त्यसैले मित्रको नाम, ठेगाना जान्न पाए कैलेकाहीँ आउँदा बस्न पनि हुन्थ्यो ।

चतुरेको कुरा सुनेर डाँका ज्यादै खुसी भयो । उसले आफ्ना नाम र ठेगाना बतायो । चतुरेले पनि आफ्नो हातको खसीको दाम्लो उसको हातमा दिँदै भन्यो– फेरि फेरि आउँदा घेटघाट र कुराकानी गरौँला । आज बस्ने भुल्ने फुर्सद पनि छैन, वनको बाटो छ, आज घरमा पुग्नु छ । तसर्थ मित्रको चिनोस्वरूप यो एउटा लट्ठी पाए मलाई घर पुग्न सजिलो हुन्थ्यो । पछि त्यही लट्ठीले चतुरेले डाँकालाई कुटेर खसी लिएर घर गयो ।

*(साभार : देवीप्रसाद वनवासीको फूलपातीबाट)*

एकाइ ४

# जीवनी लेखन

## जीवनी लेखनको नमुना

कुनै व्यक्तिको जीवनलाई छर्लङ्ग पार्ने गरी लेखिएको क्रमबद्ध लेखनलाई जीवनी भनिन्छ । जीवनी मानिसले जीवनभरि गरेको कामकुराको इतिहास हो । जीवनीमा विशेष व्यक्तिको जीवनमा घटेका घटनाहरू तथा चरित्र, पेसा आदि महत्त्वपूर्ण अंशहरू दिएर उसको समाजमा दिइएको योगदान देखी त्यसको मूल्याङ्कन पनि समावेश गरिएको हुन्छ । जीवनी राष्ट्र र मानव जीवनको उन्नतिका लागि महत्त्वपूर्ण योगदान दिने ख्यातिप्राप्त व्यक्तिहरूको मात्र लेखिन्छ ।

## जीवनी लेख्ने तरिका

(क) जीवनीका लागि उपयुक्त शीर्षक दिने,

(ख) जीवनी लेख्न दिइएका बुँदाहरूलाई राम्रोसँग पढ्ने र मनन गर्ने,

(ग) जीवनीका लागि दिइएका बुँदाहरूबाट आदि, मध्य र अन्त्य भाग छुट्याउने,

(अ) आदि भाग : जीवनीको आदि भागमा जन्म, बाल्यकाल, शिक्षा, पारिवारिक स्थिति प्रस्तुत गर्ने,

(आ) मध्य भाग : जीवनीको मध्य भागमा कार्यहरू, योगदान, पुरस्कार र सम्मानका साथै घटेका घटनाहरू प्रस्तुत गर्ने,

(इ) अन्त्य भाग : यस भागमा व्यक्तिको मूल्याङ्कन गर्ने र मृत्यु भए मृत्यु पनि खुलाउने,

(घ) वस्तुपरक भाषाको प्रयोग गर्ने,

(ङ) जीवनी सरल एवम् मिठासपूर्ण भाषामा लेख्ने,

(च) जीवनीमा हाँसी, मज्जा, ठट्टा हुने कुराको वर्णन नगर्ने ।

## जीवनीका नमुनाहरू

(क) तल दिइएका बुँदाका आधारमा छोटो जीवनी लेख्नुहोस् :

| | | |
|---|---|---|
| नाम | : | पृथ्वीनारायण शाह |
| जन्म | : | वि.सं. १७७९ पुस २७ गते |
| जन्मस्थान | : | गोरखा |
| पिता | : | नरभूपाल शाह |
| माता | : | कौशल्यावती |
| राज्यारोहण | : | वि.सं. १७९९ |
| कीर्तिपुर विजय | : | वि.सं. १८२५ |
| काठमाडौँ विजय | : | वि.सं. १८२५ |

### विशेषता

दूरदर्शी राजा, कुशल योद्धा, नेपाल र नेपालीको हितका लागि काम गरेका, आधुनिक नेपालका निर्माता, दिव्योपदेशका स्रष्टा, राष्ट्रिय विभूति

मृत्यु : वि.सं. १८३१ माघ १

## पृथ्वीनारायण शाह

नेपाल राष्ट्रका निर्माता पृथ्वीनारायण शाहको जन्म वि.सं. १७७९ पुस २७ गते गोरखामा भएको थियो । उनका पिताको नाम नरभूपाल शाह र माताको नाम कौशल्यावती हो । मातापिताको जेठो छोराको रूपमा उनको जन्म भएको थियो ।

वि.सं. १७९९ मा उनका पिता नरभूपाल शाहको स्वर्गारोहणपछि पृथ्वीनारायण शाह गोरखाको राजा भए । उनी राजा भएपछि आफ्नो नेपाल एकीकरण गर्ने कामलाई अगाडि बढाउँदै लगे । यसै क्रममा वि.सं. १८२२ मा कीर्तिपुरमाथि विजय प्राप्त गरे । त्यसपछि वि.सं. १८२५ मा काठमाडौँलाई जितेर विशाल नेपालमा गाभे ।

पृथ्वीनारायण शाह नेपाल र नेपाली जनताको रक्षाका लागि हर प्रयास गर्ने र पछिसम्म पनि सोच्न सक्ने भएका कारण एक दूरदर्शी योद्धा थिए । आधुनिक नेपालको

निर्माणका लागि उनले गरेको योगदान सबैभन्दा महत्त्वपूर्ण रह्यो । देश र जनताका लागि उनले दिइएको उपदेशहरूको सँगालो "दिव्योपदेश" का रूपमा अझै पनि उत्तिकै सान्दर्भिक रहेको छ ।

पृथ्वीनारायण शाह नेपालको राष्ट्र निर्माता भएकाले उनलाई राष्ट्रिय विभूतिको विशिष्ट सम्मान प्राप्त छ । उनको मृत्यु वि.सं. १८३१ माघ १ गते भएको थियो ।

ख) तल दिइएका बुँदाका आधारमा छोटो जीवनी तयार पार्नुहोस् :

| | | |
|---|---|---|
| नाम | : | गङ्गालाल श्रेष्ठ |
| जन्म | : | विसं. १९७५ मंसिर २२ गते |
| जन्मस्थान | : | रामेछाप |
| पिता | : | भक्तलाल श्रेष्ठ |
| माता | : | तुलसीकुमारी श्रेष्ठ |
| शिक्षा आरम्भ | : | पाँच वर्षको उमेरमा |
| विदेशयात्रा | : | नौ वर्षको उमेरमा काकाको साथ भारतको कलकत्ता गएका |

**विशेषता :**

स्वतन्त्रताका हिमायती, भारतको स्वतन्त्रता सङग्रामबाट प्रेरणा पाएका

**शिक्षा :**

दरबार माध्यमिक विद्यालयबाट एस्.एल्.सी परीक्षा प्रथम श्रेणीमा उत्तीर्ण गरी त्रिचन्द्र कलेजमा भर्ना

**सेवा तथा संलग्नता :**

नेपाल प्रजा परिषद्का सदस्य

९१९७ मा राणा विरोधी गतिविधिमा संलग्न


**गिरफ्तारी** : वि.सं. १९९७ कार्तिक २२

**हत्या** : वि.सं. १९९७ माघ ४

## अमर सहिद गङ्गालाल

नेपाली वीर सहिद गङ्गालाल श्रेष्ठको जन्म वि.सं. १९७५ मंसिर २२ गतेका दिन रामेछापको भँगेरीमा भएको थियो । उनका पिताको नाम भक्तलाल श्रेष्ठ र आमाको नाम तुलसीकुमारी श्रेष्ठ हो । उनी बाबुआमाका एक सन्तान थिए । उनले पाँच वर्षको उमेरदेखि नै शिक्षा आर्जन गरेका थिए ।

गङ्गालाल नौ वर्षको उमेरमा काकासँग भारतको कलकत्तामा गएका थिए । त्यहाँ उनले भारतीय स्वतन्त्रता सङ्ग्रामलाई नजिकबाट अवलोकन गर्ने अवसर पाए । भारतको स्वतन्त्रता सङ्ग्रामको प्रभाव उनमा पनि पर्न थाल्यो । भारतमा बस्दा पनि आफ्नो पढाइलाई निरन्तरता दिने काम गरे । पछि नेपाल फर्केपछि दरबार माध्यमिक विद्यालयबाट एस.एल्.सी परीक्षामा प्रथम श्रेणीमा उत्तीर्ण गरी उच्च अध्ययनका लागि त्रिचन्द्र कलेजमा भर्ना भए । भारतमा चल्दै आएको स्वतन्त्रता सङ्ग्रामको प्रभाव नेपालमा पनि पर्न थाल्यो । फलस्वरूप निरङ्कुश राणा शासनका विरुद्ध सङ्गठित भएर सचेत युवाहरू लाग्न थाले । उनी पनि वि.सं. १९९७ सालको भाद्र महिनामा नेपाल प्रजापरिषद्का सदस्य बने । उनी यस संस्थाले सञ्चालन गरेको राणा विरोधी गतिविधिमा संलग्न भए । यसैका कारण उनलाई राणा शासकले वि.सं. १९९७ कार्तिक २२ गते गिरफ्तार गरे । उनलाई वि.सं. १९९७ माघ ४ गते राति क्रुर राणा शासकले गोली हानी हत्या गरे । देश र जनताको मुक्तिका लागि जीवन उत्सर्ग गर्ने वीर सहिद गङ्गालाल आज पनि नेपाली जनताका माझ अमर रहेका छन् ।



## अभ्यास

१. दिइएका बुँदाहरूका आधारमा छोटो जीवनी तयार पार्नुहोस् :

नाम : पारिजात

जन्म : विष्णुकुमारी वाइबा

जन्मस्थान : भारतको दार्जिलिङ

पिता : कालुसिंह वाइवा

माता : अमृतादेवी मोक्तान

शिक्षा : बि.ए.

**प्रकाशित कृतिहरू :**

कथासङ्ग्रह – आदिम देश, सडक र प्रतिभा

कवितासङ्ग्रह – आकाङ्क्षा, पारिजातका कविता

उपन्यास – शिरीषको फूल, महत्ताहीन

**सम्मान तथा पुरस्कार :**

मदन पुरस्कार (२०२२)

युगवाणी पुरस्कार (२०२७)

गङ्की बसुन्धरा पुरस्कार (२०४९)

**विशेषताहरू :**

प्रगतिवादी दृष्टिकोण र क्रान्ति चेतनाको प्रभाव परेको, गरिब, दु:खी तथा असहायप्रति सुधार गर्नुपर्दछ भन्ने विचार व्यक्त

मृत्यु : वि.सं. २०५० वैशाख ५, काठमाडौँ

२. तल दिइएका बुँदाहरूका आधारमा छोटो जीवनी तयार पार्नुहोस् :

नाम : झमककुमारी घिमिरे

जन्म : वि.सं. २०३७ असार १

जन्मस्थान : धनकुटा

पिता : श्री कृष्णबहादुर घिमिरे

माता : आशादेवी घिमिरे

शिक्षा : स्वाध्ययन

**व्यक्तिगत स्वभाव :**

विद्रोही, सङ्घर्षशील, कर्मवादी विचारमा उच्च र दृढ

**कृतिहरू :**

सङ्कल्प, आफ्नै चिता अग्निशिखातिर, मान्छेभित्रका योद्धाहरू, नौलो प्रतिविम्ब (कवितासङ्ग्रह) जीवन काँडा कि फूल (आत्मपरक निबन्ध)

**पुरस्कार तथा सम्मान :**

गोपाल जनकल्याण पुरस्कार, अपाङ्ग प्रतिभा पुरस्कार, डा. विमलवाणी पुरस्कार, मदन पुरस्कार

३. तल दिइएका बुँदाहरूका आधारमा छोटो जीवनी तयार पार्नुहोस् :

नाम : सिद्धिचरण श्रेष्ठ

जन्म : वि.सं. १९६९ जेष्ठ शुक्ल पञ्चमी

जन्मस्थान : ओखलढुङ्गा

पिता : विष्णुचरण श्रेष्ठ

माता : नीरकुमारी श्रेष्ठ

शिक्षा : औपचारिक ८ कक्षा सम्म मात्र स्वाध्ययन

**विशेषता :**

नेपाली साहित्यमा स्वच्छन्दतावादी काव्यधाराका सहप्रर्वतक, विद्रोही स्वभावका कवि, प्रकृतिप्रेमी तथा राष्ट्रप्रेमी कवि

**पुरस्कार तथा सम्मान :**

त्रिभुवन पुरस्कार, प्रज्ञा पुरस्कार वेदनिधि पुरस्कार, युगकविको सम्मान प्राप्त

**प्रकाशित कृतिहरू :**

उर्वशी, मेरो प्रतिविम्ब, कुहिरो र घाम, मङ्गलमान, सिद्धिचरणका प्रतिनिधि कविता आदि ।

मृत्यु : वि.सं. २०४९ काठमाडौँ

एकाइ ५

# संवाद लेखन

## संवाद लेखनको परिचय

दुई अथवा दुईभन्दा बढी व्यक्तिहरूका बिचमा कुनै निश्चित विषयमा हुने कुराकानीलाई संवाद भनिन्छ । व्यक्तिका बिचमा हुने संवादलाई छलफल पनि भनिन्छ । संवादले दुई अथवा दुईभन्दा बढी व्यक्तिहरू बिच भएको कुराकानी मात्र नबुझाई लिखित कुराकानीलाई पनि बुझाउँछ । संवादमा एउटा व्यक्तिले बोल्ने र अरूले सुन्ने गरिन्छ । यसमा सबैजना एकै चोटी नबोली पालैपालो बोलिन्छ । संवादमा पात्रको हाउभाउ पनि आवश्यक पर्छ ।

## संवाद लेख्ने तरिका

(क) संवाद लेख्ने विषयलाई राम्रोसँग मनन गर्ने,
(ख) संवादको प्रारम्भमा परिवेश उल्लेख गर्ने,
(ग) परिवेशलाई कोष्ठकभित्र (  ) राख्ने,
(घ) संवादको शीर्षक उल्लेख गर्ने,
(ङ) पात्रको हाउभाउलाई संवादको बिचमा कोष्ठक ( ) चिह्नका साथ प्रयोग गर्ने,
(च) अत्यधिक लामो संवाद प्रयोग नगर्ने,
(छ) संवादमा प्रयोग हुने शब्द अथवा भाषा वक्ताको स्तरअनुसार हुनुपर्ने,
(ज) संवादमा विराम चिह्नको ख्याल गर्ने,
(झ) संवादको अन्त्यमा उचित निचोड निकाली समापन गर्ने ।

## संवाद लेखनका नमुनाहरू

### नमुना – १

### देश विकासमा कम्प्युटरको महत्त्व

(गोपालले कम्प्युटर चलाउँदै गर्दा लखन टुप्लुक्क आइपुग्छ)

लखन : (हात जोड्दै) नमस्कार गोपाल दाइ ! साह्रै व्यस्त हुनुहुन्छ जस्तो छ नि !

गोपाल : (नमस्कार फर्काउँदै) नमस्कार ! नमस्कार ! त्यति धेरै व्यस्त त होइन । आउ

न बस । कति कामले आयौ ?

लखन : दाइसँग कम्प्युटरको विषयमा केही कुरा जानौँ भनेर ।

गोपाल : हुन्छ, मैले पनि कम्प्युटरसम्बन्धी नयाँ प्रोग्रामहरू बनाउँदै छु । तिमी आजभोलि के गर्दै छौ ?

लखन : म पढ्दै छु । दाइले विकासका लागि के कस्ता योजनाहरू बनाउँदै हुनुहुन्छ ?

गोपाल : काठमाडौँदेखि सिमरासम्मको मोटरबाटोको नक्सा र फर्पिङको सहरीकरणको व्यवस्थापनसम्बन्धी योजना बनाउँदै छु ।

लखन : होइन दाइ ! यो कम्प्युटरमा बाटो, भवन, पुल, सहर आदिको पनि नक्सा बनाउन सकिन्छ र ?

गोपाल : किन नसक्नु नि ! सजिलै सकिन्छ । आजको युग नै कम्प्युटरको युग हो । देशको विकासमा कम्प्युटरले महत्त्वपूर्ण भूमिका खेलेको छ ।

लखन : त्यसो भए त कम्प्युटरमा सबै काम गर्न सकिन्छ, होइन त दाइ !

गोपाल : हो, कम्प्युटरबाट नै यन्त्रयान, वायुयान तथा अन्तरिक्ष यान पनि सञ्चालन गर्न सकिन्छ ।

लखन : कम्प्युटरको ठुलो महत्त्व पो रहेछ । हैन त दाइ !

गोपाल : हो लखन, जुनसुकै काम पनि कम्प्युटरले छोटो र सही ढङ्गबाट गर्छ । आजको युग कम्प्युटरको युग हो । त्यसमा पनि कम्प्युटर विज्ञानको ठुलो महत्त्व रहेको छ ।

लखन : मैले त बल्ल बुझेँ । कम्प्युटर त जान्नु नै पर्ने रहेछ । भोलिदेखि मलाई पनि कम्प्युटर सिकाइदिनुहोस् न ।

गोपाल : हुन्छ । तिमी आफ्नो समय मिलाएर म कहाँ आऊ । म तिमीलाई राम्रोसँग सिकाइदिन्छु ।

लखन : (घडी तिर हेर्दै) दाइ पाँच बजिसकेछ । म अहिले जान्छु ।

गोपाल : हुन्छ, भोलि भेटौँला ।

## नमुना – २

### बढ्दो वातावरणीय समस्या

(सीता र रमा कक्षा ६ मा अध्ययन गर्छन् । उनीहरू विद्यालयबाट घर फर्कँदै छन् । बाटोमा हिँड्दै गर्दा चौतारोमा बसी कुराकानी गर्न थाल्छन् ।)

सीता : हेर त रमा उताबाट के पोलेको धुवाँ आएको होला, यहीँसम्म पनि कस्तो नराम्रो गन्ध आइरहेछ ।

रमा : (हेर्दै) हो त नि ! यो धुवाँ कहाँबाट आएको होला, मेरो त आँखै पिरो हुन थाल्यो ।

सीता : आजभोलि मानिसहरू यस्तै विभिन्न कारणबाट वातावरणलाई नै प्रदूषण गराउन थालेका छन् ।

रमा : मानिसले आफ्नो स्वार्थका लागि वातावरणको स्वच्छतालाई ख्याल नगर्ने हो भने यसबाट हाम्रो स्वास्थ्यमा निकै नराम्रो असर पुऱ्याउँछ ।

सीता : सबै मानिसले वातावरण जोगाउन आ–आफ्नो क्षेत्रबाट सहयोग पुऱ्याउनुपर्छ ।

रमा : सबै मानिसले वातावरण प्रदूषणबारे समयमै ज्ञान लिनु आवश्यक छ ।

सीता : वातावरण दिन प्रतिदिन खराब हुँदै गयो भने मानिसलाई नै बस्न समस्या हुँदैन र ?

रमा : यसरी वातावरण प्रदूषण हुँदै जाने हो भने त भविष्यमा हामीलाई बस्नै गाह्रो पर्छ ।


सीता : मानिसको जनसङ्ख्या बढ्दै जाँदा भविष्यमा के हाल होला ?

रमा : (एकछिन् सोच्दै) हो त ! वातावरण स्वच्छ राख्न अब के उपाय छ त ?

सीता : अब हामीले यसबारे समाजमा जनचेतना जगाउनुपर्छ । सबैलाई सचेत बनाउनुपर्छ ।

रमा : हो त, अब हाम्रो काँधमा वातावरणीय समस्या पहिचान गरी समाधान गर्ने जिम्मेवारी आएको छ । यसका लागि आजैदेखि सबै सचेत हुन जरुरी छ ।

(साँझ पर्न लागेकाले दुवै जना घरतर्फ प्रस्थान गर्छन् ।)



## अभ्यास

१. 'खेलकुदको महत्त्व' शीर्षकमा एउटा संवाद लेख्नुहोस् ।

२. 'पुस्तकालयको महत्त्व' शीर्षकमा एउटा संवाद लेख्नुहोस् ।

३. 'स्वास्थ्य नै धन हो' शीर्षकमा एउटा संवाद लेख्नुहोस् ।

४. 'अनुशासनको महत्त्व' शीर्षकमा एउटा संवाद लेख्नुहोस् ।

५. 'पर्यटनको महत्त्व' शीर्षकमा एउटा संवाद लेख्नुहोस् ।

६. तलको संवाद पढ्नुहोस् र त्यो संवादले दिन खोजेको सन्देश के हो ? एक अनुच्छेदमा लेख्नुहोस् ।

## विद्यालय सधैँ जानुपर्छ

(रमेश र गीता दाजु बहिनी हुन् । उनीहरू दुवैजना ६ कक्षामा पढ्दै छन् । आज शनिबार को दिन भएको हुनाले उनीहरू चिडियाखाना घुम्न गएका छन् । त्यहाँ राखिएका सबै जनावरहरू हेरेर चौरमा बसेर खाजा खाँदै दाजु बहिनी कुरा गरिरहेका छन् ।)

रमेश : गीता हेर न आज चिडियाखाना आइयो । जीउ पनि भारी भएजस्तो छ । भोलि त विद्यालय जान सकिँदैन होला ?

गीता : किन र दाइ ? आज चिडियाखाना आयौँ भन्दैमा भोलि विद्यालय जान नसकिएला र ?

रमेश : भोलि विद्यालय जान गाह्रो छ बहिनी गीता । किनभने आज दिनभरि चिडियाखाना घुम्यौँ, अब एकछिनपछि बस चढ्छौँ । बसमा पनि धेरै भीड हुन्छ । कोचाकोच गरेर घर जाँदा जीउ थिलथिलो हुन्छ । त्यसैले थकाइ मार्न भोलि एकदिन विद्यालय नजाऔँ क्यारे गीता !

गीता : दाइ तपाईँले भनेको कुरा मलाई चित्त बुझेन । यसरी चिडियाखाना हेर्न आएको भोलिपल्ट विद्यालय नजाने हो भने यस्ता बिदामा हामी कयौँ पटक घुम्न जाने छौँ । त्यसो भए के बिदाको भोलिपल्ट विद्यालय नै नजाने ? त्यसो अल्छी गर्नु हुँदैन दाइ, विद्यालय त जानै पर्छ ।

रमेश : होइन, मैले विद्यालय नजाने भनेको हो र ? भोलि एकदिन घरमा बसेर थकाइ मार्ने भनेको पो हो त ! पर्सि सोमबार त विद्यालय गैहाल्छौँ नि ? भोलि एक दिन पढाइ छुटेर के हुन्छ र ?

गीता : ओ हो दाइ ! तपाईँले साह्रै नहुने कुरा गर्नुभयो । एकदिनको पढाइ छुट्यो भने धेरै पढाइ छुट्छ । त्यतिका धेरै पाठ हामीले कहिले दोहोर्‍याएर पढ्न सक्छौँ र ? फेरि गुरुगुरुआमासँग सोधेर पढ्ने पनि समय हुँदैन । त्यसैले विद्यालय जानैपर्छ दाइ ! पढाइ छोड्नु हुँदैन ।

एकाइ
६

# वादविवाद लेखन

## वादविवाद लेखनको परिचय

कुनै पनि निश्चित विषय र शीर्षकको पक्ष अथवा विपक्षबाट गरिने तर्कपूर्ण प्रस्तुतीकरणलाई वादविवाद भनिन्छ । वादविवाद एक प्रकारको कुराकानी अथवा छलफल हो । यसमा आफ्नो पक्षको समर्थन र पुष्टि (मण्डन) तथा विपक्षका तर्कसँग असहमति तिनको शिष्टतापूर्वक (खण्डन) गरिन्छ । यसरी पक्ष विपक्षमा रही कुनै विषयमा गम्भीर चिन्तन हुन पुग्छ । यसैबाट उपयोगी सार निर्णयहरू निस्कन्छन् । यो मौखिक अभिव्यक्ति भए तापनि विद्यार्थीहरूलाई लिखित अभिव्यक्तिका रूपमा अभ्यास गराइन्छ । यसको अभ्यासले तार्किक क्षमताको विकास हुन्छ ।

## वादविवाद लेख्ने तरिका

क) आफूले लेख्नुपर्ने विषयको पक्ष र विपक्षमा आउन सक्ने महत्त्वपूर्ण बुँदाहरू तयार गर्ने,

ख) बुँदाहरूलाई तार्किक र प्रभावपूर्ण बनाउने अनि तिनलाई क्रममा मिलाएर राख्ने,

ग) औपचारिक रूपमा सभाध्यक्ष, निर्णायक, मण्डल, गुरुवर्ग उपस्थित साथीहरूलाई सम्बोधन गरेर लेख्न सुरु गर्ने,

घ) समयलाई ध्यान दिएर पहिले आफ्नो पक्ष बताउने र त्यसका तर्कबाट तर्कहरू प्रस्तुत गर्ने,

ङ) जनाउ घण्टीलाई ख्याल गरी घण्टी बज्नुपूर्व आफ्नो भनाइ टुङ्ग्याउने,

च) बोल्दा पात्रहरूले प्रयोग गर्न सक्ने हाउभाउ इत्यादि कोष्ठकमा लेख्ने,

छ) निष्कर्षका रूपमा आफ्ना पक्षबाट बलियो दृष्टान्त अथवा उदाहरण सहित धन्यवाद दिएर समापन गर्ने ।

## वादविवाद लेखनका नमुनाहरू

### नमुना १

‘जागिरभन्दा व्यापार बेस’ भन्ने विषयको पक्षमा एउटा वादविवाद लेख ।

आदरणीय सभाध्यक्ष,

अतिथि महानुभावहरू,

निर्णायक मण्डल,

गुरुहरू तथा मेरा सहपाठी साथीहरू !

आजको यस वादविवाद प्रतियोगितामा म ‘जागिरभन्दा व्यापार बेस’ भन्ने विषयको पक्षमा आफ्ना भनाइहरू प्रस्तुत गर्दै छु । मेरो विचारमा जागिरभन्दा व्यापार बेस हो । जागिर खाने मान्छे स्वतन्त्र हुँदैन । उसका लागि स्वतन्त्रता भन्ने कुरा जागिरले नै अपहरण गरे झैँ हुन्छ । उसले न त परिवारलाई समय दिन सक्छ न त आफूले चाहेको समयमा कतै जान सक्छ । ऊ त मेसिनजस्तो समयको गतिसँगै चल्नुपर्ने अवस्थामा पुग्छ । यसलाई बुझ्न हामी धेरै टाढा जानै पर्दैन । हिउँद, वर्षा केही नभनी नियमित विद्यालय आएर हामीलाई पठन पाठन गराउने गुरुहरूको दिनचर्या हेरे पुग्छ । डाक्टर, इन्जिनियर, पाइलट आदिको जागिरलाई हेर्ने हो भने उनीहरूले भनेको बेला न त बिदामा बस्न पाउँछन्, न त चाड पर्व नै मनाउन पाउँछन् । कतिपय अवस्थामा त परिवारलाई समय दिन नसकेर परिवार नै लथालिङ्ग भएको कुरा हामी सुन्न र देख्न सक्छौँ । यसको सट्टा व्यापारमा लाग्ने मानिसहरू धेरै स्वतन्त्र हुन्छन् । उनीहरूले चाहेको अवस्थामा व्यापार गर्ने र फुर्सत नभएको अवस्थामा बन्द गर्न पनि सक्छन् । यसो गर्दा व्यापारीलाई कसैले पनि केही गर्ने भन्ने अवस्था आउँदैन । व्यापारीले कसैको नियन्त्रणमा बस्नु पर्दैन । ‘उत्तम व्यापार मध्यम जागिर’ भन्ने भनाइ त्यसै चलेको होइन । त्यसैले मेरो विचारमा जागिरभन्दा व्यापार नै बेस हो । (जनाउ घन्टी बज्छ)

आदरणीय सभाध्यक्ष महोदय, के व्यापारी भएनन् भने मेचीदेखि पश्चिम महाकालीसम्म कसरी दैनिक उपभोग्य वस्तु पुऱ्याउन सकिन्छ ? त्यसैले पूर्ववक्ता साथीले व्यापारभन्दा जागिर नै बेस भन्ने तर्क गरेको सुन्दा मलाई अचम्म लाग्यो । यसबारे मेरा पूर्ववक्ता अर्का मित्रले बुझ पचाएर बोलेजस्तै लाग्यो । जबर्जस्ती रूपमा तर्क प्रस्तुत गर्नुको कुनै अर्थ रहँदैन । जागिरे मानिसको जीवन सदा तनावमा बित्छ भने व्यापारी कति स्वतन्त्र हुन्छ ? त्यसैले जागिरभन्दा व्यापार नै बेस हो भन्दै आफ्ना तर्कहरू यहीँ अन्त्य गर्ने अनुमति चाहन्छु । धन्यवाद ! (ताली बज्छ)

## नमुना २

विपक्षका मतको खण्डन गर्दै 'गाउँले जीवनभन्दा सहरिया जीवन बेस' भन्ने विषयको विपक्षमा एउटा वादविवाद लेख ।

आदरणीय सभाध्यक्ष,

अतिथि महानुभावहरू,

निर्णायक मण्डल,


गुरुवर्ग तथा मेरा सहपाठी साथीहरू !

आजको यस वादविवाद प्रतियोगितामा 'गाउँले जीवनभन्दा सहरिया जीवन बेस' भन्ने विषयको पक्षमा बोल्दै छु । गाउँले जीवनभन्दा सहरिया जीवन हरेक पक्षबाट हेर्दा पनि बेस हुने कुरा यहाँ मैले बताइरहनु नपर्ला । सहरमा उपलब्ध हुने सुविधामा लोभिएर आज गाउँ गाउँबाट मानिसहरू सहरमा जम्मा भएका छन् । यहाँ बाटोघाटो, शिक्षा, स्वास्थ्यका क्षेत्रमा उपलब्ध सुविधा गाउँमा बसेर कल्पना गर्न पनि सकिँदैन । सुविधा सम्पन्न अस्पताल तथा विद्यालय, विश्व विद्यालयहरू गाउँमा नभएर सहरमा नै केन्द्रित छन् । गाउँघरमा समयमै उपचार नपाएर वर्षेनी अकालमा सयौँको सङ्ख्यामा मानिसहरूको मृत्यु हुने गरेको समाचार हामी सुन्छौँ र पढ्छौँ । मेरा पूर्ववक्ता मित्रको तर्क सुन्दा मलाई कता कता कोक्याएर आयो । मित्र, तपाईँको तर्कलाई आधार मान्ने हो भने हामीले अकालमा मृत्युवरण गर्नुपर्ने हुन्छ । गरिबी, अशिक्षा र अन्धविश्वासका कारण आज कैयौँ मानिसहरूले दुःख कष्ट मात्र होइन अकालमा जीवन गुमाउनु परिरहेको छ । गाउँमा व्याप्त अशिक्षा र गरिबीको चपेटामा अबोध बालबालिकाहरू सिकार बनिरहेका छन् । त्यसैले पनि सहरिया जीवनभन्दा गाउँले जीवन कुनै पनि हिसाबले बेस हुन सक्दैन ।

यति मात्र होइन, सहरका मानिसलाई अरूको कुरा काटेर बस्ने फुर्सत नै हुँदैन । समय तालिकाअनुसार उनीहरूको जीवन चलिरहेको हुन्छ । उनीहरू सधैँ आफ्नो कार्यमा उत्कृष्टता र आफ्नो पहिचान खोजिरहेका हुन्छन् । त्यसैले त हामी उनीहरूको प्रगति देख्न सक्छौँ । गाउँमा त्यस्ता कुराको अभाव भएकोले नै त्रिभुवन अन्तर्राष्ट्रिय विमान स्थलमा दैनिक हजारौँ सङ्ख्यामा युवाहरू मलेसिया र खाडी मुलुकका लागि उडेको दृश्य देख्न सक्छौँ । मेरा पूर्ववक्ता मित्रले सहरमा ताजा र स्वस्थकर खानेकुराको अभाव हुन्छ भनेको सुन्दा उहाँको बौद्धिक स्तर देखेर दया लागेर आउँछ । बढी पैसा आउने मोहमा गाउँमा उत्पादित ताजा र राम्रो वस्तु तुरुन्तै बजारमा पुऱ्याएर आफ्ना लागि सहरबाट खाद्यान्न ल्याउने गरेको बिर्सनुभयो ? पैसा र अवसरका लागि सफा,

शुद्ध र ताजा कुरा गाउँबाट नै बजारमा पुग्ने गरेको छ। त्यसैले मेरो विचारमा गाउँले जीवनभन्दा सहरिया जीवन नै बेस हो । (जनाउ घन्टी बज्छ )

आजको एक्काइसौँ शताब्दीमा विज्ञानले गरेका आविष्कारको उपभोग गाउँमा भन्दा सहरमा नै बढी गर्न पाइन्छ । सहरमा उपलब्ध सुविधाले मानिसको जीवन शैलीमा परिवर्तन आएको छ । समयको वचत हुनुका साथै छोटो अवधिमा धेरै उपलब्धि हासिल गर्न सकिन्छ । सभ्य र सुसंस्कृत जीवन सहरमा नै जिउन सकिन्छ । सहरमा नै वास्तविक जीवनको सुखभोग गर्न सकिन्छ । त्यसैले समुन्नत जीवन जिउन र सिर्जनशीलताको विकास गर्न सहरिया जीवन नै सर्वोत्तम हो भन्दै मेरा भनाइहरू यहीँ अन्त्य गर्दछु । धन्यवाद । (ताली बज्छ)



## अभ्यास

१. विपक्षको मतको खण्डन गर्दै 'धनभन्दा विद्या ठुलो' भन्ने पक्षमा आफ्ना तर्कहरू प्रस्तुत गर्नुहोस् ।

२. विपक्षको मतको खण्डन गर्दै 'बलभन्दा बुद्धि ठुलो' भन्ने पक्षमा आफ्ना तर्कहरू प्रस्तुत गर्नुहोस् ।

३. 'रूपभन्दा गुण राम्रो' भन्ने पक्षमा आफ्ना तर्कहरू प्रस्तुत गर्नुहोस् ।

४. विपक्षीका मतको खण्डन गर्दै 'तरवारभन्दा कलम बलियो' भन्ने पक्षमा आफ्ना तर्कहरू प्रस्तुत गर्नुहोस् ।

एकाइ ७

# चिठी लेखन

## चिठी लेखनको परिचय

आफ्ना विचारहरू अरू समक्ष पुऱ्याउनका लागि कुनै व्यक्ति अथवा संस्थाले तयार पारेको लिखित अभिव्यक्तिलाई चिठी भनिन्छ । चिठीको लेखन मनको भावना, सन्देश, सूचना, समाचार आदि पठाउनका लागि गरिन्छ । चिठी सम्बन्ध, व्यापार आदिलाई विश्वसनीय र बलियो पार्ने आधार हो भने सञ्चारको सशक्त माध्यम पनि हो । चिठी पठाउनेलाई प्रेषक र पाउनेलाई प्रापक भनिन्छ । चिठीमा स्थान, मिति, सम्बोधन, मुख्य विषय र समापन जस्ता अङ्गहरू रहेका हुन्छन् ।

## चिठीका प्रकार

चिठी मुख्य गरी तीन प्रकारका हुन्छन् :

(क) घरायसी चिठी

(ख) कार्यालयीय चिठी

(ग) व्यापारिक चिठी

### (क) घरायसी चिठी

कुनै व्यक्तिले आफन्त र साथीभाइहरूलाई सञ्चो विसञ्चोलगायतका कुरा समेटेर लेखिएको चिठीलाई घरायसी चिठी भनिन्छ । घरायसी चिठीलाई व्यक्तिगत चिठी पनि भनिन्छ । व्यवहारमा यस्ता चिठीहरू अनौपचारिक हुने गर्दछन् । अर्थात् यिनमा धेरै नियमहरूको खासै ख्याल राखिन्न । भाषा पनि बोलचालको जस्तै हुन सक्छ ।

### घरायसी चिठी लेख्ने तरिका :

१. चिठी लेख्ने कागजको दायाँतिर सबैभन्दा माथि पठाउने व्यक्तिको ठेगाना र त्यसको मुनि मिति लेख्ने,

२. मिति लेखिएको तल बायाँतिर पाउने व्यक्तिको सम्बन्धअनुसार सम्बोधन लेख्ने,

३. सम्बोधनको मुनि अभिवादन तथा शिष्टाचारको शब्द लेख्ने,

४. अभिवादनभन्दा तल सञ्चो बिसञ्चोका कुरा र पहिले पाएको चिठीको सन्दर्भ लेख्ने,

५. आवश्यकताअनुसार पूर्व पत्रको जवाफ, आफ्ना मनका भावनाहरू लेख्ने,

६. चिठीको अन्त्यमा चिठीको जवाफ लिन अनुरोध गर्दै पत्र टुङ्गिएको जानकारी दिने किसिमका वाक्यहरू लेख्ने,

७. चिठीको अन्त्यमा बायाँतिर पाउने व्यक्तिसँगको आफ्नो सम्बन्ध जनाउने शब्द लेखेर त्यसको मुनि आफ्नो नाम लेख्ने,

८. चिठीको समापन पछि खामको नमुना तयार पार्ने ।

## घरायसी चिठीको नमुना

१. लागूपदार्थको दुर्व्यसनमा फस्न लागेको आफ्नो अभिन्न मित्रलाई अमूल्य जीवनको दुरुपयोग नगर्न सल्लाह दिँदै चिठी लेख्नुहोस् ।

धरान–८, सुनसरी

२०७८/०१/३०

प्रिय मित्र सुजन

नमस्कार !

यहाँ मलाई सबै ठिकै छ । त्यहाँ पनि ठिकै होला भन्ने कामना गर्दछु । एक वर्षदेखि हाम्रो भेट हुन सकिरहेको छैन । तिमी पनि व्यस्त नै हुनुपर्छ । विशेष कुरा त केही पनि छैन तापनि तिम्रो विषयमा एउटा नयाँ सूचना पाएकाले यो चिठी लेख्दै छु ।

साथी तिमी र म अभिन्न भएर मिल्ने साथी हौँ । तिम्रो र मेरो पढाइ पनि राम्रो थियो । अहिले म सुन्दै छु तिमी त्यहाँ पुगेपछि पहिलेको जस्तो राम्रो प्रगति गर्न सकिरहेका छैनौ रे । कसैले त तिमी लागूपदार्थ दुर्व्यसनमा पनि फसेको कुरो सुनियो । यदि त्यो सत्य हो भने तिमीले पक्कै आफ्नो अमूल्य जीवनको दुरुपयोग गरिहेका छौ । म तिमीलाई साथीको नाताले सम्झाउने प्रयास गर्दै छु ।


हेर सुजन, संसारमा मानिसले हरेक उतारचढावलाई बेहोर्नुपर्छ । तिमीलाई पक्कै कुनै

पीर परेको हुन सक्छ । पिरलाई हटाउने निहुँमा दुर्व्यसनमा फस्नु राम्रो होइन । कोही खराब साथीहरूको सङ्गतमा परेर पनि यस्तो कार्य गर्दै आएको पाइन्छ । कहीँ तिमी पनि साथीहरूको लहै लहैमा लागेर लागूपदार्थको दुर्व्यसनमा त फस्दै छैनौ ? त्यसमा तिमी सचेत हुनुपर्छ । कतै तिमीलाई लागूपदार्थको दुर्व्यसनमा लगाएर जीवन बर्बाद गराइरहेका त छैनन् सोच त । घर, परिवार, नातागोता, आफन्त, साथीभाइहरू जस्तोसुकै परिस्थितिमा पनि जीवन सङ्घर्ष गरिरहेकै छन् । हो तिमीले पनि जीवनमा सङ्घर्ष गर्न जान्नुपर्छ । यसबाट जीवन सुखी बन्न सक्छ । त्यसैले दुर्व्यसनमा नलागी आफ्नो अमूल्य जीवनको दुरूपयोग हुनबाट जोगिने उपाय गर । म तिम्रो अत्यन्त हितैषी मित्र हुँ । नराम्रो नमान है ! आजलाई यतिमै कलम बन्द गर्छु ।

उही तिम्रो साथी

लखन चौधरी

**खामको नमुना**



### (ख) कार्यालयीय चिठी

व्यक्तिले कार्यालयलाई र कार्यालयले कार्यालय अथवा व्यक्तिलाई लेख्ने चिठीलाई कार्यालयीय चिठी भनिन्छ । त्यस्तै, निवेदन र जागिरका लागि लेखिएका चिठी पनि कार्यालयीय चिठीअन्तर्गत नै पर्दछन् ।

कार्यालयीय चिठी लेख्ने तरिका :

१. चिठीको सबैभन्दा माथि दायाँतर्फ मिति लेख्ने,
२. माथि बायाँतर्फ सम्मान सूचक शब्द प्रयोग गरी सम्बोधन गर्ने,
३. त्यसको तल कार्यालयको पूरा नाम र ठेगाना लेख्ने,
४. त्यसको तल विषय लेख्ने,
५. अनि एक हरफ छाडेर महोदय अथवा महाशय लेख्ने
६. त्यसको तल्लो हरफबाट विषयवस्तुअनुरूप चिठी लेख्न सुरु गर्ने,
७. अन्त्यमा दायाँतर्फ भवदीय अथवा निवेदक लेखेर आफ्नो हस्ताक्षर गर्ने ।

### कार्यालयीय चिठीको नमुना

मिति : २०७८/०१/२०

श्रीमान् प्रधानाध्यापक ज्यू,
पञ्चकन्या माध्यमिक विद्यालय,
विरेन्द्रनगर, सुर्खेत ।

विषय : छात्रवृत्ति पाऊँ ।

महोदय,

म यस विद्यालयको कक्षा ६ मा पढ्ने जेहेनदार छात्र हुँ । मेरो बुबा एक निजी उद्योगमा काम गर्नुहुन्छ । उहाँको थोरै तलबाट हाम्रो घरका ५ जना परिवारको खर्च चलाउनु परेको छ । उहाँले रातदिन हाम्रो लागि काम गर्नुहुन्छ तर शुल्क तिर्न नसक्ने भएर उहाँ मलाई यस विद्यालयमा पढाउन नसक्ने हुनुभएको छ ।

मेरो पढाइप्रति गहिरो रुचि छ । विद्यालयका हरेक अतिरिक्त क्रियाकलापमा पनि मेरो त्यत्तिकै रुचि छ । जिल्लाका विभिन्न प्रतियोगितामा भाग लिएर म प्रथम पनि भएको

छ । पढेर एउटा सुयोग्य नागरिक बनेर देशको सेवा गर्ने लक्ष्य मैले लिएको छु ।

अतः मेरो घरको दयनीय अवस्थालाई विचार गरिदिनुहुन म हार्दिक अनुरोध गर्दछु । मेरो योग्यता र अवस्था विचार गरी मलाई छात्रवृत्ति प्रदान गरी मेरो पढाइमा सहयोग गरिदिनुहुन विनम्र अनुरोध गर्दछु ।

आज्ञाकारी छात्र
दिपक बस्नेत
कक्षा – ६
क्रमाङ्क –१

## (ग) व्यापारिक चिठी

व्यापार व्यवसायको सिलसिलामा कुनै एक ठाउँको व्यापारीले अर्को ठाउँको व्यापारीलाई लेख्ने चिठीलाई व्यापारिक चिठी भनिन्छ । कुनै वस्तुको माग गर्दा व्यापारिक चिठी लेखिन्छ ।

व्यापारिक चिठी लेख्ने तरिका

१. चिठीको सबैभन्दा माथि दायाँतर्फ पठाउनेको ठेगाना र मिति लेख्ने,
२. बायाँ किनाराको सिरानमा पत्रसङ्ख्या र चलानी नम्बर उल्लेख गर्ने,
३. पत्रसङ्ख्या मुनि बायाँतर्फ संस्थाप्रमुखलाई सम्बोधन गरी संस्थाको ठेगाना लेख्ने,
४. सम्बोधन मुनि बिचमा विषय लेख्ने,
५. विषय मुनि बायाँतिर 'महोदय' शब्दले सम्बोधन गर्ने,
६. महोदय मुनिबाट विषयसँग सम्बद्ध आवश्यक कुरा लेख्ने,
७. चिठीको अन्त्यमा धन्यवाद साथ हस्ताक्षर गर्ने ।

### व्यापारिक चिठीको नमुना

पवन पुस्तक भण्डारले जनक शिक्षा सामग्री केन्द्र सानो ठिमीसँग कक्षा ६ का अनिवार्य विषयका १०० थान पुस्तकहरू पढाइदिन अनुरोध गर्दै चिठी लेख्नुहोस् ।

# पवन पुस्तक भण्डार

धनगडी, कैलाली

मिति : २०७८/०१/११

श्रीमान् महाप्रबन्धक ज्यू,
जनक शिक्षा सामग्री केन्द्र,
सानोठिमी, भक्तपुर ।

विषय : पुस्तकहरू उपलब्ध गराइदिने बारे ।

महोदय,

वर्तमान पाठ्यक्रमअनुसार नेपाल सरकार, शिक्षा मन्त्रालय, जनक शिक्षा केन्द्रद्वारा प्रकाशित कक्षा ६ का अनिवार्य विषयका निम्नलिखित पुस्तकहरू यथाशीघ्र उपलब्ध गराइदिनुहुन अनुरोध छ :

| | | |
|---|---|---|
| १. | नेपाली | १०० प्रति |
| २. | अङ्ग्रेजी | १०० प्रति |
| ३. | गणित | १०० प्रति |
| ४. | विज्ञान | १०० प्रति |
| ५. | सामाजिक | १०० प्रति |
| ६. | स्वास्थ्य, जनसङ्ख्या र वातावरण | १०० प्रति |
| ७. | पेसा तथा व्यवसाय | ५० प्रति |
| ८. | कम्प्युटर शिक्षा | ५० प्रति |

उल्लिखित पुस्तकहरूको भुक्तानीका लागि त्यस कार्यालयको नाममा पेश्की स्वरूप रु. २०,०००/- (बीस हजार मात्र) को भुक्तानी बैङ्क ड्राफ्ट यसै पत्रसाथ संलग्न गरी पठाइएको छ । बाँकी रकम पुस्तकहरूका साथ बिल प्राप्त हुनासाथ भुक्तानी गरिने व्यहोरा अनुरोध छ ।
धन्यवाद !

भवदीय
गोपाल खनाल

## अभ्यास

१. आफूले जाडो बिदाको छुट्टीमा गरेको कुनै रमणीय ठाउँको वर्णन गरी आफ्नो साथीलाई चिठी लेख्नुहोस् ।

२. आफ्नो विद्यालयले आयोजना गरेको कुनै कार्यक्रमको वर्णन गरी आफ्नो साथीलाई एउटा चिठी लेख्नुहोस् ।

३. आफ्नो गाउँ विकास समिति अथवा टोलमा स्वच्छ खानेपानीको व्यवस्था मिलाइदिन अनुरोध गरी आफ्नो गाउँ पालिका अथवा नगरपालिकाका प्रमुखलाई निवेदन लेख्नुहोस् ।

४. तलको खाली ठाउँ भनेर चिठी पूरा गर्नुहोस् :

साँगुटार, रामेछाप

मिति : ______

श्री प्रिय मामा,


धेरै धेरै ______

यहाँ तपाईंको ______ हामी सबै परिवार ______ । त्यहाँ तपाईंका ______ कामना ______ । यसपाला म मामाघर ______ । त्यसैले अब जेठको परीक्षा ______ सकेर नतिजा ______ भएपछि म ______ आउने छु । त्यहाँको विद्यालयमा पनि ______ परीक्षा ______ होला । त्यसवेला भाइ बहिनी र म ______ खेल्न रमाइलो ______ त्यसैले अब ______ पछि म ______ आउने नै छु । त्यतिञ्जेल सम्मका लागि ______ कलम ______ ।

तपाईंको प्रिय

______

काठमाडौं, बानेश्वर



एकाइ ८

# निबन्ध लेखन

## निबन्धको परिचय

निबन्ध 'बन्ध' धातुमा 'नि' उपसर्ग लागेर बनेको शब्द हो । यसको शाब्दिक अर्थ राम्ररी बाँधिएको रचना भन्ने हुन्छ । निबन्ध कुनै पनि शीर्षकमा लेखिएको हुन्छ । निबन्ध कुनै पनि विषयका बारेमा आफ्ना विचारहरूलाई क्रमबद्ध रूपमा सिलसिला मिलाई सुसंगठित शैलीमा लेखिएको उद्देश्यमूलक रचना हो । निबन्ध आत्मपरक र वस्तुपरक गरी दुई प्रकारले लेखिन्छ । आत्मपरक निबन्धमा निबन्धकारको विचार पक्ष, भाव पक्ष तथा उसको व्यक्तिगत जीवनका भोगाइ एवम् जीवन दर्शन आदि अभिव्यक्ति हुन्छन् भने वस्तुपरक निबन्धमा लेखकले आफू तटस्थ रहेर विषयवस्तुको चिनारी गराउने गर्दछ ।

## निबन्ध लेख्ने तरिका

१. सर्वप्रथम निबन्धको विषय अर्थात् शीर्षक चयन गर्ने,
२. निबन्धको विषय अर्थात् शीर्षकसँग सम्बन्धित सामग्रीहरू पुस्तक पत्रपत्रिका आदि सङ्कलन गर्ने,
३. सङ्कलित सामग्रीहरूको अध्ययन गरी आवश्यक बुँदाहरूको टिपोट गर्ने,
४. बुँदा टिपोट गरिसकेपछि आदि, मध्य र अन्त्य गरी खेस्रा लेखन गर्ने,
५. प्रत्येक बुँदाहरूलाई विस्तार गरेर अनुच्छेद गठन गर्ने,
६. अनुच्छेद गठनपछि त्यसलाई परिष्कार एवम् परिमार्जन गरी अन्तिम रूप दिने ।

## निबन्ध लेखनको नमुना

नमुना –१

### टेलिभिजन

विज्ञानले गरेका विभिन्न आविष्कारमध्ये टेलिभिजनलाई एउटा महत्त्वपूर्ण श्रव्य दृश्य सामग्रीका रूपमा लिन सकिन्छ । टेलिभिजन सञ्चार क्षेत्रका लागि वरदान साबित भएको

छ । यो विश्वका कुनै पनि क्षेत्रमा घटेका घटनाहरूलाई तत्कालै सूचना र सन्देश दिने उपयोगी माध्यम बनेको छ । टेलिभिजन यस्तो सञ्चारको माध्यम हो जसको माध्यमबाट विगतमा भए गरेका तथा वर्तमानमा हुँदै गरेका घटनाहरू सहज रूपमा हेर्न र सुन्न सकिन्छ । यो दूर सञ्चारसँग सम्बन्धित प्रविधि हो । यसबाट धेरै टाढाबाट प्राप्त सूचनाहरू आदान–प्रदान गर्ने काम हुन्छ ।

टेलिभिजनमा रिसिभर, ट्रान्समिटर, स्क्रिन आदि विभिन्न भागहरू हुन्छन् । यिनीहरूकै माध्यमबाट विभिन्न कार्यक्रमहरू आम दर्शकसमक्ष प्रसारण गर्ने गरेको पाइन्छ । टेलिभिजनबाट प्रसारण हुने विभिन्न कार्यक्रमहरू हरेक उमेर समूहका मानिसहरूका लागि उत्तिकै उपयोगी मानिन्छ । केटाकेटी, बुढाबुढी सबैका लागि उपयोगी कार्यक्रमहरू प्रसारण हुने भएकाले पनि यसलाई उपयोगी सञ्चारको माध्यम मानिन्छ ।

आजभोलि बजारमा विभिन्न आकार तथा मूल्यका टेलिभिजनहरू पाइन्छन् । हेर्दै आकर्षक र छरितो खालका टेलिभिजनप्रति मानिसको ध्यान आकर्षित हुँदै गएको पाइन्छ । यस्ता विभिन्न आकारका टेलिभिजनबाट स्वास्थ्य, शिक्षा, खेलकुद, मनोरञ्जन आदि विभिन्न उपयोगी सामग्रीहरू प्रसारण हुने गरेको पाइन्छ । यसरी टेलिभिजन मनोरञ्जन मात्र नभएर शिक्षाको एक महत्त्वपूर्ण साधन बन्न पुगेको छ । त्यसकारण टेलिभिजन युवा, वृद्ध, बालबालिका, गृहिणी, किसान, मजदुर, शिक्षक, विद्यार्थी, वकिल, पत्रकार, डाक्टर, इन्जिनियर सबैका लागि अति उपयोगी साधन बन्न पुगेको छ ।

टेलिभिजन शिक्षा तथा सञ्चारको सशक्त र लोकप्रिय साधन हुँदा हुँदै पनि यसका नराम्रा पक्ष पनि नभएका होइनन् । टेलिभिजनबाट प्रसारण हुने शिक्षाप्रद कार्यक्रमले कतिपय मानिसको जीवनमा आमूल परिवर्तन ल्याइदिएको पाइन्छ । त्यसैगरी टेलिभिजनबाट प्रसारण हुने जस्तोसुकै कार्यक्रम हेर्नाले समाजमा विकृति र विसङ्गतिले फस्टाउने मौकासमेत पाएको छ । बालबालिकामा कतिपय अस्वाभाविक बानीहरूको विकास भएको पनि पाउन सकिन्छ । त्यसैले टेलिभिजनबाट प्रसारण हुने यस्ता कार्यक्रमहरू के, कसका लागि र किन भन्ने प्रश्नको उत्तर आउने खालको मात्र हुनुपर्छ । हत्या, हिंसा, बलात्कार, चोरी, डकैती, ठगी, लुटपाट र समाजमा नकारात्मक असर पार्ने खालका कार्यक्रमहरू देखाउनु हुँदैन । नकारात्मक कुरा पस्केर कहिल्यै सकारात्मक सन्देश दिन सकिँदैन भन्ने कुरालाई विशेष ख्याल गर्नुपर्छ । सामाजिक मूल्य र मान्यता विपरीतका कार्यक्रमहरू यस्ता सञ्चारका साधनबाट कहिल्यै पनि प्रसारण गर्नु हुँदैन ।

आजभोलि टेलिभिजन सबैका लागि अति आवश्यक वस्तु बन्न गएको छ । यसको अभावमा मानव जीवन नै अधुरो झैँ लाग्न थालेको छ । संसारका वैज्ञानिक उपकरणमध्ये टेलिभिजन भरपर्दो र विश्वसनीय माध्यम बन्न पुगेको छ । यसले शिक्षा, स्वास्थ्य, मनोरञ्जन, समाचार जस्ता कुरालाई प्रसारण गर्ने भएकोले आज मानवका लागि अपरिहार्य आवश्यक वस्तु बन्न पुगेको पाइन्छ ।

## ल्होसार

नेपाल एक बहुजातीय बहुसांकृतिक, बहुधार्मिक र बहुभाषिक मुलुक हो । यस देशमा जाति धर्मअनुसार विभिन्न चाडपर्वहरू मनाउने मानिसहरूको बसोबास रहेको छ । नेपालभित्र हिन्दू, बौद्ध, इसाइ र अन्य धर्म र सम्प्रदायका मानिसहरू बसोबास गर्दछन् । नेपालको पहाडी तथा हिमाली क्षेत्रमा बसोबास गर्ने शेर्पा, तामाङ, गुरुङ, थकाली, लामा आदि जातिले मनाउने विभिन्न चाडहरूमध्ये ल्होसार पनि एक हो । नेपालको हिमाली क्षेत्रका शेर्पा, तामाङ मात्र होइन, मध्यपहाडी क्षेत्रमा बसोबास गर्ने गुरुङ जातिको ज्यादै महान् र उत्कृष्ट पर्वका रूपमा पनि ल्होसार पर्व रहेको छ । ल्होसार फागुन प्रतिपदामा तिब्बती पात्रोअनुसार नयाँ वर्षका रूपमा धुमधामसँग मनाउने गरिन्छ । यस पर्वलाई लोकतान्त्रिक नेपालमा राष्ट्रिय पर्वका रूपमा स्वीकार गरिएको छ ।

ल्होसारलाई तिब्बती भाषामा साल अथवा वर्ष परिवर्तन भनिन्छ । ल्हो भनेको ‘साल’ र ‘सार’ भनेको नयाँ अथवा परिवर्तन हो । यो पर्व हाम्रो पात्रोअनुसार फागुन महिनामा परे पनि तिब्बती पात्रोअनुसार तिब्बती वर्षको अन्तिम महिनामा पर्दछ । नयाँ वर्षको रूपमा मनाउने यस चाडमा एक साल समाप्त हुने र अर्को सालको सुरुवात हुने हुनाले नयाँ वर्षको रूपमा मनाउने गरिन्छ । आफ्नो संस्कार र चालचलनअनुसार मनाइने यस्ता चाडले आफ्नो जातीय पहिचान गराउनुका साथै रीतिरिवाजलाई समेत निरन्तरता दिलाउँछ । अरू वैशाख एक गतेलाई नयाँ वर्षका रूपमा मनाउँछन् भने शेर्पा, तामाङ र गुरुङहरूले ल्होसारलाई नयाँ वर्षको रूपमा मनाउने प्रचलन रहेको पाइन्छ । सामान्यतया नयाँ वर्षलाई स्वागत गर्ने तीन प्रकारका विधिहरू शेर्पा समाजमा चलेका छन्, ती हुन् : तमु ल्होसार, सोनाम ल्होसार र ग्याल्बो ल्होसार । तमु ल्होसार मुख्य ल्होसारको तयारीको रूपमा मंसिरको अन्त्य र पुसको सुरुतिर मनाइन्छ । यो नेपालका गुरुङ समुदायको महत्त्वपूर्ण पर्व हो । यस पर्वलाई नेपालका गुरुङ समुदायले विभिन्न पूजाआजा र नाचगान गरी मनाउने गर्दछन् । यसलाई केही

शेर्पा जातिले पनि मनाउने गर्दछन् । सोनाम ल्होसार किसानहरूले मनाउने नयाँ पर्व हो । किसानहरूले फुर्सदमा मनाउने यो चाड तिब्बत नेपाल सिमानामा माघ महिनाको सुरुतिर मनाइन्छ । तेस्रो विधिअन्तर्गत ग्याल्बो ल्होसार पर्न आउँछ । यो पर्व समाजका माथिल्ला वर्ग र कुलीन शेर्पा समुदायमा मनाइने ल्होसार हो । यही ल्होसारलाई नै खास ल्होसार भनिन्छ । नयाँ ल्होसार फागुन शुक्लपक्षको प्रतिपदाबाट मनाउन सुरु गरिन्छ ।

ल्होसार पर्व मनोरञ्जनपूर्ण तरिकाले विभिन्न कार्य गरी मनाइन्छ । यस पर्वका अवसरमा आफन्त तथा मान्यजनसँग भेटघाट गर्ने र भोजभतेरको आयोजना गर्ने चलन छ । यस अवसरमा नयाँ राम्रो लुगा र गरगहना लगाई चिटिक्क पर्ने अनि धार्मिक पूजाआजा गर्ने परम्परा रही आएको छ । ल्होसारको एक दुई दिन अघिनै घरघरमा जाँड बनाउने पनि गरिन्छ । यसको अघिल्लो दिन बिहानै घर लिपपोत गर्ने र घर वरपर सफासुग्घर गरिन्छ । यस दिनमा आफ्ना इष्टमित्रलाई घरमा बोलाएर विभिन्न मिठा मिठा परिकारहरू बनाएर खुवाउने र आफू पनि अरूका घरमा गएर विभिन्न परिकारहरू खाने प्रचलन छ । यस पर्वमा गुम्बा तथा घरहरूमा बौद्धग्रन्थको पाठ र देवीदेवताको पूजाआजा गरिन्छ । भूतप्रेत तथा नराम्रा ग्रहदशा हटाउने उद्देश्य राख्नु पनि यस पर्वको अर्को विशेषता हो । ल्होसार तीन दिनसम्म मनाइन्छ । यस क्रममा पहिलो दिन घरआँगन सफासुग्घर गरी धारामा गएर चोखो पानी ल्याइन्छ र जलदेवको विधिपूर्वक पूजा गरिन्छ । त्यसपछि देवीदेवताको पूजा गरेर मिठा मिठा भोजन तयार गरी खाइन्छ । नयाँ वर्षको पहिलो दिन मिठो खाएमा वर्ष भरिनै मिठो खान पाइने र स्वस्थ्य रहन सकिन्छ भन्ने विश्वास पनि लिइन्छ । ल्होसारको दोस्रो दिन शुभकामना साटासाट गर्दै मिष्ठान्न भोजन खाइन्छ । यस अवसरमा गुम्बा गाउँघर र वस्तीहरू ध्वजापताकाले चिटिक्क पारी बत्तीहरू बालेर सजाइन्छ । घर, चोक र सार्वजनिक स्थलहरूमा सामूहिक नृत्य र गायन हुनु यस पर्वको अर्को मनोरञ्जनात्मक र रोचक पक्ष हो । यस्ता धार्मिक र सांस्कृतिक महत्त्व बोकेको जातीय पर्वहरूको प्रसारण एवम् संरक्षण गर्नु हामी सबैको कर्तव्य हो ।

ल्होसार पर्व धार्मिक र सांस्कृतिक हिसाबले मात्र नभएर सामाजिक हिसाबले पनि महत्त्वपूर्ण मानिएको छ । यस चाडले गर्दा घरपरिवार, छरछिमेक र इष्टमित्रसँगको सहसम्बन्ध प्रगाढ बन्दै जान्छ । मेलमिलाप र मित्रताको हिसाबले अति नै महत्त्वपूर्ण मानिने यो चाड शान्ति र सद्भावका दृष्टिकोणले पनि निकै महत्त्वपूर्ण देखिन्छ ।

❀ ❀ ❀